# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क १९ | २०७७, माघ १-१५ | पूर्णाङ्क ६८५



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| का.मु.मुख्य रजिष्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर कम्पोजिटर श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | २१ |
| इजलास नं. २ | १२ |
| इजलास नं. ३ | ७ |
| इजलास नं. ४ | १० |
| इजलास नं. ५ | १ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ८ |
| जम्मा | ६६ |

| | |
|---|---|
| इजलास नं.९ | १ |
| इजलास नं. १० | १ |
| इजलास नं. ११ | ४ |
| इजलास नं. १२ | २ |
| जम्मा | ८ |

**कूल जम्मा ६६ + ८ = ७२**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, माघ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रक: सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – १७** |
| १. | भ्रष्टाचार | नेपाल सरकार वि. भजनसिंह मल्लसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | चेतन अग्रवाल वि. सार्वजनिक खरिद पुनरावलोकन समिति, रेडक्रस मार्ग, ताहाचलसमेत | २ |
| ३. | उत्प्रेषण | विन्देश्वरीप्रसाद यादव वि. निजामती किताबखाना हरिहर भवनसमेत | ३ |
| ४. | उत्प्रेषण / परमादेश | गोपालबहादुर खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३ |
| ५. | आयकर (२०६६/६७) | ठुला करदाता कार्यालय, हरिहरभवन वि. जगदीशप्रसाद अग्रवाल | ४ |
| ६. | कर्तव्य ज्यान र डाँका | सागर तामाङसमेत वि. नेपाल सरकार | ६ |
| ७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सरिता न्यौपाने (पण्डित) समेत | ८ |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किस्ने बोगटी | ८ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रुम्बा आले | ९ |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्धिराज तामाङ | १० |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्यामकृष्ण श्रेष्ठ | ११ |
| १२. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | ईन्द्रबहादुर पुन वि. नेपाल सरकार | १२ |
| १३. | जबरजस्ती करणी | शम्भु वि.क. भन्ने कृष्णबहादुर कामी वि. नेपाल सरकार | १३ |
| १४. | कर्तव्य ज्यान र रहजनी चोरी | गोविन्द वि.क.समेत वि. नेपाल सरकार | १४ |
| **इजलास नं. २** | | | **१७ – २७** |
| १५. | उत्प्रेषण / परमादेश | शेषकान्त शर्मासमेत वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | १७ |
| १६. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. गणेशबहादुर वली | १८ |
| १७. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार र गंगा सुनार | १९ |
| १८. | कर्तव्य ज्यान | प्रितम मानन्धर वि. नेपाल सरकार | २० |

| | | | |
|---|---|---|---|
| १९. | कर्तव्य ज्यान | शिवशंकर यादव वि. नेपाल सरकार | २१ |
| २०. | बैंकिङ कसुर | गौरी तिमल्सिना वि. नेपाल सरकार | २२ |
| २१. | बैंकिङ कसुर | राजेन्द्र महर्जन नेपाल सरकार | २३ |
| २२. | उत्प्रेषण | जंगबहादुर साह कानु वि. जिल्ला प्रहरी कार्यालय, धनुषासमेत | २५ |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिव परियार | २६ |
| २४. | जग्गा खिचोला चलन | कृष्णदेवी मानन्धर वि. गणेशबहादुर कार्की | २७ |
| **इजलास नं. ३** | | | २७ – ४० |
| २५. | अपहरण तथा शरीर बन्धक, कर्तव्य ज्यान | नेपाल सरकार वि. जगरनाथ यादवसमेत | २७ |
| २६. | चोरी | पूजा राई वि. नेपाल सरकार | ३१ |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शालिकराम अधिकारी भन्ने नित्यबहादुर अधिकारी | ३४ |
| २८. | घर जग्गा खिचोला | कुशी साह भन्ने काशी साह तेलीसमेत वि. परतियादेवी | ३५ |
| २९. | परमादेश | गोविन्द सुवेदी वि. शिक्षा मन्त्रालयसमेत | ३६ |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ओजिर मन्सुरी | ३७ |
| ३१. | जबरजस्ती करणी | रामकृष्ण गौतम वि. नेपाल सरकार | ३९ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ४** | | | ४० – ४९ |
| ३२. | उत्प्रेषण / परमादेश | भरतबाबु पोखरेल वि. सहरी विकास मन्त्रालय, जिल्ला परियोजना कार्यान्वयन इकाई, सिन्धुलीसमेत | ४० |
| ३३. | उत्प्रेषण / परमादेश | उदयमोहन श्रेष्ठसमेत वि. पुनरावेदन अदालत पाटनसमेत | ४१ |
| ३४. | उत्प्रेषण / परमादेश | अनिता खनालसमेत वि. नेपालगन्ज उपमहानगरपालिका (बोर्ड), नेपालगन्जसमेत | ४२ |
| ३५. | उत्प्रेषण | विनोद सापकोटासमेत वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत | ४३ |
| ३६. | कर्तव्य ज्यान | राम मगर वि. नेपाल सरकार | ४४ |
| ३७. | कर्तव्य ज्यान | कुमार लामा वि. नेपाल सरकार | ४४ |
| ३८. | उत्प्रेषण / परमादेश | संजय यादवसमेत वि. चितवन मेडिकल कलेज, भरतपुरसमेत | ४५ |
| ३९. | परमादेश | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत वि. ध्रुवतारा बास्तोलासमेत | ४६ |
| ४०. | कर्तव्य ज्यान | राजाराम मुखिया वि. नेपाल सरकार | ४७ |

| | | | |
|---|---|---|---|
| ४१. | हक कायम रै.प.दर्ता नामसारी | विष्णुधर शर्मा राजोपाध्याय वि. रमादेवी राजोपाध्यायसमेत | ४८ |
| **इजलास नं. ५** | | | ४९ – ५० |
| ४२. | कर्तव्य ज्यान | खड्ग भन्ने चक्रबहादुर गुरूङ वि. नेपाल सरकार | ४९ |
| **इजलास नं. ६** | | | ५० – ५१ |
| ४३. | थुनुवा भागेको | प्रेमबहादुर अधिकारी वि. नेपाल सरकार | ५० |
| **इजलास नं. ७** | | | ५१ – ६० |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्ध लोप्चन | ५१ |
| ४५. | उत्प्रेषण / परमादेश | मोना गौचन शेरचन वि. रूकमणी श्रेष्ठसमेत | ५३ |
| ४६. | गैरकानूनी काम कारबाही बदर गरी सेयर सदस्यता यथावत् कायम राखिपाऊँ | द पायनियर सेकेन्डरी इङ्गलिस बोर्डिङ स्कुल व्यवस्थापन समिति सुनवल गा.वि.स. वा.नं. १ नवलपरासीसमेत वि. लक्ष्मी पोखरेलसमेत | ५४ |
| ४७. | धर्मपुत्रको लिखत बदर | सत्येन्द्र प्रसाद चौहान वि. रामप्रसाद महतो चाइ | ५७ |
| ४८. | बैंकिङ कसुर | तिर्थमान तामाङ वि. नेपाल सरकार | ५८ |
| ४९. | कर्तव्य ज्यान र जबरजस्ती करणी | नेपाल सरकार वि. ईश्वरबहादुर कामी | ६० |
| **इजलास नं. ८** | | | ६० – ६७ |
| ५०. | आयकर (आ.व. २०६२/०६३) | ठुला कारदाता कार्यालय, हरिहरभवन, ललितपुर वि. हाइल्यान्ड डिष्ट्रीलरी प्रा.लि. त्रिपुरेश्वर प्लाजा | ६० |
| ५१. | आयकर (आ.व. २०६३/०६४) | ठुला कारदाता कार्यालय, हरिहरभवन वि. हाइल्यान्ड डिष्ट्रीलरी प्रा. लि. त्रिपुरेश्वर प्लाजा | ६१ |
| ५२. | उत्प्रेषण / परमादेश | पंकज चौधरीसमेत वि. सिंहदरबार वैद्यखाना विकास समिति, काठमाडौंसमेत | ६२ |
| ५३. | बन्दी प्रत्यक्षीकरण | नवराज विनाडी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत | ६३ |
| ५४. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | लोकेन्द्र भगत वि. नेपाल सरकार | ६४ |

| | | | |
|---|---|---|---|
| ५५. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | पुष्करराज उपाध्याय वि. नेपाल सरकार | ६४ |
| ५६. | जबरजस्ती करणी र जबरजस्ती चोरी | नेत्रबहादुर सुनार लोहनी वि. नेपाल सरकार | ६५ |
| ५७. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | मोहनलाल ढकाल वि. नेपाल सरकार | ६६ |
| **इजलास नं. ९** | | | ६७ – ६९ |
| ५८. | उत्प्रेषण / परमादेश | विद्याप्रसाद भट्ट वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालसमेत | ६७ |
| **इजलास नं. १०** | | | ६९ |
| ५९. | बन्दी प्रत्यक्षीकरण | सन्तबहादुर ओझा वि. उच्च अदालत पाटनसमेत | ६९ |
| **इजलास नं.११** | | | ७० - ७४ |
| ६०. | हक निखनाई पाऊँ | कुमारी राई वि. माया गुरूङसमेत | ७० |
| ६१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मोहनसिंह भन्ने रामबहादुर तामाङ | ७० |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्रीकला श्रेष्ठ | ७२ |
| ६३. | बन्दी प्रत्यक्षीकरण | ललितजंग बम वि. गृह मन्त्रालयसमेत | ७४ |
| **इजलास नं.१२** | | | ७४ - ७६ |
| ६४. | बन्दी प्रत्यक्षीकरण | संजय पोखरेल वि. उच्च अदालत पाटनसमेत | ७४ |
| ६५. | अवैध हुण्डी कारोबार | नेपाल सरकार वि. विजयकुमार गुप्ता | ७५ |

## संयुक्त इजलास

**१**

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** *०७२-CR-१६६२, सडक निर्माणमा आएको खाद्यान्न (दाल, चामल) र नगद अनियमितता गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. भजनसिंह मल्लसमेत*

डिजाइन स्पेसिफिकेसनबमोजिम नै काम भएको छ भन्ने बेहोराको DPSU डोटीको मिति २०६८।३।१५ को कार्य सम्पन्न प्रतिवेदन फारामको बेहोराबाट देखिन्छ भने ५०२९.९६ घ.मि. घटी कार्य भएको भन्ने बेहोरा अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय दिपायलका इन्जिनियर सुरेन्द्रकुमार शाहबाट प्रस्तुत भएको प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । त्यसैगरी स्थलगत निरीक्षण गरी नापजाँच गरी हेर्दा ४५०८.१४ घ.मि. काम कम भएको भन्ने बेहोराको सुदूर पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं.२ कुलपाते डोटीका इन्जिनियर महानन्द जोशीबाट प्रतिवेदन पेस भएको देखिने ।

लगत इष्टिमेट सम्बन्धमा बाटो निर्माण भएको छ, छैन ? भन्ने सम्बन्धमा फरकफरक बेहोराको प्रतिवेदन प्रस्तुत भएको तथा २०६८ सालमै कार्य सम्पन्न भएको बाटोको २०७१ सालमा पुनः नापजाँच गरी प्रतिवेदन लिइएको देखिँदा कार्य सम्पन्न भएको ३/४ वर्षपछि प्रतिवेदन लिइएको देखियो । निर्माण भएको बाटो ग्रामीण कृषि सडक भएको र कार्य सम्पन्न भएको ३/४ वर्षपछि बिग्रिने भत्किने भई नाप परिमाणमा केही फरक पर्ने अवस्थालाई अस्वाभाविक मान्न नमिल्ने हुँदा घटी बाटो निर्माण भएको भन्ने पुनरावेदन जिकिरलाई तथ्यपरक र न्यायोचित मान्न मिल्ने नदेखिने ।

कम बाटो खनेको भन्ने तथ्य विवादित भई आरोप खम्बिर हुन नै नसकेको तथा उक्त बाटो नाप जाँच गरी प्रतिवेदन गर्ने कार्यमा संलग्न प्राविधिक कर्मचारीहरू अंगद गापा, रविन्द्रबहादुर सिंह र रामचन्द्र भण्डारीले बाटो नाप जाँच गर्दा रकम लेनदेन गरी बदनियतसाथ कार्य गरेको भन्ने तथ्यगत आधार तथा वस्तुगत प्रमाणसमेत कहीँकतैबाट प्रस्तुत हुन आएको नहुँदा प्रत्यर्थीहरू अंगद थापा, रविन्द्रबहादुर सिंह र रामचन्द्र भण्डारीउपरको पुनरावेदन जिकिर पुग्न सक्ने देखिन नआउने । त्यसैगरी प्रत्यर्थीहरूमध्ये नेत्रबहादुर जेठारा र चन्द्रकला घर्ती मगर उपभोक्ता समितिको सचिव र कोषाध्यक्ष रहे भएको तथ्य देखिए पनि मिसिल संलग्न कागजातबाट निजहरूले विवादित खाद्यान्न (चामल, दाल) बुझिलिएको र हिनामिना गरेको भन्ने तथ्य देखिन आउँदैन भने सो खाद्यान्न बुझिलिएको र हिनामिना गरेको भनी निजहरूउपर कहीँ तर्के उजुरी परेको तथा अन्य सहअभियुक्तहरूले पोल गरेकोसमेत देखिन नआउँदा नेत्रबहादुर जेठारा र चन्द्रकला घर्तीउपरको पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

प्रत्यर्थी तेजबहादुर खड्का जिल्ला प्रशासन कार्यालयको खरिदार पदमा कार्यरत व्यक्ति देखिएको, निजले कार्यालय प्रमुखले लगाए अराएअनुसार विवादित बाटो निर्माणको कार्यको अनुगमन गरी प्रतिवेदन बुझाएको, निजले लिएको भन्ने रू.१,१०,०००।– मध्ये रू.१०,०००।– ज्यालाबापत वितरण गरेको भनी लक्ष्मण रोकायाको भरपाई पेस गरेको बाँकी नगद रू.१,००,०००।– प्रमुख जिल्ला अधिकारीको तोक आदेशानुसार प्रस्तुत मुद्दा दायर हुनुअगावै राष्ट्रिय वाणिज्य बैंकको च.हि.नं. ७७३क मा जम्मा गरेको बैंक भौचरसमेतबाट देखिन आएको, प्रमुख जिल्ला अधिकारीले तोक आदेशले नै रकम बैंकमा दाखिला भएको देखिएबाट सो रकम तेजबहादुर खड्काले मासेको भन्न मिलेन । सो रकम दिने भनिएका शिव

सार्कीले उक्त रकम घुसबापत दिएको भन्न नसकेकोले प्रत्यर्थी तेजबहादुर खड्काउपरको आरोप स-प्रमाण पुष्टि हुन आएको देखिन नआउने।

त्यसैगरी प्रत्यर्थी शिव सार्कीले आफूउपरको आरोपलाई अनुसन्धानको क्रममा भएको बयान कागज र विशेष अदालतमा भएको बयानमा समेत इन्कार गरी बयान गरेको, निजले लिएको भनेको रू.७०,०००।– भजनसिंह मल्ल ठकुरीसँग सापटी लिएको भनी खुलाएको उक्त रकम खरिदार तेजबहादुर खड्कालाई बुझाएको हुँ भनी अनुसन्धानको क्रममा र विशेष अदालतमा भएको बयानमा समेत उल्लेख गरेको, निजले बाटो निर्माण कार्यमा कुनै दख्खल गर्न सक्ने अवस्था नदेखिएको र सो विषयमा निज भूमिकाविहीन देखिकोले त्यस्ता व्यक्तिलाई घुस दिनुपर्ने प्रयोजनसमेत नखुलेबाट निजले भजनसिंह मल्लसँग लिएको रकम घुसबापतकै हो भन्ने पुष्टि हुन सक्ने अवस्था नदेखिँदा प्रत्यर्थीहरू तेजबहादुर खड्का र शिव सार्कीउपरको पुनरावेदन जिकिरसमेत मनासिब देखिन नआउने।

तसर्थः विभिन्न प्रकरणहरूमा गरिएको व्याख्या, विवेचना र आधारबाट प्रस्तुत मुद्दामा प्रत्यर्थीहरूमध्ये भजन सिंह मल्ललाई ४ महिना कैद सजाय हुने र अन्य प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७२।९।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : उद्धवप्रसाद गजुरेल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल भाद्र २७ गते रोज ४ शुभम्।

**२**

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** *०७४-WO-०१५५, उत्प्रेषण / परमादेश, चेतन अग्रवाल वि. सार्वजनिक खरिद पुनरावलोकन समिति, रेडक्रस मार्ग, ताहाचलसमेत*

खरिद प्रक्रिया अगाडि बढिरहेकै अवस्थामा उक्त कार्यहरूको विरूद्धमा मेडिटेक इन्टरनेसनलले मिति २०७४।४।५ मा सार्वजनिक खरिद पुनरावलोकन समितिसमक्ष उजुरी दिएको र सार्वजनिक खरिद पुनरावलोकन समितिले मिति २०७४।३।३२ मा विपक्षीहरू चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल र बायोमेड इन्टरनेसनलबिच भएको मिति २०७४।३।३० को खरिद सम्झौता र प्रतितपत्र खोल्ने कार्य तथा पत्रसमेत बदर गर्ने गरी निर्णय भएको र सार्वजनिक खरिद पुनरावलोकन समितिले २०७४।४।३२ मा गरेको उक्त निर्णयउपर बायोमेड इन्टरनेसनलको तर्फबाट प्रस्तुत रिट निवेदन पर्न आएको देखिने।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(६) अनुसार निर्णय गर्नुपर्ने निवेदनमा निर्णय नगरी खरिद प्रक्रिया अगाडि बढाएको भनी हिमालयन मेडिटेक प्रा.लि. ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(१) बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समितिसमक्ष उजुरी दिएकोमा सो निवेदनमा बोलपत्र स्वीकृत हुने बायोमेड इन्टरनेसनल (प्रस्तुत निवेदकका रिट निवेदक) लाई विपक्षी बनाइएको नपाइनुका साथै सार्वजनिक खरिद पुनरावलोकन समितिले समेत बायोमेड इन्टरनेसनल प्रा.लि. लाई बुझ्दै नबुझी मिति २०७४।४।३२ मा मिति २०७४।३।२२ को बोलपत्र स्वीकृत गर्ने निर्णय र सो आधारमा गरेको पत्राचार र मिति २०७४।३।३० को खरिद सम्झौतालगायत प्रतितपत्र खोलिएका पत्र र काम कारबाहीहरूसमेत बदर हुने गरी निर्णय गरेको पाइने।

सार्वजनिक खरिद पुनरावलोकन समितिसमक्ष विपक्षी हिमालयन मेडिटेक प्रा.लि. ले निवेदन / उजुरी दिँदा बायोमेड इन्टरनेसनललाई विपक्षी कायम नगरी निवेदन दिएको देखिन्छ भने निर्णयकर्ताको रूपमा सार्वजनिक खरिद पुनरावलोकन समितिले पनि निर्णय गर्नुअघि सरोकारवाला यी रिट निवेदक बायोमेड इन्टरनेसनल प्रा.लि. लाई कुनै सूचना जानकारी दिई

निजको कुरासमेत सुनी निर्णय गरेको देखिन नआउने।

निवेदकलाई बुझ्दै नबुझी निजलाई सुनुवाइको मौका नै प्रदान नगरी विपक्षी सार्वजनिक खरिद पुनरावलोकन समितिबाट मिति २०७४।४।३२ मा भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको देखिएकोले त्यस्तो निर्णयले कानूनी मान्यता प्राप्त गर्न र कायम रहिरहन नसक्ने हुँदा सो निर्णय उत्प्रेषणको आदेशले बदर हुने।

अब उप्रान्त विवादित बोलपत्र स्वीकृत गर्ने सम्झौता र एल.सि. खोल्ने कार्य आर्थिक वर्षको अन्त्यतिर भई सम्झौताबमोजिमको सामान आयातसमेत भइसकेको भन्ने देखिएको र सम्झौता भइसकेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५१ को उपदफा (२)(ग) मा भएको कानूनी व्यवस्थासमेतलाई मध्यनजर गरी उल्लिखित बोलपत्रसँग सरोकार राख्ने रिट निवेदक बायोमेड इन्टरनेसनल प्रा.लि. समेतलाई झिकाई उजुरीकर्ता हिमालयन मेडिटेक प्रा.लि. ले निवेदनमा उल्लेख गरेका विषयलगायत सम्बन्धित अन्य कुराहरूको सम्बन्धमा निजलाई जानकारी गराई निजका तर्फबाट प्रस्तुत भएका कागज, प्रमाणसमेतको यथोचित विश्लेषण र मूल्याङ्कन गरी कानूनबमोजिम पुनः निर्णय गर्नु गराउनु भनी विपक्षी सार्वजनिक खरिद पुनरावलोकन समितिका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल कार्तिक १२ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०३१७, उत्प्रेषण, *विन्देश्वरीप्रसाद यादव वि. निजामती किताबखाना हरिहर भवनसमेत*

नागरिकतामा उल्लिखित जन्ममिति सम्बन्धमा चित्त नबुझाई तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्बाट नै शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई मान्यता दिने गरी मिति २०५०।११।१६ मा नीतिगत निर्णय गरी सोही निर्णयअनुसार गर्न सबै मन्त्रालय र जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्रसमेत भएको देखिएको, रिट निवेदकलाई २०५३ सालमा स्थायी नियुक्ति दिँदा मन्त्रिपरिषद्को सोही निर्णयलाई आधार मानिएको देखिएको, स्थायी नियुक्तिपछि रिट निवेदकले भरेको सिटरोलमा निजको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित मिति नै उल्लेख भएको देखिएको अवस्थासमेतबाट प्रस्तुत मुद्दामा रिट निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित मिति २०२५।१२।२३ लाई नै रिट निवेदकको वास्तविक जन्ममिति मान्नुपर्ने अवस्था देखिएकोले सो अवस्थाको प्रतिकूल हुने गरी रिट निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित वर्षको आधारबाट निजको जन्ममिति २०१५।९।३० कायम गरी रिट निवेदकलाई अवकाश दिने गरी निजामती किताबखानाबाट भएको निर्णय र सो निर्णयका आधारमा लेखिएको मिति २०७३।४।१३ को अनिवार्य अवकाशसम्बन्धी विषयको सूचनापत्रसमेत तथ्यपरक एवं कानूनअनुरूपको नभएकाले सो निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब रिट निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित मिति २०२५।१२।२३ लाई नै निजको जन्ममिति कायम गरी निजलाई यथावत् काममा लगाउनु तथा सोही मितिका आधारमा निजको अवकाश मिति कायम गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : उद्धवप्रसाद गजुरेल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल असोज २१ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-WO-०२१८, उत्प्रेषण /

परमादेश, *गोपालबहादुर खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदक गोपालबहादुर खड्कालाई नेपाल आयल निगम लि. को कार्यकारी निर्देशक पदमा ४ वर्षको लागि २०७१।१०।१३ मा नियुक्ति गरिएको र निजलाई सो ४ वर्षे अवधि पूरा नहुँदै २०७४।६।२ मा सो पदबाट हटाइएको भन्ने देखिन्छ। रिट निवेदकले रिट निवेदन दिँदा आफूले ४ वर्षको पूरा अवधि नै कार्यकारी निर्देशक पदमा रही कार्य गर्न पाउनुपर्ने दाबी लिएको भए तापनि मिति २०७५।२।२४ मा निजले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई सम्बोधन गरी नेपाल आयल निगमको कार्यकारी निर्देशक पदबाट राजीनामा दिनु भएको र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।२।३१ को निर्णयले मिति २०७५।२।२४ बाटै लागु हुने गरी निजले कार्यकारी पदबाट दिएको राजीनामा स्वीकृत भएको बेहोरा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. ३८८ मिति २०७५।३।३२ को पत्रबाट देखिन आएकोले रिट निवेदक हाल नेपाल आयल निगमको कार्यकारी निर्देशक पदमा नरहेको र निजले स्वेच्छा नै राजीनामा दिई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।२।३१ को निर्णयले उक्त राजीनामा स्वीकृतसमेत भइसकेको भन्ने देखिने।

यसप्रकार निवेदक आफैँले नेपाल आयल निगम लि. को कार्यकारी निर्देशक पदबाट राजीनामा दिई सो राजीनामा स्वीकृतिसमेत भइसकेको हुँदा निजले नेपाल आयल निगम लि. को कार्यकारी निर्देशक पदमा पूरा अवधि बहाल रहन पाउँ भन्ने निवेदन मागको औचित्य समाप्त भई सो माग नै निष्प्रयोजित भइसकेको देखियो । तसर्थ औचित्य समाप्त भई निष्प्रयोजित भइसकेको प्रस्तुत निवेदनमा रिट निवेदनको तथ्यभित्र प्रवेश गरी विचार विवेचना गरी निर्णय गरिरहनुपर्ने अवस्था नभएबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : उद्धवप्रसाद गजुरेल

इति संवत् २०७५ साल असोज २१ गते रोज १ शुभम्।

५

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-RB-०३३३, आयकर (२०६६/०६७), *ठूला करदाता कार्यालय, हरिहरभवन वि. जगदीशप्रसाद अग्रवाल*

उद्योग विभागबाट लागु गरिएको २०६३ सालको Norms र सो Norms लाई अनुशरण गरी अन्त:शुल्क विभागबाट यस्तै प्रकृतिका सबै उद्योगहरूमा समान रूपमा लागु हुने गरी एम.एस. विलेटबाट छड उत्पादनमा ६% (१०६ के.जी. एम.एस. विलेटबाट १०० के.जी.एम.एस.रड) जर्ती कायम गरेको भन्ने देखिन आयो। सो उत्पादन प्रतिलब्धी दर कानूनी एवं व्यावहारिक नभएको भनी वस्तुनिष्ठ आधारमा यी करदाताले मौकैमा चुनौती दिई प्रमाणित गर्न नसकेको तथा यसरी Abnormal Loss को सम्बन्धमा आफ्नो वित्तीय विवरण तथा लेखा परीक्षकको प्रतिवेदनमा समेत उल्लेख भएको भन्ने देखिएन। जर्तीको मात्रा बढी पनि हुन सक्छ तर त्यसको बोधगम्य आधार मिसिल संलग्न प्रमाणबाट देखिनु नै पर्ने हुन्छ। प्रस्तुत मुद्दामा विपक्षीहरूबाट बढी जर्ती कायम हुनुपर्ने बोधगम्य आधार प्रस्तुत हुन नआएको स्थितिमा हाल आएर उक्त Norms अनुरूप उत्पादन नभएको भन्ने केवल करदाता उद्योगको मौखिक कथनको आधारमा मात्र सो Norms युक्तिसङ्गत, यथार्थपरक वा न्यायोचित नभई अवास्तविक, अव्यावहारिक वा अन्यायोचित रहेको भनी मान्न मिल्ने अवस्था नदेखिने।

उद्योग विभागको Norms अनुसार ९४.३४ प्रतिशत उत्पादन हुनुपर्नेमा विपक्षी करदाता उद्योगले ९१ प्रतिशत मात्र उत्पादन देखाई तोकिएको प्रतिलब्धी दरभन्दा ३.३४ प्रतिशत उत्पादन घटी देखाएको अवस्थामा घटी देखाएको हदसम्मको परिमाण उत्पादन भएको र बिक्री भएको मानी सो बिक्री रकम करदाताको आयमा समावेश गरी कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय र सो निर्णयको प्रशासकीय

पुनरावलोकन गरी निर्णय गर्ने आन्तरिक राजस्व विभागको निर्णय अन्यथा नदेखिने ।

करदाताले तयारी सामानहरूको अन्तिम मौज्दातको मूल्याङ्कन प्रचलित कानूनअनुरूप भएको तथ्य पुष्टि हुने गरी प्रमाण पेस गर्न सकेको देखिएन । यसरी करदाताले ऐनमा भएको उल्लिखित कानूनी व्यवस्थाअनुरूप सामानहरूको अन्तिम मौज्दातको मूल्याङ्कन नगरी बढीमा गरेको देखिएको स्थितिमा सो फरक रकम रू.१,३४,१०,४५९।- आ.व.२०६६/६७ को लागि सुरू मौज्दातबापत बढी खर्च दाबी गर्न तथा सो खर्च कट्टी पाउने अवस्थासमेत देखिएन । कानूनबमोजिम कर तिर्नु करदाताको कानूनी कर्तव्य हो । सो कर्तव्यबाट विमुख हुन मिल्दैन । सो फरक देखिएको रकम यसपूर्व नै आयमा समावेश भई मुनाफा वा लाभको गणना भएको नदेखिएको स्थितिमा दोहोरो कर लाग्ने वा दोहोरो खतरामा परेको भनी मान्न मिल्ने अवस्थासमेत नदेखिँदा सो फरक रकम आयकर ऐन, २०५८ को दफा १५ अनुसार खर्च कट्टी नपाउने भनी ठुला करदाता कार्यालय र सो निर्णयको प्रशासकीय पुनरावलोकन गरी निर्णय गर्ने आन्तरिक राजस्व विभागको निर्णय अन्यथा नदेखिने ।

अत: उल्लिखित आधार, प्रमाणसमेतबाट करदाता उद्योगले उपयोग गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु Recovery सीमाभित्र नै रहेको र सुरू मौज्दातबापत बढी खर्च दाबी गरेको रू.१,३४,१०,४५९।- लाई विगत वर्षको अन्तिम मौज्दात मूल्याङ्कनमा समावेश गरी कर निर्धारणसमेत भइसकेको हुँदा सो हदसम्मको निर्णय केही उल्टी हुने ठहऱ्याएको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०७१।०९।०६ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । विपक्षी उद्योगले, उद्योग विभागको नम्सअनुसार कच्चा पदार्थ खपतको अनुपातमा उत्पादन घटी देखाएको हदसम्मको परिमाण उत्पादन भएको र बिक्री भएको मानी सो बिक्री रकम करदाताको आयमा समावेश गरी कर निर्धारण गरेको तथा आयकर ऐन, २०५८ को दफा १५ अनुसार खर्च कट्टी नपाउने भनी ठुला करदाता कार्यालयबाट भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकको मिति २०६९।६।५ को प्रशासकीय पुनरावलोकनको निर्णय सदर हुने ।

इजलास अधिकृत : ठाकुरप्रसाद खरेल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल आश्विन २२ गते रोज् २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-RB-०३३४, आयकर आ.व.(२०६५।०६६), ठुला करदाता कार्यालय, हरिहरभवन वि. जगदीशप्रसाद अग्रवाल
- ०७२-RB-०३३५, मूल्य अभिवृद्धि कर (आ.व.२०६५।०६६), ठुला करदाता कार्यालय, हरिहरभवन वि. जगदीशप्रसाद अग्रवाल
- ०७२-RB-०३३६, अन्त:शुल्क (आ.व.२०६५।०६६), ठुला करदाता कार्यालय, हरिहरभवन वि. जगदीशप्रसाद अग्रवाल
- ०७२-RB-०३३७, मूल्य अभिवृद्धि कर (आ.व.२०६६।०६७), ठुला करदाता कार्यालय, हरिहरभवन वि. जगदीशप्रसाद अग्रवाल
- ०७२-RB-०३३८, अन्त:शुल्क (२०६५।०६६), ठुला करदाता कार्यालय, हरिहरभवन वि. जगदीशप्रसाद अग्रवाल
- ०७४-RB-०२७२, अन्त: शुल्क (आ.व.२०६६।०६७), ठुला करदाता कार्यालय, हरिहरभवन वि. कन्हैयालाल संघाइ

- ०७४-RB-०२७३, आयकर (२०६६/०६७), ठुला करदाता कार्यालय, हरिहरभवन वि. कन्हैयालाल संघाइ

६

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०२१२, ०७४-RC-०१३७, कर्तव्य ज्यान र डाँका, *सागर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. रेशम तामाङ भन्ने रेशमबहादुर रूम्बा (तामाङ)*

भवितव्यबाट घटना भएको जिकिर लिनेले सो कार्य दुर्घटना थियो, आपराधिक मनसाय एवं ज्ञानले गरिएको थिएन, कानूनअनुसार कार्य गरिएको थियो र काम गर्दा उचित सतर्कता र सावधानी राखिएको थियो भन्ने देखाउन सक्नुपर्ने।

अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान गलत भन्ने कुराको प्रमाण नदेखाई अदालतमा गरेको बयान प्रमाण ग्राह्य हुँदैन । अदालतमा कसैको डर, धाकधम्की र त्रासविना स्वतन्त्र रूपमा बयान हुन्छ भन्दैमा अधिकारप्राप्त अधिकारीसमक्षको बयान प्रमाण देखाई खण्डन नगरेको अवस्थामा अदालतको बयान प्रमाणमा लिनु पर्दछ भन्न मिल्दैन। अदालतको बयान प्रमाणले समर्थित नभएको अवस्थामा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान घटनाको प्रकृतिसम्मत् भएमा प्रतिवादी विरूद्ध प्रमाणमा लिन मिल्ने।

मृतकलाई पुनरावेदकले धारिलो हतियार छुरी प्रहार गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्ने सहप्रतिवादीहरूलाई सजाय भएको अवस्थामा निज सहप्रतिवादीहरूले गरेको पोलयुक्त बयान प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम पुनरावेदक प्रतिवादी विरूद्ध प्रमाण लाग्ने।

अनुसन्धानको सिलसिलामा नवराज अधिकारीले पदम लामाको पेटमा सागर तामाङले छुरी प्रहार गरेको कुरा घटनास्थलमा भएका मानिसहरूले भनेर थाहा पाएँ भनी लेखाएको देखिन्छ। त्यसैगरी पदम लामाको शव परीक्षण गर्ने विशेषज्ञले पदम लामाको पेटलगायत सानो आन्द्रा र ठूलो आन्द्रासमेतमा गहिरा घाउ र चोटपटक देखिएको भनी प्रतिवेदन दिएकोमा निज विशेषज्ञले शव परीक्षण प्रतिवेदनमा उल्लेख भएका बेहोरा समर्थन गरी बकपत्र गरेको देखिन्छ भने जाहेरवाली, घटना विवरण कागज गर्ने विमला पुडासैनी, अजित श्रेष्ठ र नवराज अधिकारीले पनि अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज समर्थन गरी बकपत्र गरेको देखिँदा जाहेरवाली, विमला पुडासैनी, अजित श्रेष्ठ, नवराज अधिकारीले गरेको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम शव परीक्षण गर्ने विशेषज्ञको बकपत्र प्रमाण ऐन, २०३१ को दफा २३ को उपदफा (७) बमोजिम र मृतक पदम लामाले जाहेरवालीसमेतलाई अस्पतालमा आफूलाई मौकामा सागर तामाङले छुरी प्रहार गरेको भनी होस हुँदै व्यक्त गरेको कुरा दफा ११ बमोजिम प्रतिवादी विरूद्ध प्रमाण लाग्ने कुरामा कुनै द्विविधा नदेखिने।

मृतकको पेटको भित्र गहिरा घाउ, चोट र शरीरका बाहिरी भागमा देखिएका निलडामहरू प्रतिवादी सागर तामाङसमेतले छुरी प्रहार गर्दा भएको भन्ने कुरा सहप्रतिवादीहरू रेशम तामाङ भन्ने रेशमबहादुर रूम्बा (तामाङ), प्रिति शेर्पा भन्ने मिङमार डोल्मा लामा, स्वयं प्रतिवादीको बयान र जाहेरी दरखास्त, घटना विवरण कागज एवं शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिँदा पुनरावेदक प्रतिवादीले मृतकलाई एक मुक्का मात्र प्रहार गरेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । मृतकको मृत्यु भवितव्यबाट भएको देखिएन। पुनरावेदक प्रतिवादीले छुरी प्रहार गर्दासमेत पदम लामाको मृत्यु भएको तथ्य पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादीलाई पुनरावेदन अदालत पाटनले मिति २०७२।९।७ मा अभियोग दाबीबमोजिम कसुरदार ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी रेशम तामाङ भन्ने रेशमबहादुर तामाङ अदालतमा इन्कारी रहे पनि प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आफूले पदम लामालाई एक मुक्का प्रहार गरेको भनी गरेको बयान अन्यथा हुन सकेको देखिँदैन । पुनरावेदक प्रतिवादी सागर तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले मृतकलाई एक मुक्का प्रहार गरेको भनी पोल गरी बयान गरेको देखिएकोमा वारदातस्थलमा उपस्थित रहेकी सहप्रतिवादी प्रिति शेर्पा भन्ने मिङमार डोल्मा लामाले मृतक र प्रतिवादीबिच वादविवाद हुँदा हात मुक्काले मृतकलाई कुटपिट गरेको भनी बयान गरेको देखिन्छ । प्रतिवादीलाई सहप्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष पोल गरी गरेको बयान अन्यथा भएको देखिँदैन । प्रतिवादीलाई पोल गर्ने सहप्रतिवादी सागर तामाङलाई पुनरावेदन अदालत पाटनले आरोपित कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेकोमा उक्त ठहर यस अदालतबाट सदर भएको देखिन्छ । प्रतिवादी प्रिति शेर्पा भन्ने मिङमार डोल्मा लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ बमोजिम ३ वर्ष कैद सजाय हुने गरी भएको फैसला निजले स्वीकार गरी बसेको देखिँदा उल्लिखित सहप्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान प्रतिवादी विरूद्ध प्रमाण लाग्ने नै देखिने।

अनुसन्धानको सिलसिलामा अजित श्रेष्ठ, विमला पुडासैनी, नवराज अधिकारी र जाहेरवाली सुजन लामाले अधिकारप्राप्त अधिकारीसमक्ष लेखाएको घटना विवरण कागजबाट पनि प्रतिवादीले मृतक पदम लामालाई एक मुक्का प्रहार गरेको भन्ने देखिन्छ । निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको घटना विवरण कागजलाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । जाहेरवाली, घटना विवरण कागज गर्ने मानिसहरूको भनाइ र सहप्रतिवादीहरूले गरेको पोलयुक्त बयान प्रतिवादीले प्रमाण देखाई खण्डन गर्न सकेको देखिँदैन । यसरी अनुसन्धानको सिलसिलामा लेखाएका घटना विवरण कागज समर्थन गरी भएको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रतिवादी विरूद्ध प्रमाणमा लिन मिल्ने देखिँदा सहप्रतिवादी, स्वयं प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान तथा बकपत्रसमेतका प्रमाणबाट प्रतिवादी कसुरदार देखिएको र पुनरावेदन अदालतले सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलाउपर प्रतिवादीले पुनरावेदन नगरी कसुर स्वीकार गरेको देखिँदासमेत पुनरावेदन अदालत पाटनको फैसला प्रतिवादीको हकमा पनि अन्यथा नदेखिने।

अतः उल्लिखित आधार, कारणबाट पुनरावेदन अदालत पाटनले मिति २०७२।९।७ मा रेशम तामाङ भन्ने रेशमबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय १ बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको फैसला मिलेको देखिँदा साधकको रोहमा सदर हुने।

प्रतिवादीहरूसमेतको एउटा समूह र मृतक पदम लामासमेतका मानिसहरूको अर्को समूह भई सहअभियुक्त प्रिति शेर्पा भन्ने मिङमार डोल्पा लामाको होटलमा मादक पदार्थ रक्सी सेवन गर्दाको क्रममा दिउसो दुवै समूहबिच भनाभन झगडा भई मृतक पदम लामाले पुनरावेदक सागर तामाङलाई रक्सीको बोतल र चुलेसीले प्रहार गर्ने खोजेको, प्रतिवादीहरूको समूहका मानिस बसेको टेबल लडाइदिने र आफू वारदातस्थल एरियाको डन भएको भन्ने जस्ता अस्वाभाविक एवं अवाञ्छित गतिविधि गर्दा प्रतिवादीहरू उत्तेजित भएको कारण साँझ पदम लामालाई पुनरावेदक प्रतिवादी सागर तामाङ र प्रतिवादी रेशम भन्ने रेशमबहादुर तामाङले छुरा एवं बाँसको भाटाले पेट, टाउकोलगायत शरीरका विभिन्न भागमा प्रहार गर्दा घटना भएको देखिन्छ । प्रतिवादीहरूले रिसइवी राखी मार्नेसम्मको

मनसायले पूर्वयोजना बनाई घटना घटाएको देखिँदैन। मृतक र प्रतिवादीहरूको सोही दिन चिनजान भई सँगै बसेर मादक पदार्थ रक्सी सेवन गरेको नसामा अचनाक भनाभन हुँदा घटना भएको अवस्थालाई हेर्दा पुनरावेदक प्रतिवादी र प्रतिवादी रेशम तामाङ भन्ने रेशमबहादुर तामाङलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम जनही (पन्ध्र/पन्ध्र) वर्ष कैद सजाय निर्धारण गर्दा पनि न्यायोचित हुने र कानूनको मनसाय पनि पूरा हुने देखिएकोले पुनरावेदक प्रतिवादी सागर तामाङ र प्रतिवादी रेशम भन्ने रेशमबहादुर तामाङलाई मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम जनही १५/१५ (पन्ध्र / पन्ध्र) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

इति संवत् २०७५ साल श्रावण २९ गते रोज ३ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-१६०७, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सरिता न्यौपाने (पण्डित) समेत*

निदेश अधिकारीले मुकुन्द गौतमको नाममा नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा रहेको खातामा रू.२,००,०००।– नगद जम्मा गरेको भन्ने क्यास डिपोजिट भौचरबाट देखिन्छ। यसका साथै पारामाउन्ट कम्प्युटर इन्स्टिच्युटमा रू.५०,०००।– मोहन अधिकारीले बुझाएको भन्ने क्यास रिसिप्ट पर्चाबाट देखिन्छ । सो रकमसमेत गरी प्रतिवादीहरूलाई रू.४,५०,०००।– दिएको भन्ने निजहरूको जाहेरी दरखास्तमा उल्लेख भएको पाइन्छ । उक्त रकमबाहेकको अन्य रू.२,००,०००।– कहाँ कहिले र कसलाई दिएको भनी किटानी दिन सकेको देखिँदैन। यसका साथै जाहेरवालाहरूले उक्त बैंक तथा कम्प्युटर इन्स्टिच्युटमा बुझाएको रकम के कुन प्रयोजनका लागि बुझाएको हो भन्ने कहीँकतै उल्लेख हुन सकेको देखिँदैन । बैंक खातामा जम्मा गरेको र कम्प्युटर इन्स्टिच्युटमा जम्मा गरेको रकम वैदेशिक रोजगारीको लागि विदेश पठाउने प्रयोजनका लागि जम्मा गरेको हो भन्ने कतैबाट खुल्न सक्ने प्रमाण पेस हुन नसकेको अवस्थामा उक्त रकम सोही प्रयोजनका लागि जम्मा गरेको होला भनी अनुमानका आधारमा कसुर कायम गर्नु युक्तिसङ्गत नहुने।

प्रतिवादी सरिता न्यौपानेका साक्षी काशीराम ढकालले प्रतिवादी सरिता न्यौपानेले कोही कसैबाट रकम नलिएको भनी बकपत्र गरेको र प्रतिवादीहरूउपर किटानी जाहेरी रहेको भए पनि जाहेरवालाहरूलाई न्यायाधिकरणबाट म्याद जारी गरी बोलाउँदासमेत उपस्थित भई आफ्नो जाहेरी बेहोरा खम्बिर हुने गरी बकपत्र गरेको नदेखिँदा निजहरूले बैंक खातामा र कम्प्युटर इन्स्टिच्युटमा जम्मा गरेको रकम जाहेरी बेहोराबमोजिम वैदेशिक रोजगारमा पठाउने प्रयोजनको लागि जम्मा गरेको भन्ने प्रस्ट हुन नसकेको अवस्थामा अभियोग दाबी पुग्न नसक्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य एवं आधार प्रमाणबाट जाहेरवालाले बैंक र कम्प्युटर इन्स्टिच्युटमा जम्मा गरेको रकम वैदेशिक रोजगारीमा पठाउने प्रयोजनका लागि जम्मा गरेको भन्ने प्रमाणित हुन नसकेको हुँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१/८/२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७५ साल भाद्र ६ गते रोज ४ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०६२८, कर्तव्य ज्यान,

*नेपाल सरकार वि. किस्ने बोगटी*

प्रतिवादीले मार्ने मनसाय राखेको वा मार्नुपर्ने खास उद्देश्य (Motive) भई त्यसको लागि तयारी र योजना बनाएको तथा मृत्युको इच्छा राखेको जस्ता मनसाय तत्त्वका लागि आवश्यक तत्त्वहरू प्रस्तुत घटनामा विद्यमान रहे भएको भन्ने देखिएन। मारौं भन्ने मनसायसहित प्रतिवादीले मृतकलाई कुटपिट गरेको पुष्टि हुने प्रमाण मिसिलमा मौजुद नदेखिएको स्थितिमा प्रतिवादीले मृतकलाई ज्यान मारौं भन्ने मनसायपूर्वक नै कुटपिट गरेको र मृतकको मृत्यु भएको भनी ठहराउनु न्यायसङ्गत हुने नदेखिने।

वारदातमा प्रतिवादीलाई उत्तेजित पार्ने स्रोतको रूपमा मृतकले दिएको कति मिठो रोटी खान्छस् भन्ने जवाफ नै कारक तत्त्वको रूपमा रहेको भन्ने देखिन्छ। मृतकको उक्त वचन, क्रियाकलाप तथा व्यवहारबाट अचानक उत्तेजित भई आवेशको कारण क्षणिक रूपमा आत्मनियन्त्रण तथा आत्मसंयमता गुमाई आफूले पत्नीको टाउको तथा मुखमा मुक्का प्रहार गर्दा ज्यानसमेत जानसक्छ भन्ने कुराको हेक्कासमेत नराखी परिणामको ख्याल नगरी हात मुक्काले प्रहार गरी सोही चोट पीडाबाट द्रोपतीदेवीको मृत्यु भएको अवस्थालाई आवेशप्रेरित हत्याको कसुर नै मान्नुपर्ने।

मिति २०७२।७।२५ गते बेलुका प्रतिवादी किस्ने बोगटी र निजको पत्नी मृतक द्रोपतीदेवी बोगटीका बिच चिनी थपी रोटी मिठो पार्ने विषयमा विवाद भई रक्सीको नसामा रहेका यी प्रतिवादी तत्काल उत्तेजित भई हात मुक्काले कुटपिट गरी धकेली दिँदा भित्तामा ठोक्किई बेहोस भई सोही चोट पीडाको कारण द्रोपतीदेवीको सोही रातको बिहानीपख मृत्यु हुन गएको देखिएको स्थितिमा सो वारदातलाई आवेशप्रेरित हत्याको कसुर कायम गरी प्रतिवादी किस्ने बोगटीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय गर्ने गरेको डोटी जिल्ला अदालतको मिति २०७३।२।२६ को फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत दिपायलको मिति २०७३।१२।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ठाकुरप्रसाद खरेल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-RC-००१०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रूम्बा आले*

एकातर्फ आत्मरक्षाको निमित्त चक्कु प्रहार गरेको भन्ने प्रतिवादीको बयान जिकिर अन्य प्रमाणबाट समर्थित हुन सकेको छैन भने अर्कोतर्फ लास प्रकृति मुचुल्का एवं शव परीक्षण प्रतिवेदनसमेतबाट मृतक इश्वरी खड्का सुनारको शरीरमा करिब २०/२२ वटा जति यत्रतत्र भागमा निर्ममतापूर्वक चक्कु प्रहार गरेको देखिन्छ । आत्मरक्षाको दाबी गर्ने व्यक्तिले त्यति धेरै चोट प्रहार गर्नुपर्नेसम्मको अवस्था रहँदैन । मृतक राति आफ्नो कामबाट फर्की आफू बसी आएको घर कम्पाउन्डमा प्रवेश गर्न लाग्दा तानी घटनास्थलमा ल्याई क्रूरतापूर्वक धारिलो हतियार चक्कुले शरीरको यत्रतत्र भागमा प्रहार गरी मारेको पाइन्छ । चक्कु मृतकको भन्ने पुष्टि हुन सकेको छैन। अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नै घरको चक्कु लगी मृतकलाई प्रहार गरेको भनी लेखाएकोमा सो भनाइ अन्यथा हो भनी प्रतिवादीबाट पुष्टि हुन सकेको देखिँदैन। मृतकले प्रतिवादीलाई खोज्दै गएको नभई प्रतिवादीले नै मृतकलाई खोज्दै निजको घरकोठाको बाहिरपट्टि ढुकी बसेको भन्ने पुष्टि हुन आएको छ । मृतकउपरको यत्रोविघ्नको नृशंस प्रहारलाई आत्मरक्षाको सिद्धान्तले स्वीकृति दिँदैन। अर्कोतर्फ कदाचित मृतकले नै चक्कु हान्न खोजेकी भए पनि प्रतिवादीले मृतकलाई सजिलै नियन्त्रणमा लिन सक्ने वा हार गुहार गरी अरूको सहयोग माग्न सक्ने वा भाग्न

उम्कन सक्ने अवस्था नरहे नभएको अवस्था पनि देखिँदैन । आत्मरक्षाको जिकिर प्रमाणित गर्ने भार सो जिकिर लिने प्रतिवादीमा रहन्छ । प्रस्तुत सन्दर्भमा प्रतिवादीले अदालतसमक्ष बयान गर्दा आत्मरक्षा भनी उल्लेख गरे तापनि योजनाबद्ध तथा मनसायपूर्वक निर्मम रूपमा गरिएको अपराधमा आत्मरक्षाको जिकिर सान्दर्भिक र प्रासङ्गिक हुनसक्ने अवस्था रहेन । अतः प्रतिवादीले ज्यानसम्बन्धी महलको नं. विपरीत १३(१) नं. बमोजिमको कसुर गरेको तथ्य स्पष्ट भएबाट निजलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय दफा १ बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिने ।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, खानतलासी मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका व्यक्तिहरूको कागज र सो बेहोरालाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष गरेको बयानसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट मृतक इश्वरी खड्का सुनारलाई यी प्रतिवादी रूम्बा आलेले योजनाबद्ध तवरबाट मार्ने नै मनसायले क्रूरतापूर्वक चक्कु प्रहार गरी मारेको देखिँदा यी प्रतिवादी रूम्बा आलेलाई ज्यानसम्बन्धी महलको १३(१) अनुसार सर्वस्वसहित जन्मकैद गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/१२/१८ मा भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।७।१२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : ठाकुरप्रसाद खरेल

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-RC-००१२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिराज तामाङ*

प्रतिवादी बुद्धिराज तामाङले आफ्नै श्रीमती मृतक कृष्णमाया तामाङलाई सामान्य विषयमा विवाद भई रक्सीको नशाको सुरमा छातीमा समाती लछारपछार गरी फलामको बाँसुरीले शरीरको विभिन्न भागमा प्रहार गरी सोही चोट पीडाको कारण घटनास्थलमा नै मृत्यु भएको भन्ने तथ्य मिसिल संलग्न जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र, घटनास्थल लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीकै अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष भएको बयान बेहोरासमेतबाट स्थापित हुन आएको देखिने ।

मनसाय तत्त्वको निर्धारण वा पहिचान निजले गरेको कार्यको आधारमा समेत मापन हुनसक्ने विषय भएको र यी प्रतिवादीले आफ्नी श्रीमतीलाई मर्मस्थलमा फलामको बाँसुरीले पटकपटक प्रहार गरेको कार्यबाटै यी प्रतिवादीको मृतक श्रीमतीप्रतिको रिसइवी र मार्ने मनसाय प्रकट रूपमा देखिँदा यी प्रतिवादी बुद्धिराज तामाङलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय हुने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७१।३।३२ मा भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

घटनाक्रमलाई हेर्दा प्रतिवादीको मृतक कृष्णमायालाई मार्नुपर्नेसम्मको कुनै रिसइवी वा निजलाई मार्न पूर्वयोजना बनाई योजनाबमोजिम हत्या भएको भन्ने देखिँदैन । वारदातमा जोखिमी हतियारको प्रयोग नभई अन्य प्रयोजनका लागि घर कोठामा राखेको फलामको बाँसुरीको प्रयोग भएको अवस्था छ । मृतक र प्रतिवादी दुवै रक्सी खाई नशामा रहेको भन्ने देखिएको छ । मृतकउपर प्रतिवादीले चोट छाड्नुपर्ने कारक तत्त्वको रूपमा प्रतिवादी चुरोट किन्न जाँदा ढिला गरेको विषयमा मृतक श्रीमतीले विवाद

सिर्जना गरेबाट सोही कारण नै प्रतिवादीलाई रिस उठ्ने र वारदात घट्न / घटाउन उत्प्रेरित गर्ने तत्त्वको रूपमा रहेको देखिने ।

अपराध गरेपछि पनि आफ्नो कसुर लुकाई अन्तिम समयसम्म भाग्न उम्कन खोज्ने आम प्रवृत्तिविपरीत यी प्रतिवादीले कसुरमा साबित भई अदालती प्रक्रियालाई सहयोग पुऱ्याउने, घटनाप्रति पश्चाताप गर्ने, उमेर तथा पारिवारिक अवस्थासमेतका कारण एकअर्काप्रति परनिर्भर रहेका तथा श्रीमतीको मृत्यु हुँदा स्वयं यी प्रतिवादी आफैँ पीडित हुन पुगेको विशेष अवस्था तथा पतिपत्नी सँगै बसी रक्सी खाने क्रममा सामान्य विषयमा विवाद हुँदा यी प्रतिवादीले रक्सीको नसामा घर कोठामा अन्य प्रयोजनका लागि राखेको फलामको बाँसुरीले मृतकलाई प्रहार गरेको र सोही चोट पीडाबाट कृष्णमायाको मृत्यु भएको अवस्थासमेतलाई प्रस्तुत सन्दर्भमा नजरअन्दाज गर्न सकिने अवस्था नरहने ।

प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा इन्साफको रोहमा चर्को पर्न जाने चित्त (Conscience) ले देखिएको र यसपूर्व यस अदालतबाट विभिन्न मुद्दा र विभिन्न समयमा निश्चित गरिएका मापदण्ड र आधारहरू (शान्ति वि.क. विरूद्ध नेपाल सरकार, ने.का.प. २०६१, अङ्क ६, नि.नं. ७३९९) समेतबाट प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष मात्र सजाय गर्दा अपराध र सजायबिच समानुपातिक भई न्यायको मकसद पूरा हुने अवस्था देखिँदा निज प्रतिवादीलाई १०(दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृत: ठाकुरप्रसाद खरेल

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-RC-००१८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. श्यामकृष्ण श्रेष्ठ*

प्रतिवादी श्यामकृष्ण श्रेष्ठले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष बयान गर्दा आफ्नो विवाह गर्न नमानेको हुँदा आमालाई पनि मार्छु र जेलमा गई बस्छु भनी सोची सोही कारणले आफ्नै आमालाई खुकुरीले टाउकोमा पटकपटक प्रहार गरी सोही चोटका कारण आमाको मृत्यु भएको हो भनी कसुरमा पूर्ण रूपमा साबिती रही बयान गरेको देखिन्छ । यी प्रतिवादीले मृतकलाई प्रहार गरेको भनिएको खुकुरी दशीको रूपमा बरामद भएको देखियो । मृतकको लास जाँच प्रकृति मुचुल्कामा टाउकोमा धरिलो हतियारले काटेको विभिन्न चोट रहेको भन्ने देखिएको छ भने शव परीक्षण प्रतिवेदनमा मृतकको टाउकोका विभिन्न ठाउँमा धारिलो गम्भीर चोट लागी सोही चोटका कारण मृत्यु भएको (CAUSE OF DEATH : MULTIPLE SHARP FORCE INJURES TO HEAD) भन्ने उल्लेख भएको देखिन्छ । मौकामा बुझिएका राकेश गमाल तथा रोशन महर्जनसमेतले अदालतसमक्ष आई गरेको बकपत्रसमेतबाट यी प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष भएको उक्त साबिती बयान निर्विवाद रूपमा समर्थित र पुष्टि हुन आएको देखिने ।

मनसाय तत्त्वको निर्धारण वा पहिचान निजले गरेको कार्यको आधारमा समेत मापन हुनसक्ने विषय भएको र यी प्रतिवादीले आफ्नी आमालाई मर्मस्थलमा जोखिमी हतियार खुकुरीले पटकपटक प्रहार गरेको कार्यबाटै मृतक आमाप्रतिको रिसइवी र मार्ने मनसाय प्रकट रूपमा देखिँदा यी प्रतिवादी श्यामकृष्ण श्रेष्ठलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (१) नं. अनुरूपको कसुर अपराधमा सोही महलको १३(१) नं. बमोजिम सजाय हुने ठहराई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।९।२८ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।३।२७ को

फैसला मिलेकै देखिँदा सदर हुने।

यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष बयान गर्दा मैले आमासँग आफ्नो विवाहको कुरा गर्दा पटकपटक नमानेकाले सोही विषयमा आमासँग रिस उठेको, आमाले मेरो विवाह गर्न नमानेपछि आमालाई मार्छु र जेलमा गएर बस्छु भन्ने सोचेर आमा सुतेको अवस्थामा कोठामै रहेको खुकुरीले टाउकोमा ५-६ पटक हिर्काई घाइते बनाई मरेकोजस्तो देखी उक्त खुकुरी लिई महानगरीय प्रहरी वृत्त, कालिमाटीमा गई घटनाको बारेमा बताएको भनी उल्लेख गरेको भन्ने देखिन्छ। सो तथ्य अन्यथा हो भनी पुष्टि भएको नदेखिने।

प्रतिवादीले आफ्नै आमालाई टाउकोमा खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको देखिए तापनि अपराध गरेपछि पनि आफ्नो कसुर लुकाई अन्तिम समयसम्म भाग्न उम्कन खोज्ने आम आपराधिक प्रवृत्तिविपरीत स्वयम् यी प्रतिवादी महानगरीय प्रहरी वृत्त कालिमाटीमा गई घटनाको बारेमा बताई सोही आधारमा प्रहरी घटनास्थलमा गई घाइते अवस्थामा रहेकी लक्ष्मी गमाल श्रेष्ठलाई उपचारको लागि अस्पत्ताल पुर्‍याएको भन्ने देखियो। तसर्थ, यी प्रतिवादीले कसुरमा साबित भई अदालती प्रक्रियालाई सहयोग पुर्‍याएको अवस्थासमेतलाई प्रस्तुत सन्दर्भमा नजरअन्दाज गर्न सकिने अवस्था नरहने।

प्रतिवादी श्यामकृष्ण श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा इन्साफको रोहमा सजाय चर्को पर्न जाने चित्त (Conscience) ले देखिएको र यसपूर्व यस अदालतबाट विभिन्न मुद्दा र विभिन्न समयमा निश्चित गरिएका मापदण्ड र आधारहरू (शान्ति वि.क. विरूद्ध नेपाल सरकार, ने.का.प. २०६१, अङ्क ६, नि.नं. ७३९९) समेतबाट यी प्रतिवादीलाइ मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १६(सोह्र) वर्ष सजाय गर्दा कसुरको अनुपातमा सजायको मात्रा पुग्ने भई न्यायको मकसद पूरा हुने अवस्था देखिँदा निज प्रतिवादीलाई १६(सोह्र) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत : ठाकुरप्रसाद खरेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

## १२

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१२७४, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *ईन्द्रबहादुर पुन वि. नेपाल सरकार*

जाहेरी दरखास्तको बेहोरा, घटनास्थल मुचुल्का, घटना विवरण कागज गर्ने मानिसहरूले लेखाएको बेहोरा र प्रतिवादीको अनुसन्धानमा र अदालतमा भएको बयानसमेतबाट मृतक तारा श्रीसले यी पुनरावेदक / प्रतिवादीसँग विवाह गर्न नमानेको विषयमा विवाद हुँदा प्रतिवादीले मृतकलाई थप्पडसमेत हानेकोले मृतक कराउँदै गुहार्दै भाग्दा प्रतिवादी पछिपछि गई मृतकलाई भेटी पटकपटक हान्ने तान्ने गरी निजलाई लडाई घाँटी समाई मृतकले लगाएको हुटको डोरी निकाली घाँटीमा कसी हातखुट्टा चलाउन छाडी मरेपछि शवलाई लुकाउने छिपाउने उद्देश्यले मारेको स्थानबाट लास रहेको ठाउँसम्म लासलाई कतै बोकी कतै घिसार्दै लगी लासलाई फोहोरले छोपेको अवस्था देखिएकोले सामान्य विषयमा उठेको विवादमा मृतक पटकपटक भाग्ने प्रयास गर्दासमेत पिछा गर्दै भाग्न उम्कन नदिई पटकपटक समाउने र घाँटी समाई अँठ्याई निजले लगाएको हुट (ज्याकेट) को डोरी तानी घाँटीमा कसी मरिसकेपछि मात्र छाडेर लाससमेत लुकाई छिपाई निजसँग भएको मोबाइलसमेत लगी प्रमाण नष्ट गर्ने प्रयाससमेत गरेको देखिँदा लामो समयसम्म प्रतिवादीमा लगातार आवेश कायम रहेको कारण मृतकको हत्या गरेको भन्न सकिने अवस्था पत्यारिलो र विवेकसम्मत नदेखिँदा आवेशप्रेरित कसुरमा सजाय हुनुपर्ने हो भन्ने पुनरावेदन जिकिरसँग

सहमत हुन नसकिने।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा आफूले मृतकको साथबाट धनमाल गरगहना नलिएको र मृतकको साथमा रहेको मोबाइल लगी पोखराको पृथ्वीचोकनजिक रहेको चाइना पुलबाट सेती नदीमा फालेको हुँ भनी उल्लेख गरेको देखिन्छ । यसरी प्रतिवादी आफैँले निज तारा श्रीसलाई मारिसकेपछि लासलाई लुकाई छिपाई गरी निजको साथमा रहेको मोबाइल सेट लगेको भनी स्वीकार गरी बयान गरेको देखिँदा चोरीको कसुरमा सजाय हुनुपर्ने होइन भन्ने पुनरावेदन जिकिरसमेत मनासिब देखिन नआउने।

अत: उल्लिखित तथ्य एवं आधार प्रमाणबाट प्रतिवादीले तारा श्रीसलाई मनसायपूर्वक मारेको र निजको साथमा रहेको मोबाइल सेटसमेत लिएर गएको देखिँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र चोरीको १२ नं. को कसुरमा रू. ७,०००।– बिगो कायम गरी बिगोबमोजिम जरिवाना र एक महिना कैद हुने र बिगो प्रतिवादीबाट जाहेरवालीलाई भराइदिने ठहर गरी सुरू बागलुङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७३/८/७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल भाद्र ३ गते रोज १ शुभम्।

१३

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CR-१७३६, जबरजस्ती करणी, शम्भु वि.क. भन्ने कृष्णबहादुर कामी वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा कसुर गरेको कुरा अस्वीकार गरेको भए पनि अनुसन्धानको क्रममा बयान गर्दा जाहेरी दरखास्त र पीडितले लेखाएको बेहोरासँग मेल खाने गरी मिति २०७२/४/२० गते घुम्दै निज परिवर्तित नाम भक्तपुर २७ (J) को घरमा जाँदा घरमा ठुला मानिस कोही नभएको मौकामा निजलाई रू.५० देखाई शारीरिक सम्पर्क गर्न कुरा गर्दा नमानेकोले नजिकै रहेको लौरोले हिर्काएर डर त्रासमा पारी कुनै अस्थायी साधन प्रयोग नगरी करणी गरेको हुँ। त्यसपछि पनि पटकपटक करणी गरेको भनी बयान गरेको देखिएकोमा प्रहरीले सहीछाप गर्न भनेकाले सो बयानमा सहीछाप मात्र गरेको हुँ भनी अदालतमा कसुर गरेकोमा इन्कारी बयान गरेको भए पनि अनुसन्धानमा उक्त बयान गर्नुपर्नाको कारण खुलाउन तथा सोको प्रमाण पेस गर्न सकेको देखिँदैन । साथै अदालतबाट अनुसन्धानको लागि म्याद थप्ने क्रममा मिति २०७२/११/१७ मा अदालतमा समेत निज पीडितलाई करणी गरेको स्वीकार गरेको हुँदा म्याद थप गरिदिएको छ भन्ने बेहोरा उल्लेख भएको देखिँदा निजको अनुसन्धानमा भएको बयानलाई अन्यथा भन्नु पर्ने अवस्था नदेखिने।

प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त र सो दरखास्तको बेहोरा समर्थन हुने गरी जाहेरवालाले अदालतमा गरेको बकपत्र, पीडितको मौकाको कागज तथा सो कागजलाई पुष्टि हुने गरी अदालतमा भएको बकपत्र तथा प्रतिवादीले अनुसन्धानमा गरेको बयान बेहोरा र मिसिल संलग्न पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका कागजातबाट प्रतिवादीले निज १५ वर्षभन्दा कम उमेरकी पीडित बालिकालाई जबरजस्ती करणी गरेको र गर्भवती भएको अवस्थामा समेत निरन्तर रूपमा जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिँदा प्रतिवादीउपरको कसुर ठहर हुने गरी भएको सुरू फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य एवं आधार, कारणबाट

प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम जबरजस्ती करणीको ३ नं. को देहाय ३ बमोजिम ९ वर्ष र गर्भवती भएकी अवस्थामा समेत करणी गरेकोमा सोही महलको ३क. नं. बमोजिम थप ५ (पाँच) वर्षसमेत जम्मा १४ वर्ष कैद तथा ऐ. को १०ग. नं. बमोजिम रू.१,००,०००।– (एक लाख रूपैयाँ) पीडितले क्षतिपूर्ति भराई पाउने ठहर गरी सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३/७/२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल भाद्र ३ गते रोज १ शुभम्।

१४

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री कुमार रेग्मी,** ०७२-CR-१९५०, १९५२, ०७४-RC-००४३, कर्तव्य ज्यान र रहजनी चोरी, *गोविन्द वि.क. वि. नेपाल सरकार, काजी वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. नवीन घिमिरे भन्ने काजीमान वि.क.*

प्रस्तुत मुद्दामा तथ्यको विश्लेषण गरी हेर्दा मेरी श्रीमती अमृतामाया श्रेष्ठलाई पूर्वयोजनाअनुसार काजी वि.क., काजीमान वि.क., गोविन्द वि.क. र रमेश वि.क. ले निज श्रीमतीसँग थुप्रै धनमाल भएको आँकलन गरी निजहरूले हम्बरसमेत लिई आई मिति २०६९।४।२२ गतेका दिन पिपलटार गाउँबाटै पिछा गरी एकान्तस्थल बाटोमा लुकी ढुकी बसी वारदातस्थलमा श्रीमती अमृतामाया पुगेपछि निजलाई हम्बरले टाउकोमा प्रहार गरी भिरपाखोमा मारी फाली श्रीमतीको कानमा लगाई राखेको आधा तोला सुनको रिङ रू.२८,०००।- पर्ने, सामसुङ कम्पनीको ५०००।- पर्ने सिमसहितको मोबाइल र नगद रू.६०००।- समेत चोरी गरी लगेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भनी परेको कृष्णलाल श्रेष्ठको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। मृतक अमृतामायाको शरीरमा विभिन्न घाउ चोट र निलडाम भएको भनी उल्लेख भएको लास जाँच मुचुल्का तथा निज मृतकको मृत्यु टाउकोमा चोट लागेर टाउकोभित्र रगत जम्मा भई भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट निज अमृतामायाको मृत्यु भएको तथ्यमा विवाद देखिँदैन। वादी नेपाल सरकारका साक्षी जाहेरवाला कृष्णलाल श्रेष्ठ र बुझिएकी सुमित्रा श्रेष्ठले अमृतामायासँग धनमाल गरगहना हुने भएकोले सो धनमाल र गरगहना लुट्ने मनसायले निज प्रतिवादीहरूले अमृतामायालाई मारेका हुन् भनी जाहेरी दरखास्तलाई समर्थन गर्ने गरी बकपत्र गरेको देखिने।

बुझिएका मानिस धनबहादुर लामाले वारदातका दिन घटनास्थलबाट अलि तल मृतक अमृतामायालाई भेटेको थिएँ। हामी तलतिर गएका र मृतक अमृतामाया माथितिर आएकी थिइन्, त्यसभन्दा अघि त्यसै ठाउँमा काजीमान वि.क.लाई भेटेको थिएँ भनी बकपत्र गरेको देखियो साथै सोही तथ्यलाई समर्थित हुने गरी प्रतिवादी काजीमान वि.क.ले प्रतिवादी काजी वि.क., गोविन्द वि.क. र रमेश वि.क. वारदातस्थलमा उत्तिसको रूखमा आड लागेर बसेका थिए भनी बयान गरेबाट घटनास्थलमा प्रतिवादीहरूको उपस्थितिलाई नकार्न सक्ने अवस्था नदेखिने।

अमृतामायालाई कर्तव्य गरी मारी निजको सँगसाथमा रहेको धनमालसमेत चोरी गरेको सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूमध्येका नविन घिमिरे भन्ने काजीमान वि.क.ले अनुसन्धानको क्रममा र अदालतसमक्ष बयान गर्दा योजनाअनुसार वारदात मिति २०६९।४।२२ का दिन मैले घरबाट हम्बर ल्याएको थिएँ। काजी वि.क., गोविन्द वि.क. र रमेश वि.क. उत्तिसको रूखमा आड लागेर बसेका थिए। मलाई बाटोमा मानिस आएको हेर्न राखेका थिए। सोही क्रममा अमृतामाया श्रेष्ठ आएको सबैले देख्यौं र निज आइपुगेपछि काजी वि.क.र रमेश वि.क.ले एक्कासी निज

अमृतामायालाई समाते। गोविन्द वि.क.ले पछाडिबाट मैले दिएको हम्बरले अमृतामायाको टाउकोमा हानी लडाई धेरै पटक प्रहार गरेका थिए। निजहरू तीनैजनाले अमृतामायालाई तानी काइँयोको झ्याङमा फ्याँकी मलाई रू.३०००/-दिएका थिए र सुनको रिङ रमेश वि.क.ले लगी गएका थिए भनी स्वयं कसुरमा साबित रही अन्य प्रतिवादीहरूलाई उक्त कसुरमा संलग्न रहेको सम्बन्धमा पोल गरी लेखाएको देखियो। यसरी गरिएको पोल बयानका सम्बन्धमा विश्लेषण गर्दा सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन तर न्याय सम्पादन गर्ने कार्यमा एउटा महत्त्वपूर्ण अवयवका रूपमा यसलाई ग्रहण गर्न सकिन्छ। यस्तो पोलले तब मात्र सार्थकता प्राप्त गर्दछ जब पोल गर्ने अभियुक्तको भनाई अन्य वस्तुनिष्ठ प्रमाणबाट पूर्ण रूपमा समर्थित हुन जान्छ। प्रस्तुत वारदातमा सहअभियुक्त काजीमान वि.क.को पोल बयानको प्रामाणिक मूल्यलाई जाँच गरी हेर्दा यी पुनरावेदक प्रतिवादीहरू गोविन्द वि.क. र काजी वि.क.ले समेत अनुसन्धानको क्रममा बयान गर्दा वारदातमा आफूहरूको संलग्नता रहेको तथ्यलाई स्वीकार गर्दै आफूहरूले निज अमृतामाया श्रेष्ठलाई मारी हामीहरूले रू.२-२ हजार लिई गएका थियौं तथा सुनको रिङ रमेश वि.क.ले लिई गएका थिए भनी लेखाएबाट प्रतिवादी काजीमान वि.क.को पोल बयानलाई अन्यथा भन्न सकिने अवस्था रहेन। त्यसैगरी अमृतामायाको शरीरमा विभिन्न घाउ चोट र निलडाम देखिएको भन्ने लास जाँच मुचुल्का र निज मृतकको टाउकोमा चोट लागेर टाउकोभित्र रगत जम्मा भएर मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट प्रतिवादीहरूले अमृतामायाको टाउकोमा हम्बरले हानेका हौं भनी गरेको बयान समर्थित हुन आएको देखिने।

प्रतिवादीहरू गोविन्द वि.क. र काजी वि.क.ले लिएको जिकिरको प्रामाणिकता सम्बन्धमा विचार गर्दा सिद्धान्तः फौजदारी कसुरमा अभियुक्तउपर लगाइएको कसुरलाई प्रमाणित गर्ने भार वादीमा निहित रहन जाने हुन्छ। सो सिद्धान्तलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले व्यवस्था गरेको छ। त्यसमा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने उल्लेख भएको पाइयो। तर प्रतिवादीले कुनै कुराको जिकिर लिन्छ भने सो कुरा प्रमाणित गर्ने भार निजमा नै निहित रहन जाने हुन्छ। प्रतिवादीले पुऱ्याउनुपर्ने प्रमाणको भारसम्बन्धी कानूनी व्यवस्थालाई प्रमाण ऐन, २०३१ को दफा २७ मा व्यवस्थित गरिएको छ सोही दफाको उपदफा १ मा "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट वा सजायबाट रिहाई पाउन कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ" भनी व्यवस्था गरेको पाइन्छ। यसरी प्रतिवादीहरूले लिएको उल्लिखित जिकिरलाई प्रमाणित गर्ने भार निज पुनरावेदक प्रतिवादीहरू गोविन्द वि.क.र काजी वि.क. उपर नै रहन जाने देखिने।

पुनरावेदक प्रतिवादीमध्येका गोविन्द वि.क.र काजी वि.क.ले कसुरमा साबित रही अनुसन्धानको क्रममा गरेको बयान प्रहरीद्वारा जबरजस्ती कुटपिट गरी गराइएकोले करकापको बयान प्रमाण गाह्य हुँदैन भनी पुनरावेदन जिकिर लिएको देखियो। सो जिकिरतर्फ विचार गर्दा यी प्रतिवादीहरूलाई अनुसन्धानको क्रममा बयान गराइएपश्चात् थप अनुसन्धानका लागि म्याद थप प्रयोजनार्थ मुद्दा हेर्ने अधिकारीको अनुमति लिँदा मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराइने कानूनी प्रक्रियाको क्रममा निज प्रतिवादीहरूले आफूलाई प्रहरीद्वारा कुटपिट गरिएको भन्ने सम्बन्धमा आफ्नो शारीरिक अवस्थाको जाँच गरी पाउन मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्ने हुन्छ। सो निवेदनबमोजिम निज प्रतिवादीहरूमाथि बन्दी अवस्थामा कुटपिट भए नभएको निक्र्यौल गर्न सकिन्छ तर प्रस्तुत जिकिरका सम्बन्धमा यी प्रतिवादीहरूबाट स्वास्थ्य परीक्षण

मागका लागि निवेदन दिएको देखिएन। यसरी निवेदन दिएको नदेखिएबाट निज प्रतिवादीहरूमाथि प्रहरीद्वारा कुटपिट गरी बलपूर्वक बयान गराइएको भन्ने कथन विश्वसनीय मान्न नसकिने।

यिनै प्रतिवादी गोविन्द वि.क.र काजी वि.क.ले वारदातका दिन आफूहरू वारदातस्थलमा नभई अन्यत्र रहेको भनी (Alibi) को जिकिर लिएको देखियो। सो जिकिरतर्फ विचार गर्दा प्रतिवादी काजीमान वि.क.ले मसमेत अन्य प्रतिवादी वारदातस्थलमा गई लुकी ढुकी अमृतामायालाई पर्खेर बसेका हौं भनी बयान गरेका छन् भने अन्यथा प्रमाणित हुन नसकेको प्रतिवादी काजी वि.क. र गोविन्द वि.क. अनुसन्धानको बयानमा हामी तीनजना वारदात स्थलमा सडक डिलमुनि गोरेटो बाटोमा रहेको तितेपातीको झ्याङमुनि योजनाअनुसार लुकी बसेका थिए। अ.१२ बजे काजीमान वि.क सो स्थानमा आइपुगे भनी लेखाएको देखियो । यसरी आफ्नै बयानबाट खण्डित जिकिरका सम्बन्धमा निज प्रतिवादीहरूले आफ्ना साक्षीको कथन वक्तव्यबाहेक अन्य कुनै तथ्ययुक्त र निश्चित प्रमाण पेस गर्न सकेको देखिँदैन । आफूहरू वारदातस्थलमा नभई अन्यत्र रहेको भनी (Alibi) को जिकिरका सम्बन्धमा न्यायिक दृष्टिकोण हेर्दा "कुनै अभियुक्तले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्य स्थल (Alibi) को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ। यस्तो अन्य स्थल (Alibi) को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट समर्थित हुनसके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिका विरूद्ध नै प्रमाण लाग्न जाने" भनी (ने.का.प. २०६७, अङ्क ५, नि.नं.८३७८, चार्ल्स गुरूमुख शोभराज विरूद्ध नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान) सिद्धान्तबाट देखिने।

यी प्रतिवादीहरूले आरोपित कसुरमा साबित रही गरेको अनुसन्धानको बयान, प्रतिवादीमध्येका काजीमान वि.क. ले अदालतसमक्ष बयान गर्दा आफू आरोपित कसुरमा साबित रही अन्य प्रतिवादी गोविन्द वि.क. र काजी वि.क. समेतलाई पोल गरी गरेको बयान, वादी नेपाल सरकारका साक्षीहरूले जाहेरी बेहोरालाई समर्थन गरी अदालतसमक्ष गरेको बकपत्रसमेतका प्रमाण एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट प्रस्तुत मुद्दामा अमृतामायालाई यी प्रतिवादीहरूले नै कर्तव्य गरी मारी निजको सँगसाथमा रहेको रू. ७०००/- समेत चोरी लिई गएको तथ्य मालाकार रूपमा प्रमाणित भएको देखिने।

प्रतिवादी नविन घिमिरे भन्ने काजीमान वि.क.को हकमा पेस भएको साधक सम्बन्धमा विचार गर्दा प्रतिवादी काजीमान वि.क. ले योजनाबमोजिम आफूले घरबाट हम्बर ल्याएको र सोही हम्बरले गोविन्द वि.क. ले अमृतामायाको टाउकोमा बारम्बार प्रहार गरेका हुन् भनी आरोपित कसुरमा साबित रही बयान गरेका छन् भने प्रतिवादी काजी वि.क. र गोविन्द वि.क.ले अनुसन्धानको क्रममा बयान गर्दा उक्त वारदात घटाउँदा काजीमान वि.क. ले अमृतामायाको खुट्टा समातेका हुन् भन्ने तथ्य खुलाएबाट अमृतामायाको ज्यान मारी निजको सँगसाथमा रहेको धनमाल चोरी गरी लिई जाने कसुरजन्य कार्यमा निज प्रतिवादी काजीमान वि.क. को समेत संलग्नता देखिने।

प्रतिवादीहरू काजी वि.क. र गोविन्द वि.क. र काजीमान वि.क. लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) बमोजिम जन्मकैदको सजाय साथै प्रतिवादीहरूबाट मृतक अमृतामायाको सँगसाथबाट लिए खाएका रकम रू.७,०००।– बराबरको बिगो सोही चोरीको २१ नं. बमोजिम जाहेरवालालाई भराई पाउने ठहरी भएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१/८/२३ को फैसला

मिलेकै देखिँदा सदर भई प्रतिवादी नविन घिमिरे भन्ने काजीमान वि.क. को हकमा पेस भएको साधकसमेत सदर हुने ठहर्छ । प्रतिवादी काजी वि.क. र गोविन्द वि.क. को पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः जयन्ती अवस्थी भट्ट

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७६ साल कार्तिक २५ गते रोज २ शुभम् ।

## इजलास नं.२

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०६८-WO-००५७, उत्प्रेषण / परमादेश, शेषकान्त शर्मासमेत वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

द्वन्द्वको समयमा क्षति भएका सम्पत्तिको क्षतिपूर्ति नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ बमोजिम प्राप्त हुने व्यवस्था रहेको देखिन्छ । उक्त कार्यविधिमा व्यवस्था भएको मापदण्डअनुरूप रिट निवेदकहरू शेषकान्त शर्मासमेतले सञ्चालन गरेका बसहरू सुरक्षाकर्मीले नियन्त्रणमा लिएको कारण भएको क्षतिका सम्बन्धमा बाँकेका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय क्षति मूल्याङ्कन समितिको सिफारिस र यातायात व्यवस्था विभागको क्षतिपूर्ति उपलब्ध गराउने निर्णयअनुसार रिट निवेदकमध्येका शेषकान्त शर्माको नाममा दर्ता रहेको ना.२ ख ६०७६ नं. को मिनिबसको क्षतिपूर्ति रू.५,४२,०००।- उपलब्ध गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट निर्णय भई निकासाका लागि अर्थ मन्त्रालयमा पठाएको देखिएको तथा ना.२ ख ६०७८ नं. को बस र ना.२ ख ६०७७ नं.को बसको क्षतिपूर्ति रकम रू.१२,३०,०००।- शान्ति तथा पुन:निर्माण मन्त्रालयमार्फत दिन सक्कल फाइल उक्त मन्त्रालयमा पठाएको भन्ने देखिन्छ । निवेदकहरूले ना.२ ख ६०७६ नं.को बसको क्षतिपूर्ति रू.४८,३८,७१५।१४, ना.२ ख ६०७७ नं.को बसको क्षतिपूर्ति रू.४७,८०,०००।- र ना.२ ख ६०७८ नं. को बसको क्षतिपूर्ति रू.७३,९५,९९९।- दिलाउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदनको मुख्य जिकिर रहे पनि रिट निवेदकले दाबी गरेको रकम बराबरको हानि नोक्सानी के कसरी हुन गएको भन्ने पुष्टि गर्न सकेको नदेखिने ।

यसैगरी रिट निवेदकहरूलाई उपलब्ध गराउन प्रत्यर्थीबाट निर्धारण भएको क्षतिपूर्ति रकमको कारण यो यति आधार र कारणबाट आफ्नो हक अधिकारमा हनन् हुन पुगेको भन्ने स्थापित गर्न सकेको देखिँदैन । राज्यले बनाएको मापदण्डअनुसार सरकारी निकायले क्षतिको मूल्याङ्कन गरी रिट निवेदकहरूलाई भएको हानि नोक्सानी यकिन गरी सो बराबरको क्षतिपूर्ति रकम उपलब्ध गराउने प्रक्रियामा रहेको देखिन आएबाट रिट निवेदकहरूलाई भएको हानि नोक्सानीको क्षतिपूर्ति निजहरूले कानूनबमोजिम पाउने नै देखिने ।

यसै विषयमा यिनै रिट निवेदकहरूले यिनै प्रत्यर्थीहरूलाई विपक्षी बनाई यस अदालतमा मिति २०६०/४/२८ मा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ भनी द.नं. २८२१ मा रिट निवेदन दायर गरेको र निवेदकहरूको वारेसले तोकिएको तारेख गुजारी बसेको कारण यस अदालतको मिति २०६५/११/०८ को आदेशानुसार उक्त रिट निवेदन तामेलीमा राखिएकोमा पुनः सोही विषयलाई उठान गरी रिट निवेदन दिनुको औचित्यपूर्ण आधार र कारण खुलाउन सकेकोसमेत देखिँदैन । पूर्वसम्झौता कार्यान्वयन हुन बाँकी नै रहेको अवस्थामा निवेदकले सोतर्फ पहल नगरी आफैँले निवेदन दिएको र सो रिट निवेदनमा वारिसले तारिख गुजारी निवेदन तामेलीमा राखेको अवस्थामा पुनः दायर हुन आएको निवेदनको औचित्यभित्र प्रवेश गरी विवेचना गरिरहनुपर्ने नदेखिने ।

तसर्थ, माथि विवेचित आधार र कारणबाट

यिनै रिट निवेदकहरूले यिनै प्रत्यर्थीहरूलाई विपक्षी बनाई यस अदालतमा मिति २०६०/०४/२८ मा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ भनी द.नं. २८२१ मा रिट निवेदन दायर गरेको र निवेदकहरूको वारेसले तोकिएको तारेख गुजारी बसेको कारण यस अदालतको मिति २०६५/११/०८ को आदेशानुसार उक्त रिट निवेदन तामेलीमा राखिएकोमा पुनः सोही विषयलाई उठान गरी प्रस्तुत रिट निवेदन दिनुको औचित्यपूर्ण आधार र कारणबिना एउटै विषयमा पटकपटक रिट निवेदन दायर गरेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यभित्र प्रवेश गरी विवेचना गरिरहन नपर्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने।

शाखा अधिकृत: विमला पौडेल

इति संवत् २०७४ साल माघ १४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री. डम्बरबहादुर शाही,** ०७२-CR-०८२८, *मानव बेचबिखन तथा ओसार पसार, नेपाल सरकार वि. गणेशबहादुर वली*

प्रतिवादी गणेशबहादुर वलीले हामीहरूलाई भारतमा गई नागरिकता, पासपोर्ट बनाउने र उतैबाट साउदी अरब पठाइदिने, त्यहाँ राम्रो काम पाइन्छ, दुःख गर्नु पर्दैन, पैसा धेरै मिल्छ भनी विश्वासमा पारी नेपालगन्जबाट भारततर्फ लैजाँदै गर्दा हामीहरू नेपाल प्रहरी र माइती नेपालको सहयोगमा फर्की आएका हौं। निजले बेच्ने उद्देश्यले लैजान लागेको रहेछ भनी पीडित परिवर्तित नाम कमला थापा, सुनिता गिरी र गिता बुढासमेतको जाहेरी परेको देखिन्छ। अनुसन्धानमा सोही बेहोरा उल्लेख गरी पीडितहरूको बयान भएको र सो बयान अदालतबाट समेत प्रमाणित भएको देखिने।

अनुसन्धानमा बयान गर्दा प्रतिवादी गणेशबहादुर वली आफू कसुरमा साबित रही बयान गरेका छन् भने अदालतमा बयान गर्दा इन्कार रहे पनि अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबित रही पीडितहरूलाई साउदी अरब पठाइदिन भनी भारतमा मनकुमारी वगालेसँग फोनमा कुरा भएको, मैले निजहरूलाई मुम्बइको साइद खानकहाँ लगिदिएबापतमा प्रतिव्यक्ति रू.१० हजार दिने भनेका थिए भनी घटनाक्रमलाई स्पष्ट खुलाई बयान गरेको देखिँदा अनुसन्धानको बयानलाई अन्यथा पुष्टि गर्न सकेको नदेखिने।

जाहेरवालाले जाहेरी बेहोरालाई पुष्टि हुने गरी अदालतमा आई बकपत्रसमेत गरेको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा १८ मा भएको व्यवस्था उल्लेख भएको परिप्रेक्ष्यमा जाहेरवालाको बकपत्रलाई प्रमाणमा लिनुपर्ने हुने।

पीडितमध्येकी सुनिता गिरीले प्रतिवादीलाई निर्दोष देखाई अदालतसमक्ष hostile बकपत्र गरेको भए तापनि निजको अनुसन्धान अधिकारीसमक्ष भएको बयान बाँके जिल्ला अदालतका न्यायाधीशबाट प्रमाणित भएको छ। यो बयानलाई निजले अन्यथा भन्न सकेको देखिँदैन र अन्यथा भन्न सक्ने अवस्था पनि रहँदैन। जाहेरवाला hostile भएको अवस्थामा समेत पीडितको प्रमाणित बयानलाई प्रमाणमा लिनुपर्नेमा प्रस्तुत मुद्दामा पीडितले अदालतमा समेत प्रतिवादीउपर गढाउ गरी बकपत्र गरिदिएको र अन्य स्वतन्त्र प्रमाणबाट समेत सो बेहोरालाई पुष्टि गरेको अवस्था देखिने।

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ दफा १५ को उपदफा १ को देहाय छ मा **"खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको** सात वर्षदेखि दश वर्षसम्मको सजायको व्यवस्था भएकोमा घटनाको प्रकृति र प्रतिवादीको अवस्थासमेतका आधारमा ऐनमा भएको न्यूनतम सजाय गर्दा ऐनको मकसद पूरा हुने।

अतः उल्लिखित तथ्य एवं कानूनी व्यवस्थाको रोहबाट हेर्दा किटानी जाहेरी दर्खास्त,

प्रतिवादीको अनुसन्धानको साबिती बयान, जाहेरवाला एवम् पीडितको बकपत्रसमेतका बेहोराबाट सुरू जिल्ला अदालतबाट मिति २०६९/६/२४ मा प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला उल्टी भई निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१) (छ) बमोजिम ७ (सात) वर्ष कैद सजाय हुने ठहऱ्याई भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।०३।०१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CR-१७३६, मानव बेचबिखन तथा ओसार पसार, नेपाल सरकार र गंगा सुनार*

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ मा "मानव बेचबिखन र ओसार पसार गर्न नहुने (१) कसैले पनि मानव बेचबिखन र ओसार पसार गर्नु गराउनु हुँदैन। (२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिने छ ।" भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी सोही ऐनको दफा ४ को उपदफा २ मा "कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने छ" भनिएको र देहायको खण्ड (ख) मा "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।" भन्ने व्यवस्था रहेको देखिन्छ । प्रतिवादीले पीडितहरूलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई भारत लगी पुनः नेपालमा फिर्तासमेत लिई आएबाट नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य गरेको हुँदा निजको उक्त कार्यमा प्रस्तुत दफा आकर्षित हुने ।

प्रतिवादी गंगा सुनारले उक्त कसुर गरेको अवस्थामा निजलाई के कस्तो सजाय गर्ने भन्नेतर्फ हेर्दा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ दफा १५ को उपदफा १ को देहाय (च) मा "शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद" सजायको व्यवस्था रहेको र निज प्रतिवादीले पीडिताहरूलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको अवस्थामा एक वर्षदेखि दुई वर्षसम्म सजायको व्यवस्था हुँदा प्रस्तुत मुद्दाका प्रतिवादीलाई सोही दफा मुताबिक सजाय गर्नु उपयुक्त हुने भएकोले निज प्रतिवादीलाई एक वर्ष छ महिना कैद सजाय भएको देखिन्छ। प्रतिवादीले पीडितहरूलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य गरेकोमा निजलाई १ वर्ष ६ महिना कैदको सजाय गरेको अवस्थामा उक्त सजाय कम भएकोले अभियोग दाबीबमोजिमको सजाय गरिपाउँ भन्ने पुनरावेदक नेपाल सरकारतर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित तथ्य एवं कानूनी व्यवस्थाको रोहबाट हेर्दा किटानी जाहेरी दर्खास्त, प्रतिवादीको अनुसन्धानको साबिती बयान,

जाहेरवाला एवम् पीडितको बकपत्रसमेतका आधार प्रमाणबाट मिति २०७१/४/२८ मा प्रतिवादीलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१) (च) बमोजिम १(एक) वर्ष ६(छ) महिना कैद सजाय हुने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।४।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७३-CR-१०२२, कर्तव्य ज्यान, प्रितम मानन्धर वि. नेपाल सरकार*

प्रतिवादी प्रितम मानन्धरले नै मृतक जोत्सना तामाङलाई कर्तव्य गरी मारेको हो भन्ने प्रमाण प्रत्यक्ष रूपमा नदेखिएको भए तापनि परिस्थितिजन्य प्रमाणहरू हेर्दा घटनामा मृतक र प्रतिवादीबाहेकका अन्य कोही कसैको उपस्थिति नदेखिएको, मृतकले मर्नुपर्नेसम्मको अन्य कुनै कारण नदेखिएको, मृतक र प्रतिवादीबिच वादविवाद भएको विषयमा कुनै विवाद नरहेको, मृतकको शरीरमा पछाडिपट्टिको भागमा चोटपटक देखिएको, सँगै सुतेकी मृतक जोत्सना तामाङलाई खोज तलास नै नगरी थाहा नपाए जसरी प्रतिवादी सुतिरहेको, प्रतिवादी स्वयम्ले मौकामा बयान गर्दा बाथरूममा पछाडि धकेलेको हुँ भनी उल्लेख गरेको स्थिति, मृतकको मृत्यु कर्तव्यबाट भएको हुनसक्छ भन्नेतर्फ सङ्केत गरी विशेषज्ञले बकपत्र गरेको र मृतक जोत्सना तामाङसँग प्रतिवादीको वादविवाद भएपछि बाथरूममा लगी बाथरूमको झ्यालबाट धकेली खसाली दिएको भनी प्रतिवादीले स्वीकार गरेको हुँदा प्रतिवादी प्रितम मानन्धरलाई पक्राउ गरी कारबाहीको लागि पेस गरेको भनी मौकाको प्रहरी प्रतिवेदनसमेतका आधार प्रमाणबाट यी प्रतिवादीले मृतकलाई कर्तव्य गरेको अवस्था नहुँदो हो भने एउटै कोठामा सँगै सुतेकी र आपसमा करणीसमेत लिनुदिनुसमेत गरेकी मृतक जोत्सना तामाङ बाथरूमबाट कोठामा नआएपछि तत्कालै खोज तलास गर्नुपर्नेमा सो नगरी आफू रक्सीले मातेको बहाना गरी अपराध छिपाउने उद्देश्यले केही थाहा नभएजस्तो गरी मानिसहरू जम्मा भइसक्दासमेत प्रतिवादी प्रितम मानन्धर सुतिरहेको देखिएबाट मृतक जोत्सना तामाङको मृत्यु निज प्रतिवादी प्रितम मानन्धरकै कर्तव्यबाट भएको देखिन आउने।

प्रतिवादीउपर किटानी जाहेरी परेको, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइ, प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयान बेहोरा, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, विशेषज्ञहरूको बकपत्रसमेतका परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादी प्रितम मानन्धरको कर्तव्यबाट नै मृतक जोत्सना तामाङको मृत्यु भएको देखिएको हुँदा प्रतिवादी प्रितम मानन्धरलाई अभियोग मागदाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७३।०७।३० मा भएको फैसला मनासिब नै देखिँदा यस अदालतबाट प्रत्यर्थी झिकाउने गरी भएको आदेश र प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित कानून व्यवसायीले गर्नुभएको बहससँग सहमत हुन नसकिने।

तसर्थः विवेचित आधार कारणसमेतबाट प्रतिवादी प्रितम मानन्धरले मृतक जोत्सना तामाङलाई कर्तव्य गरी मारेको भन्ने देखिँदा निज प्रतिवादी प्रितम मानन्धरलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३ (३) नं.बमोजिम सर्वस्वसहित

जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।१०।४ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७३।७।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल जेठ २३ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१६१६, कर्तव्य ज्यान, *शिवशंकर यादव वि. नेपाल सरकार*

दुई दिनअघिदेखि श्रीमतीसँग रिस उठिरहेको थियो भनी शिवशंकर यादवले गरेको बयानबाट निजले तत्काल उठेको रिसले शान्ति यादवमाथि जाइलागेको भन्ने देखिँदैन । पहिलो कुटाइबाट बचेर भागी गेटमा पुगेकी शान्ति यादवलाई पर्शुराम भन्ने पारस यादवले बाहिर जान नदिई रोकेको भन्ने देखिन्छ। हाम्रो बेइज्जत गरी, मारिदे भनी निजले घटना गराउन शिवशंकर यादवलाई अझ उक्साएको पनि मिसिल संलग्न कागजातबाट स्पष्ट भएको छ । प्रतिवादी शिवशंकर यादवकै भनाइअनुसार पनि दुई दिनअघिदेखि रिस उठेको र काकाको भनाइले अझ आक्रोशित भएको कारण मैले आफ्नी श्रीमती शान्ति यादवलाई घरभित्र खाटमा लगी लडाएर जिउमाथि चढी दाहिने हातले घाँटी थिचेको र काका पारस यादवले टाउको समाएको भनी उल्लेख गरेको देखिएको छ । यसबाट प्रतिवादीहरूको कार्य सामान्य झगडाको प्रतिफल मात्र नभई हत्या गर्ने सुनियोजित षड्यन्त्रबाट प्रेरित रहेको स्पष्ट हुने।

शान्ति यादवलाई कर्तव्य गरी मार्ने नियोजित उद्देश्य प्रतिवादीहरूमा नरहेको भए काखमा ८ महिनाको दुधे बालक रहेकी १७ वर्षिया महिलामाथि यी दुवैजना प्रतिवादीहरू एकसाथ जाइलाग्नुपर्ने कारण देखिँदैन । भागेर गेटमा पुगेकी अबला नारीलाई एक जनाले गेटमा छेक्ने र अर्को जनाले तानेर ल्याई कसैले घाँटी त कसैले टाउको थिची सजाय दिनुपर्ने आवश्यकता रहँदैन । काकाको कुरा सुनी तत्काल उठेको रिसका कारण घटना भएको भन्ने शिवशंकर यादवको जिकिर रहे पनि निजले नै दुई दिनअगाडिदेखि रिस उठेको भन्ने कुरा बयानमा उल्लेख गरेको देखिन्छ । शान्ति यादव कुटपिट हुन थालेपछि भागेर गेटमा पुगे पनि गेटमा पारस यादव बसी, बाहिर जान नदिई, पटक-पटक अमानवीय ढङ्गले आक्रमण गरेका र मरी भनी छोड्दा छटपटाएको अवस्थामा समेत जिउँदै रहिछे, झुन्डिएर मरेजस्तो देखाउनु पर्छ भनी पुन: घाँटी कसेर झुन्ड्याएर मार्ने कार्य क्षणिक आवेशको उपज हुन नसक्ने।

प्रतिवादीले गरेको यस्तो कार्यमा निजले जिकिर लिएजस्तो भवितव्यबाट भएको भन्ने कुनै आधार देखिएको छैन । आफूले गरेको कार्यबाट कोही कसैको ज्यान मर्लाजस्तो नदेखिए पनि ज्यान मरेको घटना भवितव्य हुनेमा यस मुद्दामा ठीकविपरीत क्रूर यातनापछि मरी भनेर छोडेकी सिथिल नारी छटपटाएपछि मरेकी रहिनछे भनी घाँटी कसेर पाशविक ढङ्गले झुन्ड्याउने कार्यलाई भवितव्य मानिदिने हो भने फौजदारी न्याय प्रणाली समाप्त भएर जान्छ । यस्तो क्रूर अपराध गर्ने प्रतिवादीको सजाय कम गर्नेतर्फ न्यायकर्ताको विवेक प्रयोग हुन सक्दैन र हुनु पनि हुँदैन । यस्तो अवस्थामा मुलुकी ऐन, अ.बं. १८८ नं. को व्यवस्था पनि आकर्षित हुन सक्ने नदेखिने।

अत: विवेचित उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा प्रतिवादी सुभाष यादवले अभियोग दाबीबाट सफाइ पाउने तथा पुनरावेदक प्रतिवादी शिवशंकर यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने गरी सुरू रूपन्देही जिल्ला अदालतले मिति २०७१।९।३० मा गरेको

फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।९।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभाषचन्द्र दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल फागुन २६ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-RB-०७०६, बैंकिङ कसुर, *गौरी तिमल्सिना वि. नेपाल सरकार*

कानून स्पष्ट रहेको अवस्थामा कानूनले जे भन्दछ सोहीअनुसार र कानून स्पष्ट नभएको अवस्थामा अदालतद्वारा प्रतिपादित सिद्धान्तहरू नै कानूनको रूपमा रहन्छ। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) मा चेक अनादरलाई बैंकिङ कसुरअन्तर्गतको कसुर मानिरहेको परिप्रेक्ष्यमा विनिमेय अधिकार पत्र ऐन, २०३४ आकृष्ट हुने भन्ने प्रश्न नै रहँदैन । यदि विनिमेय अधिकार पत्र ऐन, २०३४ अन्तर्गत चेक अनादरको मुद्दालाई हेर्ने हो भने बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) लाई अदालतमा चुनौती दिई संवैधानिक व्यवस्थाको विपरीत छ भने अदालतले ultra vires गर्नुपर्ने हुन्छ। पुनरावेदकले उक्त कानूनी व्यवस्था बदरको माग लिएको देखिँदैन। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) लाई अदालतबाट बदर गरिएको अवस्था नरही विधायिका निर्मित कानून नै मौजुदा रहिरहेको अवस्थामा सो कानून नै अमान्य हुने गरी व्याख्या गर्न नमिल्ने हुँदा बैंकिङ कसुरअन्तर्गत नै चेक अनादरको विषयलाई हेरिनुपर्ने।

चेक अनादर भन्नाले व्यक्ति व्यक्तिबिच चेक काटी लिनुदिनु गरेको र चेक दिनेको खातामा पर्याप्त रकम नभएको कारणबाट चेक धारकले चेकमा उल्लेख भएको रकम सम्बन्धित बैंकबाट भुक्तानी पाउन नसके चेक अनादर हुन जान्छ। प्रतिवादी गौरी तिमल्सेनाले आफ्नो हस्ताक्षरसहित कैलास विकास बैंकको मिति २०७४।०४।०८ मा रू.१,००,०००।- मिति २०७४।०५।१२ मा रू.१,००,०००।- र मिति २०७४।०८।२५ मा रू.५,००,०००।- को चेक दिएकोमा सो चेक जाहेरवाला सुवर्ण तामाङले नबिल बैंकमा क्लियरिङको लागि दिएकोमा पर्याप्त रकम नभएकोले भुक्तानी हुन नसकेको बेहोरा मिसिल संलग्न कागजातबाट देखिने।

सिद्धान्ततः कुनै पनि आपराधिक कार्य स्थापित हुन actus reus र mens rea तत्त्व हुन जरूरी हुन्छ। कुनै पनि कार्यको पहिलेबाट परिणामको अन्दाज गरी सो परिणाम हासिल गर्ने काम गरिन्छ भने त्यस्तो कार्यलाई मनसायपूर्वक गरिएको कार्य भनिन्छ। प्रस्तुत मुद्दामा गौरी तिमिल्सेनाले आफ्नो खातामा न्यूनतम मौज्दात मात्र भएको जानकारी भएको अवस्थामा जाहेरवालालाई विभिन्न तीन मितिमा रू.१,००,००० को दुई थान र रू.५,००,००० को १ थान चेक काटी दिनुले गौरी तिमल्सेनाको मनसाय प्रतिवादीलाई पैसा नदिने नै देखिन्छ। यसरी प्रतिवादीले आफ्नो खातामा मौज्दात रकम नभएको अवस्थामा अर्काको रकम नतिर्ने नियतले चेक काट्ने कार्यलाई आपराधिक कार्य मान्नुपर्ने देखिएकोले निजले मनसायपूर्वक आपराधिक कार्य गरेको देखिने।

गौरी तिमल्सेनाले अदालतसमक्ष बयान गर्दा खातामा न्यूनतम मौज्दात रहेको र सो बराबरको रकम खातामा मौज्दात छैन भन्ने मलाई थाहा थियो भनी बयान गरेको देखिन्छ । यसरी प्रतिवादी गौरी तिमल्सेनाले खातामा मौज्दात रकम नहुँदा नहुँदै चेक काटिदिनुले प्रस्तुत कानूनी व्यवस्थाको उल्लङ्घन गरेको होइन भन्न मिल्ने अवस्था नरहने।

चेक अनादर भएको कारणले मात्र बैंकको कर्मचारीलाई मुद्दा नचलाई व्यक्तिव्यक्तिबिचको व्यवहारलाई बैंकिङ कसुर ठहर गरेको भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, बैंकिङ कसुर तथा सजाय ऐन,

२०६४ को उद्देश्य बैंकिङ तथा वित्तीय संस्थामा हुने जोखिमलाई न्यूनीकरण गरी बैंक तथा वित्तीय संस्थाप्रति विश्वसनीयता अभिवृद्धि गर्नु देखिन्छ। चेक अनादरको विषयमा यदि बैंक तथा वित्तीय संस्थाले चेकले खाम्ने रकम खातामा मौज्दात नभएको स्थितिमा रकम भुक्तानी दिएमा मात्र बैंक वा बैंकका कर्मचारीलाई जिम्मेवार बनाउन सकिन्छ । चेकअनुसारको रकम भुक्तानी नदिएको अवस्थामा र पर्याप्त रकम खातामा नभएको कारणले चेक बाउन्स गरिदिएको अवस्थामा बैंकहरूलाई जिम्मेवार बनाई कारबाही गर्नु न्यायसङ्गत नदेखिने।

जाहेरीलाई निर्णयाधारको रूपमा लिई उच्च अदालत पाटनबाट फैसला भयो भनी लिइएको जिकिरतर्फ हेर्दा, जाहेरी दरखास्त आफैँमा अकाट्य प्रमाण होइन तर जाहेरी दरखास्तलाई अरू प्रमाणले पुष्टि गरिरहेको अवस्था भने हुनुपर्दछ। प्रस्तुत मुद्दाको सन्दर्भमा जाहेरीका साथ भुक्तानी हुन नसकेका तीन थान चेक पेस हुनुको साथसाथै नबिल बैंकको cheque information report ले अपर्याप्त रकमका कारणले क्लियरिङ हुन नसकेको बेहोरा जाहेरीसाथ पेस कागजातले देखाउँछ । सो तथ्यलाई प्रतिवादी गौरी तिमल्सेनाको कैलास विकास बैंकको स्टेटमेन्ट र नबिल बैंकको पत्रले अपर्याप्त मौज्दातका कारण भुक्तानी हुन नसकेको बेहोरा पुष्टि गरिरहेको र प्रतिवादी स्वयम्‌ले अदालतसमक्ष बयान गर्दा जाहेरवालालाई आफूले खातामा रकम नभएको चेक दिएको हो र सो चेकमा भएका हस्ताक्षर मैरै हो भनी गरेको बयान गरिरहेको परिप्रेक्ष्यमा प्रतिवादीले लिएको पुनरावेदन जिकिरको औचित्य नरहने।

प्रतिवादीको हस्ताक्षरसहितको चेक सटहीको लागि दिएकोमा अपर्याप्त रकमका कारण भुक्तान हुन नसकेको बेहोरा बैंकको पत्र र प्रतिवादीले अदालतसमक्ष बयानमा खातामा न्यूनतम मौज्दात मात्र छ, चेकमा उल्लिखित रकम बराबर सो खातामा मौज्दात छैन भनी बयान गरेको अवस्थामा उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन । प्रतिवादी गौरी तिमिल्सेनाको पुनरावेदन जिकिर र विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: गौरी तिमिल्सेनाले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ बमोजिमको कसुर गरेको देखिँदा ऐ. को दफा १५(१) बमोजिम कसुर गरेको ठहऱ्याई अभियोग दाबीअनुसार बिगोबमोजिम रू.७,००,०००।- जरिवाना हुने र कैद १० दिन र बिगो भराउने गरी उच्च अदालत पाटनबाट मिति २०७५।५।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल पौष २७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-RB-०९४५, बैंकिङ कसुर, *राजेन्द्र महर्जन नेपाल सरकार*

प्रस्तुत मुद्दाको सन्दर्भमा विनिमेय अधिकार पत्र ऐन, २०३४ आकर्षित हुने हो वा बैंकिङ कसुर तथा सजाय ऐन, २०३४ लागु हुने हो भन्नेतर्फ विवेचना गर्नुपर्ने देखियो । २०३४ सालमा निर्मित कानून विनिमेय अधिकार पत्र ऐन, २०३४ ले सम्बोधन गर्न नसकेको कारण बैंकिङ तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसुरजन्य कार्यबाट बैंक तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न बैंकिङ कसुर तथा सजाय ऐन कार्यान्वयनमा आएको देखिन्छ । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ मा मिति २०७३।६।१८ मा भएको पहिलो संशोधनअनुसार दफा ३ मा देहाय (ग) थप गरी आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिने कार्यलाई बैंकिङ कसुर गरेको मानिने

व्यवस्था गरेको देखिन्छ । विनिमेय अधिकार पत्र ऐन, २०३४ को व्यवस्थाले सम्बोधन गर्न नसकेको कारण नै विधायिकाले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ संशोधन गरी चेक अनादरको विषय बैंकिङ कसुरभित्र समावेश गरेको देखिने ।

कानून स्पष्ट रहेको अवस्थामा कानूनले जे भन्दछ सोहीअनुसार र कानून स्पष्ट नभएको अवस्थामा अदालतद्वारा प्रतिपादित सिद्धान्तहरू नै कानूनको रूपमा रहन्छ । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) मा चेक अनादरलाई बैंकिङ कसुरअन्तर्गतको कसुर मानिरहेको परिप्रेक्ष्यमा विनिमेय अधिकार पत्र ऐन, २०३४ आकृष्ट हुने भन्ने प्रश्न नै रहँदैन । यदि विनिमेय अधिकार पत्र ऐन, २०३४ अन्तर्गत चेक अनादरको मुद्दालाई हेर्ने हो भने बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) लाई अदालतमा चुनौती दिई संवैधानिक व्यवस्थाको विपरीत छ भने अदालतले ultra vires गर्नुपर्ने हुन्छ । पुनरावेदकले उक्त कानूनी व्यवस्था बदरको माग लिएको देखिँदैन । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) लाई अदालतबाट बदर गरिएको अवस्था नरही विधायिका निर्मित कानून नै मौजुदा रहिरहेको अवस्थामा सो कानून नै अमान्य हुने गरी व्याख्या गर्न नमिल्ने हुँदा बैंकिङ कसुरअन्तर्गत नै चेक अनादरको विषयलाई हेरिनुपर्ने ।

सिद्धान्ततः कुनै पनि आपराधिक कार्य स्थापित हुन actus reus र mens rea तत्त्व हुन जरूरी हुन्छ । कुनै पनि कार्यको पहिलेबाट परिणामको अन्दाज गरी सो परिणाम हासिल गर्ने काम गरिन्छ भने त्यस्तो कार्यलाई मनसायपूर्वक गरिएको कार्य भनिन्छ । प्रस्तुत मुद्दामा राजेन्द्र महर्जनले आफ्नो खातामा रू.७७.७७ मात्र भएको जानकारी भएको अवस्थामा जाहेरवालालाई रू.५,७४,००० को चेक काटी दिनुले राजेन्द्र महर्जनको मनसाय प्रतिवादीलाई पैसा नदिने नै देखिन्छ । यसरी प्रतिवादीले आफ्नो खातामा मौज्दात रकम नभएको अवस्थामा अर्काको रकम नतिर्ने नियतले चेक काट्ने कार्यलाई आपराधिक कार्य मान्नुपर्ने देखिएकोले निजले मनसायपूर्वक आपराधिक कार्य गरेको देखिने ।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) ***मा आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिन हुँदैन*** भन्ने कानूनी व्यवस्था प्रस्ट रूपमा उल्लेख भएको छ । यस परिप्रेक्ष्यमा राजेन्द्र महर्जनले अदालतसमक्ष बयान गर्दा खातामा पैसा थिएन भन्ने मलाई थाहा थियो भनी बयान गरेको देखिन्छ । यसरी प्रतिवादी राजेन्द्र महर्जनले खातामा मौज्दात रकम नहुँदानहुँदै चेक काटिदिनुले प्रस्तुत कानूनी व्यवस्थाको उल्लङ्घन गरेको होइन भन्न नमिल्ने ।

"***खातामा चेकमा उल्लेख गरिएबमोजिम पर्याप्त रकम नभएको भन्ने चेक जारी गर्ने व्यक्तिलाई चेक जारी गर्ने बेलामा थाहा जानकारी भएको र उक्त तथ्य थाहा हुँदाहुँदै निजले दोस्रो व्यक्तिलाई रकम उल्लेख गरी चेक जारी गरेको हो भने त्यस्तो कार्य जानी जानी गरेको मान्नुपर्ने हुन्छ । वस्तुतः चेक जारी गरिने तर चेक भुक्तानी हुन नसक्ने अवस्थाको पूर्वजानकारीसहित चेक काट्ने तथा त्यसको आधारमा भुक्तानी लिने दिने कार्यले नै कसुरलाई स्थापित गर्ने नगर्ने सम्बन्धमा भूमिका खेल्ने*** ।" (ने.का.प २०७६, अङ्क ४, नि.नं.१०२४१) मन्दिरादेवी धुजु श्रेष्ठ विरूद्ध नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । राजेन्द्र महर्जनले अदालतसमक्ष भएको बयानको स.ज. ५ मा प्रस्ट रूपमा खातामा पैसा थिएन भन्ने कुरा मलाई थाहा थियो भनी बयान गरिरहेको र खातामा मौज्दात रकम पर्याप्त नभएकोले चेकमा उल्लिखित रकम भुक्तानी हुन नसकेको हो भन्ने मेगा बैंकको पत्रबाट देखिँदा राजेन्द्र महर्जनलाई पूर्वजानकारी हुँदाहुँदै चेक दिने कार्य भएको हुँदा प्रस्तुत

सिद्धान्त यस मुद्दामा समेत आकर्षित हुने ।

उल्लिखित तथ्य कानूनी व्यवस्था एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारबाट प्रतिवादीले हस्ताक्षरसहितको चेक सटहीको लागि दिएकोमा अपर्याप्त रकमका कारण भुक्तान हुन नसकेको बेहोरा बैंकको फिर्ता रसिद र प्रतिवादीले अदालतसमक्ष बयानमा स्वीकार गरिरहेको अवस्थामा राजेन्द्र महर्जनले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ विपरीत कार्य गरेको देखिने ।

अत: राजेन्द्र महर्जनले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ बमोजिमको कसुर गरेको देखिँदा ऐ. को दफा १५(१) बमोजिम कसुर गरेको ठहऱ्याई अभियोग दाबीबमोजिमको जाहेरवालालाई बिगो रू.५,७४,०००।- भराई पाउने र बिगोबमोजिम जरिवाना र कैद १४ दिन हुने गरी उच्च अदालत पाटनबाट मिति २०७५।०९।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल पौष २७ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०६९-WO-१२४९, उत्प्रेषण, *जंगबहादुर साह कानु वि. जिल्ला प्रहरी कार्यालय, धनुषासमेत*

प्रस्तुत मुद्दामा विपक्षीहरूबाट प्रहरी ऐन, २०१२ को दफा १० तथा प्रहरी नियमावली, २०४९ को नियम ८९(२) बमोजिम यी निवेदकलाई के कस्तो सजाय हुन लागेको हो, सो कुरासमेत खुलाई सूचना दिई आफ्नो सफाइ पेस गर्ने मौका दिइएको अवस्था मिसिलको रोहबाट नदेखिने ।

निवेदक जंगबहादुर साह कानु मिति २०६७।१०।१७ गते १० दिन घरबिदा स्वीकृत गराई घरबिदामा गएकोमा लामो अवधिसम्म पनि सम्पर्कमा नआएको निजको खोजतलास गर्दा तथा मुलुकी ऐन, अ.बं.११० नं. बमोजिम हाजिर हुने सूचना निजको घर दैलोमा टाँस गर्दासमेत कुनै किसिमको जानकारी नगराई गैरहाजिर रहेको र सम्पर्क गर्नसमेत नआएकोले राष्ट्रिय दैनिक गोरखापत्रमा ७ दिनभित्र हाजिर हुन आउने सूचना प्रकाशित गर्दासमेत हाजिर हुन नआएकोले स्पष्टीकरण सोध्न असम्भव थियो भन्नेतर्फ हेर्दा निज निवेदक आफू बिराम ठीक भएपछि कार्यालयमा हाजिर हुन जाँदा हाजिर हुन नदिएको भन्ने निवेदनमा उल्लेख गरेको देखिएकोले सो अवस्थामा निजलाई हाजिर गराई स्पष्टीकरण सोध्नुपर्ने देखिने ।

निजउपर कारबाहीको उठान गरिएको सूचनामा पनि १० दिन घरबिदा स्वीकृत गराई घरबिदामा गएकोमा लामो अवधिसम्म पनि कार्यालयमा गैरहाजिर रहेको भनी कारबाही गरेको देखिन्छ तर निवेदक श्रीमती बिरामी भएकोले १० दिन घरबिदा स्वीकृत गराई घरबिदामा गएकोमा निज आफैँ बिरामी भई चिकित्सकसँग चेक जाँच गराउँदा चिकित्सकले बेडरेस्ट गर्न सल्लाह दिएकोले बेडरेष्ट गरी बसेको भनी निजले पुनरावेदनको निवेदनमा समेत खुलाएको देखिन्छ । निजले उपचार गराएको डाक्टरको पुर्जासमेत पेस गरेको देखिन्छ । त्यस्तो उपचारमा रहँदाको अवस्थालाई समेत गैरहाजिर भएको भनी भएको निर्णय मिलेको नदेखिने ।

प्रहरी नियमावली, २०४९ को नियम ८९(२)(ग) बमोजिम यी निवेदकलाई सफाइ पेस गर्न मौका दिन मनासिब नपर्ने भनी पर्चा खडा गरे पनि सो पर्चामा आधार र कारण खुलाइएको नदेखिँदा विपक्षीहरूबाट कानूनको रीत पुऱ्याई कारबाही गरेको भन्न मिलेन । यी निवेदकलाई नोकरीबाट हटाउँदा कानूनबमोजिमको सफाइको मौका नदिइएको र सफाइको मौका दिन मनासिब नरहेको भनी पर्चा खडा गरे तापनि सोको आधार र कारण खुलाई प्रहरी नियमावली, २०४९ को नियम ८९(२)(ग) बमोजिमको कानूनी कार्यविधिको

पूर्णपालना नगरिएको देखिँदा निवेदकलाई नोकरीबाट हटाउने गरी विपक्षीहरूबाट भएको निर्णय कानूनसम्मत मान्न नमिल्ने ।

अतः विवेचित आधार, कारण, कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतबाट निवेदक प्रहरी हवल्दार निवेदक जंगबहादुर साह कानुलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने सम्बन्धमा भएको जिल्ला प्रहरी कार्यालय, धनुषाको मिति २०६९।९।१६ को निर्णय तथा सोही निर्णयलाई सदर गरेको मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाको मिति २०७०।९।१४ को निर्णयसमेत प्रहरी नियमावली, २०४९ तथा प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर हुन्छ । अब निवेदकलाई निज कार्यरत प्रहरी हवल्दार पदमा पुनर्बहाली गरी कानूनबमोजिम कामकाज लगाउनु र निजले तलब भत्ताको समेत माग गरेको सम्बन्धमा प्रचलित कानूनबमोजिम के कसो हुने हो हेरी निर्णय गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०६९-WO-१३२१, उत्प्रेषण / परमादेश, भरतकुमार नेपाल वि. प्रहरी प्रधान कार्यालय नक्सालसमेत
- ०६९-WO-१३२१, उत्प्रेषण / परमादेश, मनोज साह तेली वि. जिल्ला प्रहरी कार्यालय, बारासमेत

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-RC-००८५, कर्तव्य ज्यान, नेपाल सरकार वि. शिव परियार

मृतक तथा प्रतिवादी लोग्ने स्वास्नीको नाताका व्यक्ति रहेको, प्रतिवादीले मृतकलाई कुटपिट गरेकोमा पूर्ण साबित भई मौकामा तथा सुरू अदालतमा बयान गरेको, घटनास्थल लास जाँच प्रकृति मुचुल्काबाट मृत लासमा गम्भीर प्रकृतिका घाउचोट नदेखिएको, प्रतिवादीको मौकाको बयानबाट आफू सामान्य परिवारको व्यक्ति भएको र ज्याला मजदुरीमार्फत जीविका निर्वाह गर्ने गरेको तर निजकी श्रीमती मृतक अमृता नेपाली केटाहरूसँग रक्सी खाई मतिई बस्ने भएकोले झगडा भई सोही झगडाको कारण घटना घट्न गएको भन्ने देखिएको, घटनामा प्रतिवादीबाट कुनै किसिमको जोखिमी हतियार प्रयोग भएको नदेखिएको, प्रतिवादी आफू मजदुरी काम गरी खाना खान डेराकोठामा आएकोमा अमृता नेपालीले खाना नबनाई रक्सी सेवन गरी मातिरहेको अवस्थामा किन खाना नबनाएको भनी सोध्दा मुख लगाएको कारण झगडा कुटपिट भएको, घटनापश्चात् मृतक र प्रतिवादी सँगै एउटै कोठामा रहे बसेको, प्रतिवादीले मृतक अमृता नेपालीलाई मर्ने अघिल्लो दिन औषधी ल्याउँछु भन्दा मृतकले नै पर्दैन भनेको, मृतकको मृत्यु भएको दिनमा प्रतिवादीले गुल्कोज पानी बनाएर खान दिई काममा गएको भन्ने खुलाएको र उक्त गुल्कोजको खाली बट्टा एवं पानी पोखिएको अवस्थामा भेटिएको भन्ने घटनास्थल लास जाँच प्रकृति मुचुल्काबाट पुष्टि भएकोलगायतका मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिन आयो । साथै यी प्रतिवादीको उमेर, अपराधको पृष्ठभूमि, निजको पारिवारिक अवस्थासमेतलाई विचार गरी यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को नै पर्ने देखिन आयो । यस स्थितिमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई ७ वर्ष कैद सजाय उपयुक्त हुने भनी व्यक्त गरेको रायसमेत मनासिब नै देखिने ।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट मृतक अमृता नेपालीको मृत्यु प्रतिवादी शिव

परियारको कर्तव्यबाट भएकोमा विवाद नदेखिएको, निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने साथै निजको पारिवारिक अवस्था, उमेर तथा अपराधको पृष्ठभूमिसमेतलाई विचार गरी ७ (सात) वर्ष कैदको राय व्यक्त गरी उच्च अदालत पोखराबाट मिति २०७५।९।१७ मा भएको फैसला मिलेकै देखिँदा प्रतिवादी शिव परियारको हकमा यस अदालतमा जाहेर हुन आएको साधक सदर हुने।

इजलास अधिकृतः नविन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल पुस २५ गते रोज ६ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०६९-CI-०७९६, जग्गा खिचोला चलन, *कृष्णदेवी मानन्धर वि. गणेशबहादुर कार्की*

साबिक कि.नं.३९७ र १५८ को जग्गा वादीको र साबिक कि.नं.३९८ र १२९ को जग्गा प्रतिवादीको भएकोमा कुनै विवाद देखिँदैन । सुरू अदालतबाट मिति २०६४।११।९ भएको नक्सा मुचुल्का र मिति २०६७।८।२८ मा अमिनले दिएको प्रतिवेदनअनुसार कि.नं.३९७ को उत्तरतर्फको विवादित स्थानलाई न.नं.१२ ले सङ्केत गरेको देखिन्छ । सो न.नं.१२ साबिक सर्भे नक्साअनुसार वादीको कि.नं.३९७ को जग्गा रहेको र हाल प्रतिवादीको कम्पाउण्डभित्र रहेको भन्ने देखिँदा सो न.नं.१२ को क्षेत्रफल ०-०-०-२१/२ जग्गा प्रतिवादीले खिचोला गरेको देखिएबाट सो खिचोला मेटाई वादीले चलन पाउने।

वादीको जग्गाको पूर्वतर्फको सिमानामा वादीको घरपछि पाँच फिट जग्गा र सोपछि प्रतिवादीको विवादित घरको अस्तित्व रहेको कुरा वादीलाई २०५५ सालमा नक्सा पास गर्दाकै अवस्थामा जानकारी भइरहेको र काठमाडौं महानगरपालिकामा नक्सा पास गर्दा विवादित स्थानमा प्रतिवादीको घर रहेको तथ्यलाई स्वीकार गरी सोहीबमोजिम आफ्नो जग्गामा घर बनाउन नक्सा पासको लागि निवेदन दिइसकेपछि २०५८ सालमा मात्र सो घरसमेत भत्काइपाउँ भनी वादीले फिराद गरेको देखिन्छ । आफ्नो जग्गाको सिमाना यो हो भनी एक पटक स्वीकार गरी सोहीअनुरूप नक्सा पासको लागि निवेदन दिई लिखित रूपमा र आचरणबाट समेत वादीले सो तथ्यलाई स्वीकार गरी विबन्धित भइसकेको अवस्थामा हाल आएर प्रतिवादीले आफ्नो जग्गा खिचोला गरेको भन्ने वादी दाबी पुग्न नसक्ने देखिएकोले सुरू अदालतबाट मिति २०६४।११।९ मा भएको नक्सा मुचुल्काअनुसार न.नं.१४ को जग्गामा प्रतिवादीले खिचोला गरेको देखिँदा सो खिचोला मेटाई सो जग्गामा बनेको घरसमेत हटाई दाबीबमोजिम वादीले चलन चलाई पाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।५।२५ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई उक्त न.नं.१४ को जग्गा पुनरावेदिका प्रतिवादीको हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल पुस १८ गते रोज ६ शुभम्।

## इजलास नं.३

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७१-CR-१४६०, ०७५-RC-०१४०, अपहरण तथा शरीर बन्धक, कर्तव्य ज्यान, नेपाल सरकार वि. जगरनाथ यादवसमेत, नेपाल सरकार वि. जगरनाथ यादवसमेत*

मृतक मोवारक राइनको घटनास्थल प्रकृति मुचुल्का हेर्दा बालुवा खोलामा लास रहेको, लासको वरिपरि सिरू घाँस रही मडारिएको देखिएको, लाससँगै रगत लागेको अन्दाजी १/२ के.जी. बराबरको ढुङ्गा बरामद भएको, लासको विवरण हेर्दा नाक, कानबाट

रगत निस्किएको, घाँटीमा डाम देखिएको, टाउकोको पछाडिपट्टि २ इन्च लामो बराबर काटिएको घाउ रहेको, सो नजिकै १ इन्च लामो काटिएका घाउ रहेको, सो घाउबाट रगत बगी कपाल रगतले भिजेको, अनुहार सुन्निएको भन्नेसमेत बेहोराको लास प्रकृति तथा घटनास्थल विवरण भएको र मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा The cause of death is head injury उल्लेख भई External Examination on मा sharp cut 2x2 inch (R) ear, second injury over lateraly 1x1 inch, facial swelling भनी उल्लेख भएको देखिँदा यी नाबालिग मुबारक राइनको मृत्यु स्वाभाविक नभई कर्तव्यबाट भएको भन्ने पुष्टि हुन आउने।

अब निजको मृत्यु को कसको कर्तव्यबाट भएको हो भन्ने सन्बन्धमा हेर्दा प्रतिवादी लक्ष्मण यादवका सम्बन्धमा हेर्दा निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुरमा साबित भई बयान गरेकोमा निजले अदालतमा बयान गर्दा कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ । सहप्रतिवादी जगरनाथ यादवले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मृतक मुवारक राइनलाई आफू तथा प्रतिवादीहरू लक्ष्मण यादव, श्रीनारायण मण्डल, साहिद शेषले नाबालिग सतिश साह र मोवारक राइनलाई अपहरण गरी निजहरूका अभिभावकहरूबाट फिरौती रकम माग गर्ने योजना मुताबिक मिति २०६७।७।४ मा निज नाबालिगहरूलाई अपहरण गरी प्रतिवादी राजे महतोको गाडीमा गाडी चालक सुधिर साहले चलाएको गाडीमा राखी अपहरित नाबालिगहरूसहित प्रतिवादीहरू लक्ष्मण यादव र श्रीनारायण मण्डलले नाबालिग सतिश साहका हजुरबुबा खेहरू साहसँग बारम्बार फोन सम्पर्क गरी फिरौती रकम रू. २,७५,०००।– लिने तय भई सो रकम निजहरूले भनेको ठाउँमा पुर्‍याएपश्चात् सतिश साहलाई अपहरणमुक्त गरेको र अर्का अपहरित नाबालिग मुबारक राइनले प्रतिवादी साहिद शेषसँग फिरौतीको रकमको हिस्सा माग गरेकोमा निजलाई उक्त रकमको हिस्सा नदिँदा गाउँमा गई भनिदिने डरले यी प्रतिवादीहरूले नाबालिगहरूलाई डल्केवर धारापानी यज्ञभूमि गाउँ विकास समिति वडा नं. ७ स्थिति खोलाको किनारामा रहेको बाँसको घारीनजिक राखी सुरू सल्लाहअनुसार मनोज मण्डल, साहिद शेषले मोवारक राइनको खुट्टा समाती, मनोज मण्डल, श्रीनारायण मण्डलले मुख थुनी उक्त स्थानमा घिसारी लगी रूखको बिचमा लडाई मनोज मण्डल खत्वेले र साहिद शेषले मोवारक राइनको दुवै हात समाती राखेकोमा साथी लक्ष्मण यादवले ढुङ्गा हातमा लिई टाउकोको भागमा प्रहार गरी मोवारक राइनको मृत्यु भएपश्चात् सतिश साहलाई साथमा लिई खोलाको बाटो हुँदै राजमार्गमा आई बसमा चढाई पुनः डल्केवर आएको हो भनी लेखाएको देखिन्छ । अन्य सहप्रतिवादीहरू श्रीनारायण मण्डल, सुधिर साह र राजे महतोले समेत सहप्रतिवादी जगरनाथ यादवको बयानसँग मेल खाने गरी बयान गरेको देखिन्छ । अन्य सहप्रतिवादीहरू आफू कसुरमा साबित रही निज प्रतिवादी लक्ष्मण यादवलाई पोल गर्नुपर्ने अन्य कुनै कारण भएको देखिँदैन । निजले आफू उक्त वारदातमा संलग्न नरहेको भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा, सहप्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयानलाई लास जाँच प्रकृति मुचुल्कामा मृतकको टाउकोमा लागेको चोटका कारण मृत्यु भएको भन्ने तथ्यले समर्थन गरेको देखिने।

मोवारक राइनको शव परीक्षण प्रतिवेदनमा The cause of death is head injury उल्लेख भई External Examination on मा sharp cut 2x2 inch (R) ear, second injury over lateraly 1x1 inch, facial swelling भनी उल्लेख भएको भन्ने देखिन्छ । सो तथ्यलाई प्रतिवादी जगरनाथ यादवले सिलसिलेवार रूपमा गरेको बयानलाई अन्यथा हो भनी निजले वस्तुनिष्ठ प्रमाणले पुष्टि

गर्न सकेको देखिँदैन । त्यसैगरी अपहरण मुक्त भएका नाबालिग सतिश साहले गरेको घटना विवरण कागजलाई समर्थन हुने गरी अदालतमा भएको बकपत्र, घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट निजले अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद र अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम १० वर्ष कैद र रू.५०,०००।- जरिवाना तथा सोही महलको ७ र ९ नं. बमोजिम थप २-२ वर्षसमेत १४ वर्ष कैद हुने ठहरी सुरू जिल्ला अदातलबाट भएको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादीहरू जगरनाथ यादव र श्रीनारायण मण्डलका सम्बन्धमा हेर्दा प्रतिवादीमध्येका जगरनाथ यादवले मृतक मोवारक राइनलाई सबै प्रतिवादीहरू मिली अपहरण गरी लगी फिरौतीको पैसाको भाग नदिएमा गाउँमा भनिदिने डरले नाबालिगहरूलाई डल्केवर धारापानी यज्ञभूमि गाउँ विकास समिति वडा नं. ७ स्थित खोलाको किनारामा रहेको बाँसको घारीनजिक राखी सुरू सल्लाहअनुसार मनोज मण्डल, साहिद शेषले मोवारक राइनको खुट्टा समाती, मनोज मण्डल, श्रीनारायण मण्डलले मुख थुनी उक्त स्थानमा घिसारी लगी रूखको बिचमा लडाई मनोज मण्डल खत्वेले र साहिद शेषले मोवारक राइनको दुवै हात समाती राखेकोमा साथी लक्ष्मण यादवले ढुङ्गा हातमा लिई टाउकोको भागमा प्रहार गरी मोवारक राइनको मृत्यु भएपश्चात् सतिश साहलाई साथमा लिई खोलाको बाटो हुँदै राजमार्गमा आई बसमा चढाई पुनः डल्केवर आएको हो भनी लेखाएको देखिन्छ । अन्य सहप्रतिवादीहरू लक्ष्मण यादव, श्रीनारायण मण्डल, सुधिर साह र राजे महतोले समेत सहप्रतिवादी जगरनाथ यादवको बयानसँग मेल खाने गरी अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबाट देखिन्छ।यी प्रतिवादीहरूको मृतकलाई वारदातस्थलमा पुऱ्याई कर्तव्य गरी मार्नमा प्रमुख भूमिका रहेको देखिन्छ । निज प्रतिवादीहरूले एक अर्कोलाई गरेको निजहरूको अनुसन्धान अधिकारीसमक्षको बयानबाट पुष्टि हुँदा निजहरूले उक्त वारदातस्थलमा आफूहरू उपस्थित नभएको भन्ने जिकिर पत्यारलायक देखिएन । निजहरूले अनुसन्धान अधिकारीसमक्ष आफूलाई कसुर स्वीकार गर्न बाध्य पारिएको भन्नेतर्फ हेर्दा निजलाई के कुन परिबन्धमा कसुर स्वीकार गर्नु परेको हो सो खुलाउन सकेको नदेखिने ।

प्रतिवादीहरूको इन्कारी बयान स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुराको वस्तुनिष्ठ रूपमा प्रमाणितसमेत गराउनु सक्नुपर्छ । तर प्रतिवादीहरूले आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजहरूले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्ति उल्लिखित प्रमाणहरूबाट समर्थित भइरहेकोले निजको सो बयान निजहरूको विरूद्ध प्रमाणमा लिन मिल्ने देखिएको निजहरूको हकमा भएको पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा देखिन नआउने ।

वादी नेपाल सरकारको तर्फबाट प्रतिवादीहरू राजे महतो र सुधिर साहलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदनको हकमा विचार गर्दा नाबालिग मोवारक राइन र सतिस साहलाई अपहरण गरी फिरौती लिने अन्य प्रतिवादीहरूको मत सल्लाह योजनामा यी प्रतिवादीहरू संलग्न नरहेको तथ्य, आफूहरू कसुरमा साबिती भई एक अर्कामा पोल गरी बयान गर्ने जगरनाथ महतो, लक्ष्मण महतो, श्रीनारायण

महतोसमेतले भन्न लेखाउन सकेको पाइँदैन, मौकामा कागज गर्ने खेहरू साह, सहिदा खातुन, पीडित नाबालल सतिस साहसमेतले यी प्रतिवादीहरूले पीडित बालकलाई अपहरण गर्ने क्रममा के कस्तो भूमिका निर्वाह गरेको हो सो तथ्य खुलाउन सकेको देखिँदैन । प्रतिवादी सुधिर साह प्रतिवादी राजे महतोको गाडी चालक भएको यी प्रतिवादीसँग प्रतिवादी श्रीनारायणसमेतको चिनजानसम्म रहे भएको देखिन्छ । चिनजानको नाता र भाडाको गाडी सञ्चालक भएकोसम्म आधारमा दुईटा केटाहरूलाई बर्दिबाससम्म पुऱ्याइदिनु पऱ्यो भन्ने श्रीनारायणसमेतका प्रतिवादीको आग्रहबमोजिम रू.५,०००।- मा स्वाभाविक भाडा दर कायम भई लिने दिने सर्तमा सुधिर साहले बर्दिबाससम्म पुऱ्याई दिएको सोपश्चात् सोही दिन गाडी फिर्ता ल्याएको देखिन्छ । यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा केही अंश वा बालक अपहरण गर्ने कार्य अन्य प्रतिवादीहरूले गरेको जानकारी पाएको भन्ने आधारमा बयान गरेको भए तापनि अदालतमा यी प्रतिवादीहरूले इन्कारी बयान गरेको देखिन्छ । प्रतिवादीहरूको अपहरणको आपराधिक गतिविधिमा सहमति संलग्नता रहे भएको तथ्य स्वतन्त्र प्रमाणबाट पुष्टि एवं प्रमाणित भएको अवस्था देखिँदैन । प्रमाणको भार शंकारहित तवरले पुष्टि गर्ने भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादीहरू राजे महतो र सुधिर साहले कसुर गरेको कुरा वस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला सो हदसम्म मिलेकै देखिन आउने ।

वादी नेपाल सरकारको तर्फबाट अपहरण तथा शरीर बन्धक लिनेको महलको १२ नं. कानूनी व्यवस्था सम्बन्धमा केही नबोली भएको सुरू फैसला सदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूबाट पीडितका अभिभावकलाई क्षतिपूर्ति एवं फिरौती रकम फिर्ता दिलाई भराई सो फिरौती रकमबमोजिम प्रतिवादीहरूलाई जरिवानासमेत गरिपाउँ भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा वादी नेपाल सरकारको तर्फबाट यी प्रतिवादीहरूसमेत उपरको २०६७।९।४ मा अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यानको अभियोगपत्र दायर गर्दा अपहरण तथा शरीर बन्धकको महलको १२ नं. को कानूनी व्यवस्थाको माग दाबी लिएको देखिँदैन । सो अभियोगपश्चात् मिति २०६७।९।१३ मा १२ नं. बमोजिमको दाबी छुट्न गएकोले सो नं. बमोजिम विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूबाट पीडित तथा निजका अभिभावकलाई क्षतिपूर्ति फिरौती रकम फिर्ता दिलाई भराई पाउने दाबी अभियोगपत्रमा कायम गरिपाउन भनी निवेदनपत्र जिल्ला अदालतमा दायरसम्म भएको अवस्था देखिएको सो दायर भएको निवेदनपत्रलाई अभियोग पत्रको अभिन्न अङ्ग कायम गरेको वा नगरेको सो सम्बन्धमा निवेदनपत्रमा केही आदेश बेहोरा उल्लेख भएको अवस्था नदेखिँदा सो निवेदनलाई अभियोगको अभिन्न अङ्ग मानी सोही निवेदनको आधारमा मात्रै दाबी कायम गर्न मिल्ने अवस्था नदेखिँदा मौकैमा दायर भएको अभियोगमा कानूनबमोजिम कानूनले खुलाउनुपर्ने कानूनले निर्धारण गरेको दाबी लिनुपर्नेमा कानूनबमोजिम दाबी नै लिएको नदेखिँदा स्वयं अदालत नै वादी भएसरह दाबी कायम गर्न नमिल्ने भएको हुनाले सो १२ नं. का आधारमा जिकिर लिएबमोजिम फिरौती रकम फिर्ता तथा क्षतिपूर्ति भराइपाउँ भन्ने सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार, कारणहरूबाट नाबालिगहरू मोवारक राइन र सतिश साहलाई अपहरण गरी मोवारक राइनलाई कर्तव्य गरी मारेकोले अपहरण तथा शरीर बन्धक लिनेको महलको १२ नं. कानूनी व्यवस्थाबमोजिम प्रतिवादीहरूबाट पीडितका अभिभावकलाई क्षतिपूर्ति एवं फिरौती

रकम फिर्ता दिलाई भराई सो फिरौती रकमबमोजिम प्रतिवादीहरूलाई जरिवानासमेत गरी प्रतिवादीहरू राजे महतो र सुधिर साहलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन ठोस, भरपर्दो र विश्वसनीय प्रमाणबाट पुष्टि नभएकोले सोतर्फको पुनरावेदन जिकिर पुग्न सक्दैन। पुनरावेदक प्रतिवादी लक्ष्मण यादवलाई ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद र अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम १० वर्ष कैद र रू.५०,०००।- जरिवाना सोही महलको ७ र ९ नं. बमोजिम थप २-२ वर्षसमेत १४ वर्ष कैदको सजाय हुने ठहराई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालतबाट भएको फैसलाको हकमा हेर्दा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय ३ मा "लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरैजनाको हूल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ। सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी लक्ष्मण यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय ३ अनुसार कसुरदार ठहऱ्याई निजलाई सर्वस्वसहित जन्मकैद सजाय हुने ठहऱ्याएको उच्च अदालत जनकपुरको फैसला मिलेको देखिए पनि मुलुकी अपराध संहिता, २०७४ ले सर्वस्व हुने गरी सजाय नगरिने व्यवस्था गरेको सन्दर्भमा सम्बन्धित कानूनी व्यवस्थाहरू उल्लेख गर्न सान्दर्भिक हुने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (३) मा रहेको उपर्युक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा उच्च अदालत जनकपुरबाट यी पुनरावेदक प्रतिवादीलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको मिलेको देखिन आए पनि मुलुकी अपराध संहिता, २०७४ दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा उपर्युक्त व्यवस्था रहेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीलाई सर्वस्वको सजाय नहुने भई प्रतिवादी लक्ष्मण यादवलाई जन्मकैद सजाय हुने तथा अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम १० वर्ष कैद सोही महलको ७ र ९ नं. बमोजिम थप २-२ वर्षसमेत १४ वर्ष कैद सजाय भई ठुलो खतमा सानो खत खापिने र रू.५०,०००।- जरिवाना हुने।

प्रतिवादीमध्येका जगरनाथ यादव र श्रीनारायण मण्डलको हकमा ज्यानसम्बन्धीको महलको १३(४) बमोजिम जन्मकैदको सजाय गर्ने गरी सुरू धनुषा जिल्ला अदालतको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।७।२६ मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार ३१ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CR-१४७८, ०७५-CR-०६९४, चोरी, *पूजा राई वि. नेपाल सरकार, नेपाल सरकार वि. पूजा राईसमेत*

प्रतिवादी र जाहेरवालाकी छोरी नेहा सिंह भण्डारी पूर्व चिनजानका साथी साथी भएको कारण

निज प्रतिवादी मिति २०७३।०१।१९ का दिन जाहेरवालाको घरमा बस्न गएको तथ्यलाई स्वीकार गरी अदालतमा बयान गरेको देखिन्छ। जाहेरवालाको घरबाट प्रतिवादी पूजा राईले चोरी गरेका गरगहना निजका साथबाट बरामद भएकोमा ललितपुर सुन चाँदी व्यवसायी सङ्घले उक्त गरगहनाहरूको मूल्य रू. ५,००,२४०।- कायम भएको तथ्य मिसिल संलग्न सो सङ्घको पत्रबाट देखिने।

यसरी प्रतिवादी पूजा राईले उल्लिखित चोरीको कसुर गरेको तथ्य स्थापित भएको र निजले प्रस्तुत चोरीको वारदात पहिलो पटक गरेको मिसिलबाट समेत खुल्न आएको देखिने।

प्रतिवादीले अदालतमा बयान गर्दा उक्त मालसामान जाहेरवालाको छोरी नेहा सिंह भण्डारीले निजैको साथी विक्रम गुरूङलाई दिनका लागि लगी दिएको हो, चोरी गरेको होइन भनी जिकिर लिएको भए पनि नेहा सिंहको मौकाको कागज तथा बकपत्रबाट सो कुरा खण्डित भएको र उक्त कुरालाई यी प्रतिवादी स्वयम्ले साक्षी प्रमाणद्वारा पुष्टि गर्न नसकेको र मिसिल संलग्न प्रमाण कागजातहरूबाट समेत यी प्रतिवादी पूजा राईले जाहेरवालाको सुन तथा चाँदीका गरगहनाहरू चोरी गरी लगेको भन्ने तथ्य स्थापित भइरहेको सन्दर्भमा निज प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान विश्वसनीय नदेखिने।

प्रतिवादी पूजा राईले अनुसन्धानका क्रममा बयान गर्दा जाहेरवालाको घरमा चोरी गरेमा साबित रहेको, निजको साथबाट चोरीका गरगहना बरामद भएको, बरामदी मुचुल्कामा यी प्रतिवादी रोहवरमा बसी सहीछापसमेत गरेको कुरा खानतलासी तथा बरामदी मुचुल्काबाट देखिएको अवस्थामा यी प्रतिवादीले अभियोग दाबीको चोरीको कसुर गरेको कुरा पुष्टि हुन आएकाले यी प्रतिवादीबाट बरामद भएका सुन तथा चाँदीका गहनाको मूल्य रू. ५,००,२४०।- (पाँच लाख दुई सय चालिस रूपैयाँ) कायम हुने भनी ललितपुर सुन चाँदी व्यवसायी सङ्घले खुलाएको मूल्यलाई बिगो कायम गरी सुरू अदालतले यी पुनरावेदक प्रतिवादीलाई ०।१।० (एक महिना) कैद र रू. ५,००,२४०।- (पाँच लाख दुई सय चालिस रूपैयाँ) जरिवाना गर्ने गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

चोरी भएको धनमाल प्रतिवादीले नासेको मासेको कारण फेला पार्न नसकेको भए सोको पुष्टि हुने प्रमाण दाबी गर्ने पक्षले पुर्‍याउनु पर्नेमा सो कुराको पुष्टि वादी पक्षले गर्न नसकेबाट केवल जाहेरीमा उल्लेख भएको आधारमा दाबी लिँदैमा बिगो कायम गर्नु न्यायसङ्गत हुँदैन। महानगरीय प्रहरी परिसर ललितपुर, अपराध अनुसन्धान तथा कारबाही शाखाको मिति २०७३।०२।१७, च.नं. ३७९३ को सुन चाँदी व्यवसायी सङ्घ, गावहाल, ललितपुरलाई चोरीको सुनको मूल्य खुलाई पठाइदिन पत्राचार गरेकोमा उक्त सुन चाँदी व्यवसायी सङ्घले चोरी भएको सुनको जम्मा मूल्य रू.५००२४०।- हुने भनी (पाँच लाख दुई सय चालिस रूपैयाँ) पत्र प्राप्त भएको देखिएकाले उक्त सुनको मूल्यलाई नै आधार मानी बिगो कायम गरी सुरू फैसला भएको र सो फैसलालाई सदर कायम गरेको उच्च अदालत पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

प्रतिवादी विश्वास गुरूङका हकमा विचार गर्दा, निज प्रतिवादीबाट चोरीको धनमाल बरामद भएको पाइँदैन। यी प्रतिवादीले अदालतमा बयान गर्दा अनुसन्धानका क्रममा भएको बयान मैले भनेबमोजिम भएको होइन, लेखी तयार पारेको कागजमा सही गर् भनेकाले सहीसम्म गरेको हुँ, प्रतिवादी पूजा राईलाई मात्र चिनेको र अन्य प्रतिवादीहरूलाई चिनेको छैन भनी बयान गरेको, मैले अपराध नगरेको हुँदा सफाइ पाउनुपर्छ भनी कसुरमा इन्कार रही बयान गरेको देखिने।

यसरी सहप्रतिवादी पूजा राईले चोरी गरेको

सुनका गहना / सामानहरू बिक्री गरी आएको रकम प्रतिवादी विश्वास गुरूङले बाँडी खाएको भन्ने अभियोग दाबी भए पनि उक्त रकममध्ये के कति रकम यी प्रतिवादीले बाँडी खाएको हो भन्ने कुरा अभियोग पत्रमा दाबी लिएको देखिन आउँदैन । मिसिल संलग्न अन्य कागज प्रमाणहरूबाट समेत यी प्रतिवादीले यो यति रकम निज सहप्रतिवादी पूजा राईसँग बाँडी खाएको भनी खुल्नसम्म नआएबाट प्रतिवादी विश्वास गुरूङले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने कुरा पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादीका हकमा उच्च अदालत पाटनबाट सफाइ पाउने गरी भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने देखिन नआउने ।

अर्का प्रतिवादी संजीवकुमार वि.क.को हकमा विचार गर्दा, प्रतिवादी संजीवकुमार वि.क.ले अनुसन्धानका क्रममा बयान गर्दा पूजा राईले बिक्री गर्न ल्याएको सुन चोरीको हो भन्ने थाहा जानकारी थिएन । आफूसँग काम गर्ने साथी प्रकाश विश्वकर्माले आफ्नै चिनजानका मानिस हुन् बिल नभए पनि फरक पर्दैन भनी विश्वास दिलाएकाले विश्वासमा परी उक्त सुन खरिद गरेको हुँ, जाहेरवालाको घरमा चोरी गर्ने वारदातमा मेरो संलग्नता छैन भनी बयान कागज गरेको देखिन्छ । निजले अदालतमा बयान गर्दा प्रकाश विश्वकर्मा पनि सुनको काम गर्ने कालीगढ भएको र निजले उक्त सुन आफ्नो बहिनी नाता पर्ने व्यक्तिको हुँदा बिल भोलि पर्सी ल्याइदिन्छु भनेकाले विश्वासमा परी सुनको मूल्य रू. २,४६,०००।- तय गरी तत्काल रू. १,२३,०००।- दिई बाँकी रकम पछि बिल प्राप्त भएपछि दिने सहमति भएको थियो । सो खरिद गरेको सुन चोरीको हो भन्ने जानकारी थिएन भनी आफ्नो बयानमा लेखाएको पाइन्छ । यी प्रतिवादीका साक्षी धिरज ओलीले पनि निजै प्रतिवादीको बयानलाई समर्थित हुने गरी बकपत्र गरेको देखिने ।

यसरी प्रतिवादी संजीवकुमार वि.क.ले अनुसन्धानमा र अदालतमा गरेको बयानमा आफूले खरिद गरेको सुनका सामानहरू चोरीको भन्ने थाहा जानकारी नपाएको भनी बयान गरेको, सो कुरालाई निज प्रतिवादीका साक्षी धिरज ओलीले निजको भनाइलाई समर्थित हुने गरी बकपत्र गरेको, प्रतिवादीमध्येका प्रकाश विश्वकर्माले अदालतमा गरेको बयानबाट पनि सो कुरा समर्थित हुन आएकाले निज प्रतिवादीका हकमा सुरू जिल्ला अदालतबाट सफाइ दिने गरी भएको सो फैसला उच्च अदालत पाटनबाट सदर गरेको फैसला अन्यथा मान्न नमिल्ने ।

त्यसैगरी अर्का प्रतिवादी प्रकाश विश्वकर्माको हकमा विचार गर्दा, निज प्रतिवादी अनुसन्धानको क्रममा पूजा राई आफ्नो जिल्लाको बहिनी भएको र निजले मलाई सम्पर्क गरी सुन बिक्री गरिदिनु पर्‍यो भनी भनेकाले निजको विश्वासमा परी साथी संजीव वि.क.लाई उक्त सुन रू. १,२३,०००।- बेची दिई रू. ५०००।- कमिसन खाएको हो भनी बयान गरेको देखिन्छ । निज प्रतिवादीले अदालतमा बयान गर्दा प्रतिवादी पूजा राईले सुनको चुरा ३ पिस ५ तोला आफ्नो हो, भरे भोलि श्रीमान्सँग मागेर सोको बिल ल्याउँछु भनी विश्वासमा परेर उक्त सुनको मूल्य रू.१,२३,०००।- संजीवकुमार वि.क.बाट लिई पूजा राईलाई दिएको हो । उक्त सुन चोरीको हो भन्ने थाहा जानकारी नभएको कारणले बिक्री गरेको हो भनी आफ्नो बयानमा लेखाएको पाइन्छ । जुन कुरा निजका साक्षी खगेन्द्र वि.क.बाट समर्थित हुन आएको पाइने ।

यसरी प्रतिवादी प्रकाश विश्वकर्माले अनुसन्धानमा र अदालतमा समेत गरेको बयानमा आफूले प्रतिवादीमध्येका पूजा राईबाट साथी संजीवकुमार वि.क.लाई बिक्री गरेको सुनका गहना चोरीको भन्ने थाहा जानकारी नभएको भनी बयान गरेको, सो कुरालाई निज प्रतिवादीका साक्षी खगेन्द्र वि.क.ले निजको भनाइलाई समेत समर्थित हुनेगरी बकपत्र गरेकाले निज प्रतिवादीका हकमा सुरू जिल्ला अदालतबाट सफाइ दिने गरी भएको सो फैसला उच्च

अदालत पाटनबाट सदर गरेको फैसला अन्यथा गर्नुपर्ने देखिन नआउने।

अतः उल्लिखित आधार, कारणहरू तथा कानूनी व्यवस्थासमेतबाट प्रतिवादी पूजा राईलाई सुरू अदालतले ०।१।० (एक महिना) कैद र रू.५,००,२४०।- (पाँच लाख दुई सय चालिस रूपैयाँ) जरिवाना हुने ठहर गरेको फैसला उच्च अदालत पाटनले सदर हुने ठहऱ्याई गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अन्य प्रतिवादीहरू विश्वास गुरूङ, संजीवकुमार वि.क. र प्रकाश वि.क.का हकमा अभियोग दाबी पुष्टि हुन नआएकाले निजहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको उच्च अदालत पाटनको मिति २०७४।८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार २४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७५-CR-२०२८, कर्तव्य ज्यान, नेपाल सरकार वि. शालिकराम अधिकारी भन्ने नित्यबहादुर अधिकारी*

प्रतिवादीलाई ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद सजाय ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको फैसला मिलेको छ, छैन ? भन्ने सन्दर्भमा हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कानूनी व्यवस्थाबमोजिमको कसुर स्थापित हुन मनसाय तत्त्व र पूर्वरिसइवीको अभाव रहेको देखिनुपर्ने हुन्छ। वारदातपूर्व यी प्रतिवादीले नै मृतक महेश भट्टलाई क्याटरिङको काममा लगाई दुवैजना सँगसँगै काम गरी आउने क्रममा वारदातको अघिल्लो रात दुवैजना एउटै कोठामा सँगै सुतेको, भोलिपल्ट बिहान मृतकलाई यी प्रत्यर्थी प्रतिवादीले खर्च स्वरूप रू.५००/- दिएको भन्ने देखिन आएकोले निजहरूको बिच वारदातपूर्व कुनै रिसइवी झै-झगडा रहेको भएको देखिएन। मार्ने नै मनसाय राखी पूर्वतयारी गरी वारदात भएको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको छैन। यी प्रत्यर्थी प्रतिवादी र मृतकको बिच मोवाइलको विषयमा विवाद परेको दुवैजनाले मादक पदार्थ सेवन गरेको अवस्थामा प्रतिवादी उत्तेजनामा आई मृतकको टाउको खाटको धारिलो भागमा ठोक्काई बजारी हातमुक्काले अनुहारमा समेत हानेको कारण घाइते भएका मृतकलाई आफ्नो कोठाबाट घिसारी बाहिर बाटोमा लगी छाडी दिएको भन्ने कुरा निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र अनुसन्धानमा बुझिएका व्यक्तिहरूले गरेको कागज र बकपत्रबाट देखिएको छ। प्रतिवादीले मृतकलाई आपसी झगडाको क्रममा तत्काल उठेको रिस थाम्न नसकी प्रहार गरेको चोटका कारणबाट मृत्यु भएको देखिन्छ। यसरी वारदातको वस्तुगत अवस्था र यी प्रत्यर्थी प्रतिवादीबाट भएको कसुर ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णित उल्लिखित कानूनी व्यवस्थाको अन्तरवस्तु र प्रकृतिसँग मिल्ने नै देखिँदा सोही नं.बमोजिमको कसुर गरेको तथ्य स्थापित हुन आउने।

जहाँसम्म प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुरमा सोही १३(३) नं.बमोजिम नै सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका हकमा विचार गर्दा सोही महलको १३ (१) नं.मा लाठा, ढुङ्गा र सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मार्ने गैह्र कुरा गरी ज्यान मारेको अवस्थामा सर्वस्वसहित जन्मकैद गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयानसमेतका संलग्न प्रमाणबाट मार्नुपर्नेसम्मको पूर्वरिसइवी देखिँदैन। मोबाइलका विषयमा भनाभन भई तत्काल उठेको रिसको कारण वारदात भएको प्रतिवादीले स्वीकार गरेको

देखिन्छ । प्रतिवादीलाई सोही महलको १४ नं.बमोजिम १० वर्ष कैदको सजाय हुने गरी सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको फैसला अन्यथा नहुँदा उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने ।

तसर्थः विवेचित आधार र कारणबाट प्रतिवादी माष्टर उर्फ शालिकराम अधिकारी भन्ने नित्यबहादुर अधिकारीलाई ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १० वर्ष कैदको सजाय गर्ने गरी भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७५।७।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असोज ५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CI-११०५, घर जग्गा खिचोला, कुशी साह भन्ने काशी साह तेलीसमेत वि. परतियादेवी*

सुरू जिल्ला अदालतबाट उक्त मिति २०२८।१०।१२।६ को घरसारको लिखत विशेषज्ञ जाँच गर्न पठाउँदा उक्त लिखतमा कागजको टुक्रा टाँसेर फरक मसीले अङ्क लेखिएको मितिसमेत फरक मसीले लेखिएको भनी विशेषज्ञबाट जाँच भई आएको देखिँदा उक्त मिति २०२८।१०।१२ को लिखत सही सद्दे नभई किर्ते गरेको देखिएकोले त्यस्तो किर्ते लिखतको आधारमा विवादित जग्गामा प्रतिवादीको हक स्थापित हुने अवस्था नदेखिने ।

रीतपूर्वक हक टुटाई लिएको लिखतको अभावमा आफ्नो हक नपुग्ने जग्गा प्रतिवादीले भोग कब्जा गरेको देखिएको र २०२८ सालको लिखतलाई आफ्नो हकको स्रोत दाबी गर्ने प्रतिवादीहरूले वादीले फिरादमा उल्लेख गरेको आफ्ना पिताबाट र.नं. ३०११ बाट पारित गरी लिएको मिति २०५६।८।१५ को हालैको बकसपत्रको लिखतका सम्बन्धमा प्रतिवादीहरूले प्रतिउत्तरमा उल्लेखसम्म पनि गर्न नसकेको र सो सम्बन्धमा प्रतिवादीहरूको छुट्टै दाबीसमेत परेको देखिँदैन । यसबाट प्रतिवादीहरूको हकको स्रोत नै विखण्डित एवं विवादित देखिएकोले वादी दाबीबमोजिम प्रतिवादीले खिचोला गरेको ठहऱ्याई भएको सुरू रौतहट जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिने ।

मिलघरले चर्चेको जग्गाका सम्बन्धमा मिल बिक्री गरी सकेको र मिलघर पाताल भइसकेको भन्ने देखिएकोले सो जग्गामा प्रतिवादीको भोग कब्जा रहने अवस्था देखिँदैन । जहाँसम्म विवादित जग्गामा प्रतिवादीहरूको बसोबासको दुई थान घर रहेको भन्ने प्रतिवादीहरूको जिकिर सम्बन्धमा हेर्दा प्रतिवादीहरूले बसोबास गरेको घरका हकमा मुलुकी ऐन, घर बनाउनेको महलको म्यादभित्र घर उठाउनेतर्फ दाबी नभएकोले घर पाताल भएपछि वादीले चलन पाउने भनी सुरू जिल्ला अदालतबाट भएको फैसलाउपर वादीको पुनरावेदन परेको नदेखिएको र सुरू जिल्ला अदालतको फैसलामा उल्लिखित उक्त बेहोरा कानूनसम्मत समेत रहेको पाइने ।

तसर्थः विवेचना भएअनुसार वादीको बाबु ढोडा महरा चमारबाट मिति २०२८।१०।१२ मा रू.९९।– को राजीनामाबाट उक्त कि.नं. ७९ बाट ०-०-७$^1/_2$ जग्गा प्रतिवादीको हकमा आएको भनी उल्लेख गरेकोमा सो रू.९९।– को राजीनामाको लिखत नै सच्याई किर्ते गरेको देखिएको हुँदा प्रतिवादीको हकको स्रोत नै विवादित देखिई कच्चा ठहरेको र दाबीको जग्गा वादीले आफ्ना पिताबाट मिति २०५६।८।१५ मा र.नं.

३०११ बाट हा.ब.को लिखत पारित गरी लिएको भन्ने वादीको भनाइलाई प्रतिवादीहरूले अन्यथा भन्न गर्न नसकेकोबाट प्रतिवादीहरूको हकको स्रोत बिखण्डित भइसकेको हुँदा प्रतिवादीहरूले बसोबास गरेको घर पाताल भएपछि जग्गा वादीले चलन पाउने र बाँकी जग्गा प्रतिवादीहरूले खिचोला ठहऱ्याएको रौतहट जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।१२।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

इति संवत् २०७६ साल असोज ३० गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०६८-WO-०९२४, परमादेश, *गोविन्द सुवेदी वि. शिक्षा मन्त्रालयसमेत*

निवेदक शिक्षक सेवा आयोग, दाङको विज्ञापन नं. २/०४३/०४४ सामाजिक शिक्षाको निम्न माध्यमिक विद्यालय शिक्षकको स्थायी पदको लिखित र मौखिक परीक्षा दिई उत्तीर्ण भएकोमा निजलाई हालसम्म स्थायी नियुक्ति गरेको देखिँदैन। शिक्षा ऐन, २०२८ को दफा ११ (च) को देहाय (घ) मा "रिक्त पदमा प्रत्येक वर्ष विज्ञापन गर्ने र विज्ञापन भएको ६ महिनाभित्र नियुक्ति वा बढुवाको लागि सिफारिस गर्ने" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। निवेदक शिक्षक सेवा आयोग दाङको विज्ञापन नं. २/०४३/०४४ को परीक्षामा सामेल भई निम्न माध्यमिक तहको सामाजिक शिक्षा विषयको परीक्षा दिई कूल पूर्णाङ्कमा ११७.५ अङ्क प्राप्त गरी लिखित परीक्षा पास गरी मौखिक परीक्षासमेत पास गरेको भन्ने देखिएको छ। निवेदकले पटकपटक स्थायी नियुक्ति पाउँ भनी जिल्ला शिक्षा कार्यालय, दाङमा निवेदन दिएकोमा जिल्ला शिक्षा कार्यालय, दाङले मिति २०५२।६।३ मा क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यपश्चिमाञ्चल सुर्खेतमा च.नं. ४४९ मिति २०५२।६।३ मा नियुक्ति सम्बन्धमा भनी पत्राचार गर्दा यस जिल्लामा प्रहरी प्रतिवेदनको कारणबाट शिक्षा सेवा आयोग वा शिक्षक छनौट समितिबाट उत्तीर्ण भएका शिक्षकहरूको आजसम्म प्रहरी प्रतिवेदन सन्तोषजनक नभएकै कारणबाट स्थायी नियुक्ति नपाएकोले यहाँको रेकर्डअनुसार त्यस्ता खालका शिक्षकहरूलाई स्थायी नियुक्ति दिन सिफारिससाथ अनुरोध छ भनी पत्राचार गरेको मिसिल संलग्न प्रमाणबाट देखिने।

निवेदक उक्त विज्ञापनमा लिएको लिखित मौखिक परीक्षामा उत्तीर्ण भएको र स्थायी नियुक्ति नपाएको भन्ने विषयमा विवाद देखिँदैन। यी निवेदकले मिति २०५२।६।३ मा नियुक्ति पाउँ भनी जिल्ला शिक्षा कार्यालय, दाङमा निवेदन दिएकोमा जिल्ला शिक्षा कार्यालय, दाङबाट मिति २०५२।६।३ मा क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यपश्चिमाञ्चल, सुर्खेतलाई स्थायी नियुक्ति दिन सिफारिस गरेको देखिन्छ। निवेदकले मिति २०६८।११।२८ मा जिल्ला शिक्षा कार्यालय, दाङमा निवेदन पेस गरेकोसमेत देखिन्छ। उक्त निवेदनमा जिल्ला शिक्षा अधिकारीबाट विद्यालय प्रशासन शाखाको नाउँमा तोक आदेश गर्दै यस सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग र मन्त्रालयमा आवश्यक निर्णयार्थ लेखी पठाउने भनी भएका आदेशबमोजिम जिल्ला शिक्षा कार्यालय, दाङबाट उल्लिखित निकायहरूमा आवश्यक कारबाहीको लागि सक्कलै निवेदन पठाइएको भनी पत्राचार गरेको देखिने।

उक्त विज्ञापित पदको निवेदकले परीक्षासमेत दिई परीक्षा उत्तीर्ण भइसकेको देखिन्छ। नियुक्ति पाउन निवेदकले पटकपटक प्रयत्न गरेको पनि देखिन्छ। निजको उत्तीर्ण भएको आधारमा भएको नियुक्ति सिफारिस बदर भएको पनि देखिँदैन। यसरी परीक्षा उत्तीर्ण भएपछि शिक्षक सेवामा प्रवेश गर्छु भन्ने वैधानिक अपेक्षा (legitimate expectation) निवेदकमा जागृत भएको हुन्छ। उक्त अपेक्षाअनुरूप श्रम सिप लगाई लिखित र मौखिक परीक्षामा सफल

भएकोमा शिक्षा ऐन, २०२८ ले गरेको स्थायी हुन पाउने निजको अधिकारलाई जुनसुकै बहानामा रोक्ने छेक्ने कार्यलाई कानूनबमोजिमको कार्य मान्न मिलेन । निजको स्थायी पाउने वैधानिक अपेक्षाको सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिन आयो । निज निवेदकलाई वैधानिक रूपमा प्रकाशित भएको विज्ञापनमा लिखत मौखिक दुवै परीक्षा उत्तीर्ण गरेपछि नियुक्ति दिनुपर्ने दायित्व सम्बन्धित निकायमा निहित हुन्छ। लिखित जवाफमा निज निवेदकले नियुक्ति लिन निरन्तर प्रयत्न गरी रहेको विषयमा अन्यथा उल्लेख हुन नसकेको अवस्थामा व्यवस्था विरोधी व्यक्तिहरूलाई सेवाबाट विमुख गराउने प्रकृतिको प्रहरी प्रतिवेदनबाट मात्र नियुक्ति नदिने कार्य स्वेच्छाचारी देखिने।

तसर्थः निवेदक शिक्षक सेवा आयोग दाङको विज्ञापन नं. २/०४३/०४४ को सामाजिक शिक्षकको निम्न माध्यमिक विद्यालय शिक्षकको स्थायी पदको लिखित र मौखिक परीक्षा दिई उत्तीर्ण गरेको देखिएको, प्रहरी प्रतिवेदनका कारण नियुक्तिको सिफारिस नपाएकोले विभिन्न मितिमा स्थायी नियुक्ति पाउँ भनी निवेदन गरेकोमा कुनै सुनुवाइ गरेको नपाइएको र यसबिचमा निज निवेदक अदालत प्रवेश गर्नुभन्दा पहिला विभिन्न विद्यालयमा अध्यापन गरी तलब सुविधासमेत लिएकोसमेत देखिँदा निजले अदालत प्रवेश गरेको मिति २०६८।१२।२९ लाई निज सेवा प्रवेश गरेको मिति कायम गरी निजले उत्तीर्ण गरेको शिक्षक पदको लागि प्राप्त हुने न्यूनतम तलब स्केलको रकम निज अवकाश हुने मितिसम्मको उपलब्ध गराउनु भनी नेपाल सरकार शिक्षा मन्त्रालयसमेतका विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७६ साल भदौ १५ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०७०-CR-०३७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ओजिर मन्सुरी*

प्रतिवादी अब्दुल मंसुरीको हकमा मुलुकी ऐन, अ.बं.१९० नं. अनुसार मुलतबी रहेकोले त्यसतर्फ केही बोलिरहनु नपर्ने।

प्रतिवादी ओजिर मन्सुरीको हकमा हेर्दा, निजले जाहेरीवाला मेजारूल मियाको छोरा सलिम मियालाई घाँटी समाती पानीमा डुबाई मारी निजको साथमा रहेको मोबाइल थान १ लिई घर गएको हुँ भनी कसुरमा साबिती भई अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेकोमा अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । अनुसन्धानको क्रममा गरेको बयानलाई लास जाँच प्रकृति मुचुल्कामा चारैतर्फ रहर घारीभित्र रहेको १ फिट पानी जमेको स्थानमा मृतक सलिम मियाको लास दाहिने कोल्टो परी पानीमा तैरिएको अवस्थामा रहेको, अनुहार रगतजस्तो पदार्थले भिजेको, नाक, कानबाट रगतजस्तो पदार्थ बगेको अवस्थामा रहेको, निधारमा हल्का डाम रहेको, बायाँ हातको कान्छी औंलामा ताछिएको भन्ने तथ्यले समर्थन गरेको देखिन्छ। निजको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Due to drowing (सलिम मियाको मृत्यु पानीमा डुबेको कारणबाट) भएको भनी उल्लेख भएको देखिन्छ। प्रतिवादी ओजिर अन्सारीले मृतकलाई पानीमा डुबाई मारेको भनी साबित भएको र मृतकलाई मारी मृतकको साथमा भएको मोबाइल लिई सो मोबाइल निजले आफ्नो फुपू नाताकी सलिमा खातुनलाई दिएको र सलिमा खातुनबाट उक्त मोबाइल बरामद भएबाट यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती पुष्टि हुन आएको छ। जाहेरवाला मेजारूल मियाले यी प्रतिवादीसमेतले कर्तव्य गरेको भनी उल्लेख गरेको जाहेरी बेहोरा समर्थन गरी गरेको बकपत्र, घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट प्रतिवादी ओजिर मन्सुरीले अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. विपरीतको

कसुर गरेको प्रमाणित हुन आएको देखिने ।

जहाँसम्म प्रतिवादी ओजिर मन्सुरीको उमेर सम्बन्धमा पुनरावेदनमा जिकिर लिएको सन्दर्भ छ त्यसतर्फ हेर्दा, जाहेरीमा प्रतिवादी वर्ष १७ को भन्ने उल्लेख भएको, निजले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दा निजको उमेर वर्ष १५ भनी लेखाएको, निजको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले निजको उमेर वर्ष १६-१८ वर्ष रहेको भन्ने प्रतिवेदनबाट देखिएकोले निजको उमेरको सम्बन्धमा विवाद उत्पन्न भएको देखियो । प्रस्तुत घटना मिति २०६७।५।१२ मा भएको भन्ने जाहेरीसमेतबाट खुलेको छ । यी प्रतिवादीले प्रमाणमा दिएको विद्यालयमा मिति २०६५।४।४ मा भर्ना हुँदा निजको जन्ममिति २०५३।९।२५ उल्लेख भएको देखिएको छ । उक्त जन्ममिति प्रस्तुत वारदात हुनुभन्दा पहिले नै विद्यालयको विद्यार्थी भर्ना गर्ने रजिस्ट्ररमा उल्लेख भएको देखिएको छ । प्रमाण ऐन, २०३१ को दफा १३ मा "... कुनै व्यक्तिले कानूनद्वारा तोकिएको आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै सार्वजनिक लिखतमा उल्लेख गरेका कुराहरू प्रमाणमा लिन हुन्छ" भन्ने उल्लेख भएको देखिन्छ । उल्लिखित रजिस्ट्ररमा प्रतिवादीको नाम प्रस्तुत वारदातपश्चात् तयार गरेको भन्ने वादी पक्षको भनाइ पुष्टि गर्ने आधार मिसिल संलग्न प्रमाणबाट नदेखिने ।

प्रतिवादीले बयान गर्दा बाबुको नाउँ अब्दुल मन्सुरी उल्लेख गरेको र प्रतिवादी भर्ना भएको रजिस्ट्ररमा प्रतिवादीको बाबुको नाम अब्दुल रहिम मन्सुरी उल्लेख भएकोले उक्त रजिस्ट्ररमा उल्लेख भएको विवरण यी प्रतिवादीको होइन कि भन्नलाई प्रतिवादीको बाबुको अघिल्लो नाम र थर मिलेको देखिएको छ । विद्यालय भर्ना रजिस्ट्ररमा उल्लेख भएको ओजिर मन्सुरी भन्ने विद्यार्थी यी प्रतिवादी नभई अर्कै व्यक्तिको हो भन्ने तथ्य स्थापित हुन नआएसम्म प्रतिवादीले बयानमा बाबुको नाम उल्लेख गर्दा नामको रहिम भन्ने शब्द उल्लेख नगरी अब्दुल मन्सुरी मात्र उल्लेख गरेको भन्ने आधारमा उक्त विद्यालयमा रहेको रजिस्ट्ररमा नाम अंकित विद्यार्थी यी प्रतिवादी नभएको भन्ने अर्थ गर्न मिल्ने अवस्था देखिन आएन । उल्लिखित भर्ना रजिस्ट्ररमा उल्लेख भएको निजको जन्ममिति २०५३।९।२५ बाट गणना गर्दा वारदात हुँदाको मितिमा निजको उमेर १४ वर्षभन्दा कम रहेको देखिन्छ । बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ ले बालकको उमेरसम्बन्धी विवाद भएमा उमेर निर्धारण गर्दा अस्पतालबाट जारी गरिएको बालकको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, सो नभए स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको जन्मदर्ता प्रमाण पत्रमा उल्लेख भएको जन्ममिति, सो नभए विद्यालयको चारित्रिक प्रमाण वा भर्ना हुँदा उल्लेख भएको मिति, सो नभए सरकारी अस्पतालबाट प्रमाणित उमेर निर्धारित हुने भनी प्राथमिकता तोकेको देखिन्छ । विद्यालयको चारित्रिक प्रमाण वा भर्ना हुँदा उल्लेख भएको मितिले अस्पतालबाट प्रमाणित उमेरभन्दा प्राथमिकता पाउने देखिएकोले विद्यालयको अभिलेखलाई नै प्रतिवादीको उमेरको सम्बन्धमा आधिकारिक प्रमाण मान्नु पर्ने देखिएकोले प्रतिवादी ओजिर मन्सुरीलाई ज्यानसम्बन्धीको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुनेमा निज प्रतिवादी १४ वर्ष नपुगेको नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ६ महिना कैदको सजाय हुने ठहऱ्याई बारा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिँदा वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि उल्लिखित आधार र कारणबाट प्रतिवादी ओजिर मन्सुरीको हकमा सलिम मियालाई कर्तव्य गरी मारेको देखिँदा ज्यानसम्बन्धीको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुनेमा निज प्रतिवादी १४ वर्ष नपुगेको नाबालक देखिँदा बालबालिकासम्बन्धी

ऐन, २०४८ को दफा ११(२) बमोजिम ६ महिना कैदको सजाय हुने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार २९ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०९०२, जबरजस्ती करणी, रामकृष्ण गौतम वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाकी पीडित परिवर्तित नाम 'ग–१' को उमेर १३ वर्षको भन्ने तथ्य प्रस्तुत मुद्दाको अभियोग दाबीबाट देखिन आएको छ। अभियोगपत्रमा लेखिएको पीडितको उमेरका सम्बन्धमा प्रतिवादीले विवाद गरेको देखिँदैन। मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई करणी गरेको भए पनि जबरजस्ती करणी गरेको ठहर्ने कानूनी व्यवस्था रहेकाले सोह्र वर्ष उमेर नपुगेकी बालिकालाई निजको मन्जुरी लिई गरेको करणी पनि स्वतः जबरजस्ती करणी गरेको मानिने।

प्रतिवादी रामकृष्ण गौतमले अदालतमा बयान गर्दा प्रस्तुत अभियोगपत्रमा दाबी लिएको जबरजस्ती करणीको कसुर आफूले नगरेको वारदातको समयमा आफू आँखाको उपचार गर्न स्वास्थ्य चौकी गएको भनी इन्कारी बयान गरेको र निजका साक्षीहरूले प्रतिवादीको इन्कारी बेहोरा समर्थन गरी बकपत्र गरिदिएको देखिए पनि अभियोगपत्रमा दाबी लिएको जबरजस्ती करणीको कसुर गरी प्रतिवादी स्वास्थ्य केन्द्रमा जान नसक्ने अवस्था नरहेको र यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने तथ्य उल्लिखित पीडितको बकपत्र, जाहेरवालाको बकपत्र एवम् बुझिएका मानिसहरूको बकपत्रबाट पुष्टि भइरहेको छ। पीडितको कन्याजाली पुरानो च्यातिएको र जबरजस्ती करणीको सङ्केतहरू पीडित एवम् प्रतिवादीको शारीरिक जाँचबाट नदेखिएको भन्ने प्रतिवादीको जिकिर रहेको भए पनि नाबालक पीडितले करणीको प्रतिकार गर्नसक्ने अवस्था नरहने र पीडितको शारीरिक जाँच वारदातपश्चात् तत्कालै हुन नसकेबाट करणीका सङ्केतहरू नदेखिएकै आधारमा करणी भएको होइन भनी निष्कर्ष निकाल्नु स्वाभाविक हुँदैन। करणीबाट पीडित हुने व्यक्तिलाई समाजले नराम्रो दृष्टिकोण राख्ने अवस्था हुने र पीडितको चरित्रमा समेत खराब टिका-टिप्पणी हुने हुँदा करणीबाट पीडित व्यक्ति वा परिवारले आफूलाई नै समाजमा बदनाम एवम् अपहेलित हुने गरी झुट्टा करणीको दोष लगाउन् अवस्था सामान्यत हुँदैन । प्रतिवादीलाई करणीको झुट्टा दोष लगाउनुपर्नेसम्मको कारण यी प्रतिवादीले उल्लेख गर्न र सोको प्रमाण दिन सकेको नदेखिएको स्थितिमा केवल अदालतमा कसुर इन्कार गरेको र निजको साक्षीहरूले इन्कारी बयानलाई समर्थन गरी दिएकै आधारमा अन्य स्वतन्त्र प्रमाणहरूबाट करणीको वारदात स्थापित भइरहेको अवस्थामा यी प्रतिवादी निर्दोष रहेको भन्ने देखिन नआउने।

यसरी प्रतिवादी रामकृष्ण गौतमले जबरजस्ती करणीको कसुर गरेको भन्ने जाहेरवालाको किटानी जाहेरी र सोलाई पुष्टि हुने गरी निजले गरेको बकपत्र, अभियोग पत्रको दाबी, पीडितले गरिदिएको मौकाको कागज तथा निजले अदालतमा गरेको बकपत्र, प्रतिवादीको मौकाको बयान, मौकाका मानिसहरूको भनाइ, वस्तुस्थिति मुचुल्काका मानिसहरूले गरेको बकपत्रलगायतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रमाणित भएको आधारमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष कैद हुने गरी भएको झापा जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको ठहऱ्याई र प्रतिवादीबाट पीडितलाई रू.

४,००,०००।– (चार लाख रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहऱ्याएको हदसम्म केही उल्टी गरी रू.१,००,०००।– (एक लाख रूपैयाँ) प्रतिवादीबाट पीडित 'ग–१' ले क्षतिपूर्तिबापत भराई लिनपाउने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार, कारण, कानूनी व्यवस्थासमेतबाट प्रतिवादी रामकृष्ण गौतमले अभियोग दाबीबमोजिम कसुर गरेको तथ्य स्थापित हुन आएकाले उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७३।१२।०७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल भदौ ८ गते रोज १ शुभम्।

**इजलास नं.४**

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७४-CI-०७१८, उत्प्रेषण / परमादेश, भरतबाबु पोखरेल वि. सहरी विकास मन्त्रालय, जिल्ला परियोजना कार्यान्वयन इकाई, सिन्धुलीसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा कार्यको गाम्भीर्यको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने कानूनी व्यवस्था रहेको पाइन्छ । निवेदकलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०७३।१२।१० मा कालोसूचीमा राख्ने निर्णय गर्दा निवेदक कम्पनीले कालोसूचीमा राख्न सक्ने आधारहरूमध्ये यस्तो प्रकृतिको गम्भीर आधारहरूको उल्लङ्घन गरेको हुनाले सोहीअनुरूप कानूनले तोकेको अधिकतम सजाय गरिएको हो भनी वस्तुनिष्ठ आधार र कारण खोली निर्णय नगरी कानूनले तोकेको अधिकतम सजाय गरेको पाइन्छ । निर्णयकर्ताले स्वविवेकीय निर्णय गर्दा पनि आधार र कारणहरू खोली कार्यको गाम्भीर्यको आधारमा निर्णय गर्नुपर्ने।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ ले कालोसूचीमा राख्ने निर्णय गर्दा अपनाउनुपर्ने विभिन्न प्रक्रियाहरूको बारेमा व्यवस्था गर्दै नियम १४१(१४) ले सार्वजनिक खरिद अनुगमन कार्यालयले यस नियमावलीबमोजिम कालोसूचीमा राख्ने कारबाही सोसम्बन्धी अनुरोध प्राप्त भएको मितिले ६ महिनाभित्र गरिसक्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ। प्रस्तुत रिट निवेदनको सम्बन्धमा जिल्ला आयोजना कार्यान्वयन इकाई सिन्धुलीले मिति २०७३।३।२ मा कालोसूचीमा राख्नको लागि सिफारिस गरी पठाएको देखिन्छ। यसरी कालोसूचीमा राख्ने सिफारिस प्राप्त भएपछि निर्माण व्यवसायी गोरखा कन्स्ट्रक्सन प्रा.लि. मन्थली-४ सँग लिखित स्पष्टीकरण माग गरी स्पष्टीकरण पेस भएपछि स्पष्टीकरण सन्तोषजनक नदेखिँदा गोरखा कन्स्ट्रक्सन प्रा.लि. मन्थली-४ रामेछापलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा १(क) बमोजिम सूचना प्रकाशन भएको मितिदेखि लागु हुने गरी ३ वर्षको लागि कालोसूचीमा राख्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७३।१२।१० मा निर्णय भएको देखिन्छ। यसरी सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राख्ने निर्णय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१(१४) बमोजिम ६ महिनाभित्र गरेको नदेखिँदा उक्त कालोसूचीमा राख्ने निर्णय कानूनसम्मत देखिन नआउने।

कार्यानुभवको प्रमाणपत्र किर्ते गरी पेस गरेको विषयलाई लिएर गोरखा कन्स्ट्रक्सन प्रा.लि. कम्पनीलाई ३ वर्षसम्म कालोसूचीमा राख्ने सार्वजनिक खरिद अनुगमन कार्यालयबाट निर्णय भएको छ सो सम्बन्धमा विचार गर्दा, सोही प्रमाणपत्र

पशु सेवा विभाग पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय हरिहरभवन काठमाडौंले जारी गरेको सही सत्य र सक्कली कागजात भएको भन्ने कुरा विपक्षी जिल्ला आयोजना कार्यान्वयन इकाई, सिन्धुलीले पशु सेवा विभाग पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुरलाई लेखेको च.नं.१४१ मिति २०७३।२।२३ को पत्रको जवाफमा सोही पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालयले लेखेको च.नं. ४२३ मिति २०७३।२।२४ को पत्र बेहोरामा निवेदक कम्पनीको नाममा जारी गरिएको उल्लिखित मिति २०७३।०२।१३ च.नं. ४१८ को कार्यानुभवको प्रमाणपत्र पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालयले नै जारी गरी पत्र पठाइएको बेहोरा जानकारीको लागि अनुरोध छ भनी लेखिएको पाइने।

कार्यानुभवको प्रमाणपत्र किर्तेबाट तयार गरी सार्वजनिक खरिद प्रक्रियामा बोलपत्रमा भाग लिएकोले निवेदक कम्पनीलाई कालोसूचीमा राख्ने गरी विपक्षीले कारबाही गर्ने निर्णय गर्दा आधार लिएको देखिएको छ भने जिल्ला आयोजना कार्यान्वयन इकाई सिन्धुलीको पत्रको सिलसिलामा पशु सेवा विभाग पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालयले खुलाई लेखी पठाएको पत्रबाट कार्यानुभवको प्रमाणपत्र किर्तेबाट तयार गरिएका भनिएका प्रमाणपत्र सक्कली नै रहेभएको कुरा स्पष्ट भएको अवस्था छ। विवादको विषय रहेको कार्यानुभवको प्रमाणपत्र उल्लिखित आधार प्रमाणबाट समेत किर्तेबाट तयार गरेको नदेखिए तापनि निवेदक कम्पनीलाई ३ वर्षसम्म कालोसूचीमा राख्ने गरेको सार्वजनिक अनुगमन कार्यालयबाट भएको निर्णय बदर गरी मिति २०७३।१२।१० को रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्नेमा सो नगरी रिट निवेदन खारेज गर्ने गरेको उच्च अदालत पाटनबाट भएको निर्णय मनासिब देखिन आउने।

अतः उल्लिखित आधार प्रमाणबाट निवेदक गोरखा कन्स्ट्रक्सन कम्पनीलाई ३ वर्षसम्म कालोसूचीमा राख्ने गरेको सार्वजनिक अनुगमन कार्यालयबाट भएको मिति २०७३।१२।१० को निर्णय बदर गरी रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिपाउँ भनी दायर गरेको रिट निवेदन खारेज गरेको उच्च अदालत पाटनबाट भएको मिति २०७४।०२।३१ गतेको निर्णय प्रमाणको रोहमा मनासिब नदेखिँदा उल्टी हुने।

इजलास अधिकृतः डिल्लीराम प्रसाई

फैसला लेखनमा सहयोग गर्ने इजलास अधिकृतः धनसिंह गिरी / सूर्यप्रसाद भण्डारी

कम्प्युटरः चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल भाद्र २४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०६९-WO-०३७८, उत्प्रेषण / परमादेश, उदयमोहन श्रेष्ठसमेत वि. पुनरावेदन अदालत पाटनसमेत*

प्रस्तुत विषयमा विपक्षी नेपाल सरकार र यी निवेदकहरूबिच उक्त कम्पनीको सेयर खरिद बिक्री गर्ने सम्बन्धमा ६३% सेयर खरिद गर्ने भनी दुई किस्तामा खुद चुक्ता गरिसकेको तर सेयर नामसारी नभएको अवस्थामा मिति २०५४।२।१७ मा भएको सम्झौताको मूल दफा ११ भनी पुनर्संरचना गरिएकोले दाबीकर्ताको हकमा पक्षहरूको सहमतिबाट करार रद्द भई निजहरूले कम्पनी सञ्चालन गर्न असमर्थ भएकोले सेयर प्रमाणपत्र नामसारी हुन सकेको पाइएन । निज विपक्षीबिच सहमतिमा करार भङ्ग भएकोले करार ऐन, २०५६ को दफा ८४ बमोजिम निवेदकहरूले २ किस्तामा भुक्तानी गरेको भनिएको रकम बराबरको सेयर नामसारी हुन सकेको नपाइने।

कर्मचारीहरूको व्यवस्थापनको सन्दर्भमा पनि निवेदकहरूले पूर्णता दिन नसकी कम्पनी कारखाना सञ्चालन हुन सकेको देखिँदैन । कारखाना समयमै सञ्चालन हुन नसक्दा सरकारले पनि निवेदकहरूले दुई

किस्तामा भुक्तानी गरिसकेको रकमको सेयर नामसारी गरी नदिएको अवस्था देखिन्छ भने सरकारबाट सेयर नामसारी नभएकै कारणले त्यसप्रति आश्वस्त एवम् विश्वस्त हुन नसकी आवश्यक कर्मचारीको पनि व्यवस्थापन नगरी कारखाना सुचारू रूपमा सञ्चालन हुन सकेको पाइँदैन । यस पृष्ठभूमिमा सरकारले आफ्नोतर्फबाट मिति २०५४।२।१७ को करार सम्झौता रद्द भएको सूचना निवेदकलाई गराइसकेकोमा निवेदक पक्षहरूको कारखाना सञ्चालन गर्ने गराउने सम्बन्धमा पूर्वतयारी र व्यवस्थापन हुँदाहुँदै सरकारले नै निवेदकले बुझाई सकेको दुई किस्ता रकमको सेयर हस्तान्तरण नगरिदिएकै कारणले कारखाना सञ्चालन सुरू गर्न प्रारम्भमै बाधा व्यवधान खडा भएको देखिँदा यो अवस्थामा निवेदकहरूलाई हानि एवम् नोक्सानी पर्न गएको नै हुँदा निवेदकहरूले दुई सेयरबापत तिरेको रकम र सोको दश प्रतिशतले हुने ब्याज क्षतिपूर्तिबापत पाउनु पर्ने नै देखिन आउने।

तसर्थ विवेचित आधार र कारणबाट निवेदक र प्रत्यर्थीहरूबिच सहमतिमै सम्झौता भएको र आपसी सहमतिमै करारसमेत भङ्ग हुन गएको कुरा मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिन आएको हुँदा विपक्षी नेपाल सरकारले रकम फिर्ता नगरेको हुँदा विवाद उत्पन्न भई ट्रिबुनलबाट मिति २०६७।११।१ मा दिएको (Award) निर्णयबमोजिम जम्मा साँवा रकम रू.१,४२,६५,०००।- को १०% का दरले ब्याजसमेत यी निवेदकहरूले पाउने भनी गरेको निर्णय मिलेकै देखिँदा नेपाल सरकारको तर्फबाट निवेदन दाबीमा उल्लिखित रकम पाउने।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल जेष्ठ २२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७१-CI-१४५०, उत्प्रेषण / परमादेश, अनिता खनालसमेत वि. नेपालगन्ज उपमहानगरपालिका (बोर्ड), नेपालगन्जसमेत*

पुनरावेदक निवेदकहरू नेपालगन्ज नगरपालिकाको गाउँ नगर साझेदारी विकास कार्यक्रम रूप (Rupp) अन्तर्गत विभिन्न पदमा कार्यरत रहेको भन्ने कुरामा विवाद छैन । निवेदकहरूले पेस गरेको मिति २०५५।४।२४ को नियुक्ति पत्रमा हालको यो नियुक्ति ३ महिना अवधि परीक्षणकालका रूपमा र करार सेवासरह हुने छ । तपाइँको सेवा सर्त सुविधा सम्बन्धमा पछि गरिने सम्झौता करारनामाबमोजिम हुने बेहोरा जानकारी गराइन्छ भनी उल्लेख भएको देखिन्छ । नेपालगन्ज नगरपालिका कार्यालयले रूप (Rupp) शाखालाई च.नं. ८६/०६२-०६३ मा सेवा करारबारे भनी लेखिएको पत्रको तपसिलको बुँदा नं. ६ मा काम सन्तोषजनक नभएमा वा आचरणसम्बन्धी कुराहरू बराबर उल्लङ्घन गरेमा सेवा मुक्त गर्नसक्ने छ भन्ने उल्लेख भएको देखिन्छ । सुरू मिसिल संलग्न म्याद थप गरिएको मिति २०५८।१२।२२ को पत्रमा पनि तपाइँको कार्य प्रगतिको मूल्याङ्कन गर्दा सन्तोषजनक नभएमा यस कार्यालयबाट कुनै पनि समय पूर्वजानकारी बिना तपाइँलाई उक्त पदबाट हटाउन सकिने छ भनी उल्लेख भएको सर्त स्वीकार गरी उक्त पत्र बुझेका निवेदकहरूलाई गाउँ नगर साझेदारी कार्यक्रमबाट अपेक्षाकृत आम्दानी नभएको र कार्यक्रम प्रभावकारी हुन नसकेकोले आम्दानीबाट तलबभत्ता र सुविधा उपलब्ध गराउन नसकिएको हुँदा बाध्य भई करार भङ्ग गरिएको भन्ने विपक्षीको लिखित जवाफबाट देखिइरहेको अवस्थामा निवेदकहरू स्थायी दरबन्दीका स्थाई कर्मचारी पनि नरहेको, स्थायीरूपले पदपूर्ति गर्ने सम्बन्धमा लोक सेवा आयोगले तोकेअनुसार कार्यविधि पूरा गरी काम गरेको अवस्था पनि नदेखिएको, करारको सेवामा भर्ना भएकोमा करारबमोजिम जुनसुकै अवस्थामा पनि सेवा लिने पक्षले सेवाको आवश्यकता नभएको वा स्रोत

साधन अप्रयाप्त भएको कारण तलब सुविधा उपलब्ध गराउन नसक्ने अवस्थाको सिर्जना भएबाट करार सेवा नलिने गरी अवकाश दिएको अवस्थालाई अन्यथा भन्न सकिने अवस्था देखिँदैन । स्रोतको व्यवस्था नभएको र साझेदारी कार्यक्रमबाट अपेक्षाकृत आम्दानी नभएमा र कार्यक्रमसमेत प्रभावकारी नभएको कारणबाट उक्त निर्णय गर्न बाध्य भएको देखिने।

तसर्थ विनाजानकारी पूर्वाग्रही रूपले करार सेवाबाट हटाएको भन्ने निवेदकहरूको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिन आएन। स्वीकृत दरबन्दीमा प्रतिस्पर्धाबाट कर्मचारी नियुक्त गर्ने २०६४।१०।१ को निर्णय विरूद्ध यिनै निवेदकहरूले दायर गरेको ०६४-WO-०७४४ को उत्प्रेषणको रिट निवेदनमा यी निवेदकहरू नगरपालिकाको स्वीकृत दरबन्दीभित्रका कर्मचारी नभई UNDP बाट सञ्चालित आयोजनामा कार्यरत कर्मचारी रहेको भनी यस अदालतबाट रिट खारेज हुने ठहरी भएको आदेशसमेतका आधारमा आयोजनाको करारमा उल्लिखित सर्तबमोजिम नै निवेदकहरूसँगको करार भङ्ग गर्ने भनी मिति २०७०।१।१० को निर्णयले निवेदकहरूको कानून प्रदत्त हकाधिकारमा कुनै आघात नपरेको भनी निवेदन खारेज हुने गरी भएको पुनरावेदन अदालत नेपालगन्जको मिति ०७१।६।२९ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल मङ्सिर १० गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-WO-००३५, उत्प्रेषण, विनोद सापकोटासमेत वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत*

मिसिल संलग्न शंकरदेव क्याम्पसको च.नं.०३।०७१।०७२ मिति २०७२।४।६मा प.नि.का., त्रि.वि. बल्खुलाई परीक्षा फाराम पठाइएको भनी लेखेको पत्रमा निवेदकमध्येका कुलदिप थापाको परीक्षा फाराम आज मिति २०७२।४।६ मा प्राप्त भएकोले त्यस कार्यालय स्थित लेखा शाखाबाट बुझ्ने गरी आवश्यक कार्यार्थको लागि पठाइएको भन्ने तथा निवेदक सरद डाँगीको छुट परीक्षा फाराम दिव्य ज्ञान कलेज काठमाडौंको मिति २०७२।३।२७ को पत्रसाथ पठाएको पत्रको प्रतिलिपि मिसिल संलग्न रहेको देखिँदा फाराम भर्न छुट भएका विद्यार्थीको परीक्षा फाराम भर्न तोकिएको अन्तिम मिति २०७२ आषाढ २०, २१ र २२ गते कार्यालय समयभित्र यी निवेदकहरूले फाराम भरी बुझाएको भन्ने देखिन आएन निवेदकले रिट निवेदनमा जिकिर लिएअनुसार विपक्षी क्याम्पस तथा प.नि.का.ले परीक्षा फाराम भर्ने म्याद नाघी प्राप्त फारामहरू नबुझेको कारण निवेदकहरूको संविधान र कानून प्रदत्त हकाधिकारको हनन् भएको भन्न मिल्ने नदेखिने।

निवेदकहरूले नै म्यादभित्र परीक्षा फाराम भर्नुपर्नेमा दिएको म्यादभित्र फाराम नभरी लापरबाही गरेको देखिन्छ । आफ्नो अधिकारप्रति सजग नरही उदासीन रहेको देखिन्छ । आफ्नो कर्तव्य पालन नगरी समय व्यतीत भइसकेपछि निवेदकहरू निन्द्राबाट बिउँझे झैँ गरी आएको देखिन्छ । आफ्नो कर्तव्यप्रति वास्ता नगरी सजग र सतर्क नरही समय व्यतीत भइसकेपछि फराम भर्न गएको देखिँदा त्यस्तो कार्यलाई उचित र औचित्यपूर्ण भन्न मिल्ने नदेखिने।

यस अतिरिक्त निवेदकको निवेदन लेखबमोजिम नै परीक्षा मिति २०७२।४।१८ देखि परीक्षा सञ्चालन भई २०७२।५।६ सम्ममा परीक्षा सम्पन्न भइसकेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिइरहेको अवस्थामा हाल निवेदनको मागको प्रयोजनसमेत समाप्त भइसकेको देखिँदा मागबमोजिमको उत्प्रेषण जारी गर्नुपर्ने नदेखिँदा उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने प्रस्तुत रिट

निवेदन खारेज हुने ठहर्छ । उत्प्रेषणको आदेश खारेज हुने ठहरेकोले निवेदन मागबमोजिम परमादेशको आदेशसमेत जारी हुन सक्ने देखिएन । रिट निवेदन खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०७२।४।१५ मा विपक्षीहरूका नाममा जारी अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रावती तिमल्सेना

इति संवत् २०७४ साल मङ्सिर २८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१९८७, कर्तव्य ज्यान, राम मगर वि. नेपाल सरकार

प्रतिवादी राम मगरसँग सुनिता मगरको ज्यान मार्नेसम्मको आसय (Motive) देखिएको, निज प्रतिवादीले नै सुनिता मगरको हत्या गरेको हो भनी जाहेरवालाको जाहेरी बेहोरा निजको बकपत्र एवं अनुसन्धानको क्रममा कागज गर्ने मानिसहरूले लेखाई दिएको बेहोरासमेतबाट समर्थित भएको अवस्थामा कुनै प्रत्यक्ष प्रमाण नभएकोले निजलाई सफाइ दिनु पर्दछ भनी निजको पुनरावेदन जिकिर र निजका तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन । प्रत्यक्ष प्रमाणको अभाव भए पनि परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादीको कर्तव्यबाट सुनिता मगरको मृत्यु भएको प्रमाणित भइरहेको देखिँदा निज प्रतिवादीलाई आरोपित कसुरमा सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला उचित नै देखिने ।

प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर गरेको पुष्टि भएको छ । उक्त १३(३) नं. को कानूनी व्यवस्थाअनुसार निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद सजाय हुने देखिन्छ । तर प्रस्तुत वारदात मृतक र प्रतिवादीबिच झगडा हुँदा घट्न गएको देखिन्छ । यसका साथै सो वारदात घटाउनको लागि निज प्रतिवादीले कुनै योजना बनाएको वा कुनै जोखिमी हातहतियार प्रयोग गरेकोसमेत देखिँदैन । मृतक र प्रतिवादी श्रीमान् श्रीमती भएको, निजहरूको परिवारको आर्थिक अवस्था कमजोर रहेको र निजहरूको दाम्पत्य जीवनबाट २ जना सन्तानको जायजन्मसमेत भएको रहेछ । आमाको मृत्युपश्चात् यी प्रतिवादी स्वयम् लामो समय कैदमा बस्दा निजका आश्रित सन्तानको भविष्य पनि अन्यौलमा पर्न जाने हुँदा वारदात हुँदाको परिस्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्दा ऐनको उद्वेश्य पूरा हुन जाने देखिँदा पुनरावेदन अदालतले १० वर्ष कैद सजाय गर्न जाहेर गरेको रायसमेत मिलेको देखिने ।

तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी राम मगरको कर्तव्यबाट निजकी श्रीमती सुनिता मगरको मृत्यु भएको पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. को कसुरमा सोही नं. बमोजिम सजाय गर्ने गरेको तनहुँ जिल्ला अदालतको फैसला उल्टी भई निज प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम ऐ. ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई प्रस्तुत वारदात हुँदाको परिस्थितिसमेतलाई विचार गर्दा उक्त सजाय चर्को पर्न जाने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद गर्न उपयुक्त देखिई पुनरावेदन अदालत पोखराको मिति २०७२।२।१२ मा जाहेर गरेको रायसहितको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम् ।

**६**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०३०६, कर्तव्य

ज्यान, *कुमार लामा वि. नेपाल सरकार*

प्रमाणको नकबजनी चोरी मुद्दा र प्रस्तुत मुद्दामा निज प्रतिवादीले गरेको बयान बेहोराबाट नै निज प्रतिवादी कुमार लामाले मृतकलाई कुटपिट गरी मारी निजको साथबाट नगद रू.९०,०००।- चोरी गरी लगेको तथ्य पुष्टि हुन आएको देखिन्छ । प्रस्तुत मुद्दामा प्रत्यक्षदर्शी कोही रहेको नदेखिए तापनि घटना हुँदाको अवस्था, घटनाको कारण प्रतिवादीले गरेको बयानसमेतका परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादीकै कार्य कारणबाट मृतकको मृत्यु भएको कुरालाई घटना प्रकृतिबाट घटनाको सिलसिला क्रमबद्धतासमेतबाट समर्थित भएको देखिन्छ । सबै आपराधिक कार्य हुँदाको अवस्थामा प्रत्यक्षदर्शी नै हुने अनिवार्य रहँदैन । प्रत्यक्षदर्शीको अभावमा मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूको समुचित मूल्याङ्कन गरी निष्कर्षमा पुग्नु न्यायोचित हुने देखिन्छ । प्रस्तुत मुद्दाको रोहमा घटनाको प्रकृति, अवस्था प्रतिवादीले गरेको बयानअनुसार घटनास्थल प्रकृति, लास प्रकृतिसमेतका मिसिल संलग्न प्रमाणहरूको क्रमबद्धतासमेतबाट वारदात भएको र यिनै प्रतिवादीले उक्त वारदात घटाएको भन्ने पुष्टि हुन आएबाट निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. तथा ऐजनको चोरीको महलको ५ नं. बमोजिमको कसुर भएको देखिने।

प्रतिवादीले मृतकलाई लात मुक्कासमेतले कुटपिट गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने देखियो । तर प्रस्तुत वारदात घटाउन यी प्रतिवादीले कुनै जोखिमी हातहतियारको प्रयोग गरेका छैनन् । निज प्रतिवादीको आर्थिक अवस्था पनि कमजोर रहेकोले चोरी गर्ने क्रममा वारदात घट्न गएको अवस्था छ । वारदात हुँदाको बखत यी प्रतिवादीको उमेर कलिलै देखिन्छ । यस अवस्थामा निज प्रतिवादीलाई कानूनबमोजिम सजाय चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद सजाय गर्ने गरी जिल्ला अदालतले व्यक्त गरेको रायलाई सदर गरेको पुनरावेदन अदालत पोखराको राय मनासिब नै देखिने।

तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी कुमार लामाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. र बमोजिमको कसुर गरेकोले सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने गरी व्यक्त गरेको रायसहित र निज प्रतिवादीले मृतकको खल्तीबाट रू. ९०,०००।- चोरी गरेको देखिँदा मुलुकी ऐन, चोरीको महलको ५ नं. को कसुरमा ऐजनको १४(३) नं. बमोजिम दोब्बर ४ महिना कैद र रू.१,८०,०००।- जरिवाना भई सो जरिवानाबापत कैद हुने तथा मृतकका हकवाला खुली माग भई आएको बखत बिगो रू. ९०,०००।- ऐजन १०(३) नं. बमोजिम प्रतिवादीबाट भराई पाउने गरी कास्की जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०७३।३।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-WO-१३२२, उत्प्रेषण / परमादेश, संजय यादवसमेत वि. चितवन मेडिकल कलेज, भरतपुरसमेत*

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १३६(ग) र ऐ. नियमावलीको नियम १३६(घ) ले दिएको अधिकारको प्रयोग गरी विद्यापरिषद्को समिति २०५० साल जेष्ठ १४ गते बसेको बैठकले २०५०

साल भाद्र १ गतेबाट अध्ययन गर्ने एम.वि.वि.एस. का चौधौं समूहबाट प्रथम फेजमा अध्यापन हुने सबै विषयहरू पास नगरी दोस्रो फेजमा अध्ययन गर्न नदिने, प्रथम फेजका सबै विषयहरू दोस्रो वर्षमा हुने पहिलो नियमित परीक्षापश्चात् अर्को ३ पटकसम्म पास गर्नुपर्ने अनिवार्यता रहने र यदि कसैले अर्को ३ पटकसम्म प्रथम फेजका विषयको परीक्षामा पनि अनुत्तीर्ण भए त्यस्ता विद्यार्थीहरूको एम.वि.वि.एस. को भर्ना रद्द गरी कार्यक्रमबाट हटाउने निर्णय गरेको देखिन्छ । यसरी प्रथम फेज नियमित (पहिलो पटक) पश्चात् अरू तीनपटक पूरक दिन पाइने तर त्यसपश्चात् नपाइने भन्ने कुरा साँधिकार निकाय विद्यापरिषद्को समितिले निर्णय गरी सूचनामा स्पष्ट रूपमा उल्लेख गरिसकेको र निवेदकहरूले नियमितपश्चात् तीन पटक पुनः परीक्षा दिई त्यसमा समेत सफल भएको भन्ने नदेखिँदा सो आधारमा भएको उक्त निर्णय र सूचना कानूनविपरीत भएको भन्ने अवस्था नदेखिने ।

अतः विवेचित आधार र कारणबाट विपक्षीहरूद्वारा आफ्नो कानूनी हक अधिकारको स्रोतसमेत उल्लेख नगरी भर्ना रद्द गर्ने गरी निवेदकहरूको हक, हित प्रतिकूल हुने गरी मिति २०७३।१०।२ र मिति २०७३।१२।२१ मा भएको पत्रानुसारको विद्या परिषद्को ९२ औं बैठकको निर्णय नं. ४२७ र परीक्षा सञ्चालन समितिको क्रमशः ७३५ र ७६० औं बैठकको निर्णय र सोसँग सम्बन्धित काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदकहरूको निवेदन जिकिरसँग सहमत हुन सकिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-१७०३, परमादेश, *स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत वि. ध्रुवतारा बास्तोलासमेत*

नेपाल स्वास्थ्य सेवा नियमाली, २०५५ को नियम ७ सँग सम्बन्धित अनुसूची ३ मा आयुर्वेद समूहअन्तर्गत सि.नं. १९ मा सातौं तहको लागि "अधिकृत कविराज" भन्ने उल्लेख भएकोमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा मिति २०६३।८।२२ मा भएको तेस्रो संशोधनबाट उक्त शब्दहरूलाई रूपान्तरण गरी आयुर्वेद चिकित्सक भन्ने शब्दहरू राखिएको भन्ने देखिन्छ । उक्त नियमालीको नियम १५ मा अनुसूची ३ मा उल्लिखित समूह तथा उपसमूहको खुल्ला प्रतियोगिताबाट पदपूर्ति गरिने पदका लागि न्यूनतम योग्यता अनुसूची ६ बमोजिम र बढुवाका हकमा अनुसूची ७ मा उल्लेख भएबमोजिम हुने छ भन्ने व्यवस्था भएको पाइयो । उक्त अनुसूची ६ को आयुर्वेद समूहअन्तर्गत क्रमसंख्या १८ मा अधिकृत सातौं तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधि भन्ने उल्लेख भएको देखिन्छ । साथै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (१)(घ) मा सातौं तहमा १०० प्रतिशत खुल्ला प्रतियोगिताबाट पद पूर्ति गरिने व्यवस्था भएको देखिन्छ । यसबाट नेपाल स्वास्थ्य सेवा आयुर्वेद समूहको सातौं तहमा प्रवेश गर्न आयुर्वेद चिकित्सामा स्नातकको योग्यता हुनु अनिवार्य देखिन्छ । तर निवेदकहरूसँग त्यस्तो शैक्षिक योग्यता रहेको भन्ने निवेदन जिकिर भई सोको समर्थन हुने शैक्षिक योग्यताको प्रमाणपत्र निवेदनसाथ पेस गर्न सकेको नपाइने ।

आम नागरिकको स्वास्थ्यजस्तो संवेदनशील विषयसँग सम्बन्धित आयुर्वेद चिकित्सकको पद प्राप्त गर्न सम्बन्धित विषयको निश्चित शैक्षिक योग्यता हासिल गरेको हुनै पर्दछ । त्यस्तो योग्यता नै नभएका व्यक्तिलाई चिकित्सकजस्तो पदनाम दिने हो भने नागरिकको स्वास्थ्यमाथि नै खेलवाड हुन पुग्दछ ।

जुन कुरा कानूनी र नैतिक दृष्टिकोणबाट समेत उचित हुन सक्दैन । निवेदकहरूसँग आयुर्वेद चिकित्सकको शैक्षिक योग्यता नै नभएको अवस्थामा स्तरवृद्धि हुँदै सातौं तहमा पुगेको आधारबाट मात्र त्यस्तो पदनाम दिन मिल्ने आधार देखिन आएन। स्तरवृद्धि र पदनाम फरकफरक कुरा भएको हुँदा स्तरवृद्धि हुँदैमा पदनाम प्राप्त गर्नुपर्छ भन्न नमिल्ने भनी यस अदालतबाट ने.का.प.२०६९, नि.नं.८८१५, पृष्ठ ६७३ मा सिद्धान्त प्रतिपादन नै भएको देखिँदा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा ग्रहण गरिएको आधारसँग असहमत हुनुपर्ने कारण नदेखिने।

तसर्थ, उल्लिखित तथ्यगत आधार र कानूनी व्यवस्थासमेतको विवेचनाबाट प्रत्यर्थी निवेदकहरूको आयुर्वेद चिकित्सकको लागि आवश्यक पर्ने नियमावलीद्वारा निर्दिष्ट न्यूनतम शैक्षिक योग्यता नै रहेको नदेखिएको अवस्थामा सातौं तहमा स्तरवृद्धि भएकै कारण उक्त पदनाम प्राप्त गर्न नसक्ने भई सो पदनाम दिई काममा लगाउनु भनी परमादेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।९।२८ को आदेश यस अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प. २०६९, नि.नं. ८८१५, पृ. ६७३) को प्रतिकूल भई त्रुटिपूर्ण देखिन आएकाले सो आदेश बदर भई विपक्षी रिट निवेदकहरूको रिट निवेदन नै खारेज हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल कार्तिक २१ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-१४१७, कर्तव्य ज्यान, *राजाराम मुखिया वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदन (POST MORTEM REPORT) मा अन्य कुराका अतिरिक्त rope mark with deep mark round the neck, no knot mark seen भन्नेसमेत उल्लेख गरेको पाइन्छ। यसका अतिरिक्त मृतक बबितादेवी सुत्ने गरेको घर कोठाभित्र मेटासिड लेखिएको विषादि पदार्थको बट्टा १ थान केही मात्रामा विषादी पदार्थसहित बरामद भएको भन्ने बरामदी तथा खानतलासी मुचुल्काबाट देखिएको छ। केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन हेर्दा भिषेरा परीक्षणमा विष नपाइएको भन्ने देखिए पनि घटनास्थलबाट बरामद भएको मेटासिटको बट्टामा Organo-phosphorus insecticide पाइएको भन्नेसमेत उल्लेख गरेको देखिएबाट मृतकको मुखबाट विषको गन्ध आएको पुष्टि हुन आएको र पुनरावेदक प्रतिवादी आफैँले पनि केही विष खाएको मौकाको बयानमा उल्लेख गरेको र अस्पतालमा निजको उपचारसमेत भएको खुल्न आएबाट साथै मृतकको मुखमा फिँज आएको भन्ने लास प्रकृति मुचुल्काबाट देखिएकोसमेतबाट विष खुवाएको पुष्टि नभएको भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तथ्यसम्मत नभई अन्यथा देखिन आयो । यसबाट मृतक बबितादेवीको मृत्यु स्वाभाविक ढंगबाट कालगतिले भएको भन्ने नदेखिई कर्तव्यबाटै भएको देखिने।

प्रतिवादी राजाराम मुखियाले आफू वारदात मिति र समयमा घटनास्थलमा नरही मिति २०७८।७।२० गते लहान गई ऐजन २४ गते मात्र फर्की आएको हुँदा मृतकलाई मारेको होइन भन्ने बेहोरा लेखाएको देखिए पनि साक्षी प्रमाण पेस गरी सो तथ्य पुष्टि गराउन सकेको पाइँदैन । यसरी प्रमाणबाट पुष्टि गर्न नसकेको अन्यत्र स्थानमा भएको भन्ने (Alibi) को जिकिरलाई मान्न मिल्ने स्थिति नभएकोले मिसिल संलग्न प्रमाणहरूबाट निजको अनुसन्धान अधिकारीसमक्षकै साबिती बयान समर्थित भएको पाइएको हुँदा प्रस्तुत कसुर वारदातमा पुनरावेदक प्रतिवादीको संलग्नता रहेको देखिने।

तसर्थ, उल्लिखित तथ्य प्रमाणको

विवेचनाबाट पुनरावेदक प्रतिवादी राजाराम मुखियाले दाजु विदेशमा भएको मौका पारी आफ्नो पाँच महिनाको गर्भवती भाउजू बबितादेवीलाई पटकपटक यौन दुर्व्यवहार गर्ने गरेको र सो कुरा निजले सासू, आफ्नी आमा एवं विदेशमा रहेको पतिलगायतलाई भनिदिएका कारण निजलाई मार्ने उद्देश्यले घाँटीमा डोरीले कसी विषसमेत खुवाई कर्तव्य गरी मारेको देखिँदा निज प्रतिवादीलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलका १ र १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू सिराहा जिल्ला अदालतको मिति २०६९।२।२९ को फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७१।३।११ को फैसला सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : देविना खतिवडा

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-०१४०, हक कायम रै.प.दर्ता नामसारी, *विष्णुधर शर्मा राजोपाध्याय वि. रमादेवी राजोपाध्यायसमेत*

दाबीका जग्गाहरू पुनरावेदक वादीका पति श्रीपतिधर राजोपाध्यायसमेतका नाउँको "ख" श्रेणीको बिर्ता जग्गा हो भन्ने देखिन्छ। जग्गाधनीले "ख" श्रेणीको बिर्ता जग्गा दर्ताको लागि कारबाही चलाउनु पर्ने समयावधिका सम्बन्धमा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १२क मा कानूनी व्यवस्था हेर्दा मूलतः "ख" श्रेणीको बिर्ता जग्गा रैकर परिणत गर्न सम्बन्धित बिर्तावालले २०४९ साल आषाढ मसान्तअगावै निवेदन दिई निर्णय भएको वा कारबाहीमा रहेको हुनुपर्ने र त्यसरी निवेदन नदिएकोमा सो अवधिपश्चात् बिर्तावालाले दर्ता गराउन नपाउने भई जग्गा कमाउने व्यक्तिले मात्र ऐनको दफा ७क बमोजिम दर्ता गराउन पाउने स्पष्ट उल्लेख भएको पाइने।

पुनरावेदकले उक्त जग्गा रैकर परिणत गराउन २०४९ साल आषाढ मसान्तसम्म निवेदन दिएको भन्ने कुरा मालपोत कार्यालयबाट प्राप्त प्रमाण मिसिल र जवाफबाट देखिन आउँदैन । पुनरावेदक वादीका तर्फबाट मालपोत कार्यालय चाबहिलमा मिति २०६१।११।२८ मा दिएको निवदेनमा रैकर परिणतका लागि मि.नं.१००, २०५२/५३ बाट निवेदन दिई कारबाही चलिरहेकोमा उक्त मिसिल फेला नपरेको हुँदा प्रस्तुत निवेदनबाट रैकर परिणत गरिपाउँ भन्नेसमेत उल्लेख गरेको देखियो। पुनरावेदक वादीले दिएको उक्त निवेदनमा पनि फेला नपरेको भनिएको मि.नं.१०० को निवेदन २०४९ साल आषाढ मसान्तअगावै दिएको हो भन्न सकेको पाइँदैन । त्यस्तै उक्त जग्गा पुनरावेदक वादीका नाममा मात्र रैकर परिणत भएमा मन्जुर छ भनी वादी तथा निजका हकदारहरू उमाधर राजोपाध्यायसमेतले मिति २०६३।११।२५ मा दिएको निवेदनमा पनि २०५२/०५३ सालमा रैकर परिणत गरिपाउँ भनी निवेदन दिई कारबाही चलिरहेको भन्ने उल्लेख गरेको पाइएबाट हराएको भनिएको १०० नं. को मिसिल २०४९ साल आषाढ मसान्तभन्दा पछिको अर्थात् २०५२/०५३ सालको रहेछ भन्ने देखिने।

"ख" श्रेणीको बिर्तावालसमेत रहेका यी पुनरावेदक वादीले कानूनले निर्दिष्ट गरेको म्यादभित्र उक्त जग्गा दर्ता गराउन नसकेको भन्ने आधारमा दाबीको जग्गा सो जग्गा कमाउने मोहीका हकदारका नाममा दर्ता हुने ठहरी पुनरावेदक वादी पुनमाया श्रेष्ठसमेत र प्रतिवादी यिनै वादी विष्णुधर राजोपाध्यायसमेत भएको लगाउको दे.नं.०७२-CI-११०३ को हक कायम मुद्दामा आज यसै इजलासबाट फैसला भएको अवस्था रहेको हुँदा दाबीको जग्गामा पुनरावेदक वादीको हक कायम हुन नसक्ने।

उल्लिखित तथ्य प्रमाण र कानूनी व्यवस्थासमेतको विवेचित आधारमा बिर्ता उन्मूलन

ऐन, २०१६ को दफा १२क द्वारा निर्दिष्ट म्यादभित्र दाबीको जग्गा रैकर परिणत गरिपाउँ भनी पुनरावेदक वादीको निवेदन पर्न सकेको नदेखिएको भन्नेसमेत आधारमा वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।११।११ को फैसला मनासिब देखिएकोले सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पौष १८ गते रोज ३ शुभम्।

## इजलास नं.५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री कुमार रेग्मी,** ०७४-CR-०३७२, कर्तव्य ज्यान, खड्ग भन्ने चक्रबहादुर गुरूङ वि. नेपाल सरकार

प्रतिवादीले आफूले गरेको कार्यबाट मानिस मर्लाजस्तो अवस्था नभएको भन्ने नदेखिएको, कुनै काम गर्दा केही भई मृतक प्रेम भण्डारीको मृत्यु भएको अवस्था नदेखिएको र एउटा कामको लागि भनी उठाएकोमा मृतक प्रेम भण्डारीलाई लाग्न गई निजको मृत्यु भएको अवस्था नदेखिई यी प्रतिवादीले प्रेम भण्डारीलाई मार्नको लागि नै भनी वारदातस्थलबाट आफ्नो घरमा गई बन्दुक ल्याई पुनः वारदातस्थलमा आई प्रेम भण्डारीलाई बन्दुकले हानेको देखिँदा निज प्रेम भण्डारीलाई मार्ने नियत थिएन भन्ने अवस्थासमेत नदेखिँदा प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ र ६ नं. अन्तर्गतको भवितव्यको वारदात नदेखिने।

यसरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. तथा ६ नं. अनुसारको अवस्था विद्यमान नदेखिँई प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नी बुहारीसँग मृतकले शारीरिक सम्बन्ध राखेको कारणले निज मृतकलाई मार्ने मनसायले घरबाट बन्दुक लोड गरी ल्याएर बन्दुकजस्तो जोखिमी हतियार प्रहार गरी मृतक प्रेम भण्डारीको मृत्यु पुष्टि हुन आएबाट आफ्नो मार्ने मनसाय नभएकोले भवितव्य कायम गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

प्रतिवादीउपरको किटानी जाहेरी र सो बेहोरा समर्थित अदालतमा कमल भण्डारीले गरेको बकपत्र, प्रतिवादी चक्रबहादुर गुरूङको मौकाको बयान र अदालतको साबिती बयान, प्रतिवादीकी बुहारी सिर्जना तामाङको मौकाको कागज र अदालतसमक्षको बकपत्र, मौकामा कागज गर्ने प्रतिवादीका छोरा दिपक गुरूङ र बरामदी मुचुल्कामा बस्ने कोपिला गुरूङको मौकाको कागज र अदालतको बकपत्र तथा लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीले आफ्नी बुहारी सिर्जना तामाङ र मृतक प्रेम भण्डारीबिच शारीरिक सम्बन्ध भएको देखेपछि आफ्नै घरबाट बन्दुक बोकेर गई करणी लिनुदिनु गर्दाकै अवस्थामा बन्दुक प्रहार गरेबाट मृतक प्रेम भण्डारीको मृत्यु भएको देखिँदा निज प्रतिवादीमा मार्ने मनसाय तत्त्व (Mens Rea) विद्यमान नभएको भनी भन्न सकिने अवस्था पनि भएन । बन्दुकले हान्दा कुनै पनि व्यक्तिलाई लागेपछि त्यसको ज्यान जान सक्छ भन्ने कुरा एउटा Prudential Mind भएको सामान्य व्यक्तिले पनि थाहा पाउने विषय हो । प्रस्तुत मुद्दामा आफ्नी बुहारीसँग मृतकले शारीरिक सम्बन्ध राख्दै गरेको अवस्थामा देखेपछि घरैबाट भरूवा बन्दुक लिएर आई सो बन्दुक हानी छर्रा लागी मृतकको मृत्यु भएको भन्ने देखिँदा यी प्रतिवादीले मृतकलाई मार्ने नै मनसाय राखी बन्दुक प्रहार गरेको भन्ने देखिने। प्रतिवादीले मार्ने नियतबाट बन्दुक प्रहार गरेबाट मृतक प्रेम भण्डारीको मृत्यु भएको भन्ने देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. अनुसारको कसुर गरेको भन्ने देखिने।

वादीले दाबी लिएको मुलुकी ऐन,

ज्यानसम्बन्धीको १३(१) नं. अध्ययन गर्दा, "धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ, उति जना ज्यानमारा ठहर्छन् । सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादीलाई अभियोग मागदाबीअनुसार सजाय गर्ने गरी भएको फैसला मिलेको देखिन आयो। प्रतिवादी खड्ग भन्ने चक्रबहादर गुरूङले मृतक प्रेमबहादुर भण्डारीलाई कर्तव्य गरी मारकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबीबमोजिमको कसुर गरेको भनी निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू धनकुटा जिल्ला अदालतबाट मिति २०७३।१०।२० मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७४।२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

मुद्दाको वारदातको प्रकृति हेर्दा प्रतिवादीमा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी र मनसाय तथा तयारीसम्म नभएको, आफ्नो छोरा विदेश गए लगत्तै बुहारी अर्को व्यक्तिसँग रातिको समयमा अनुचित यौन सम्पर्क गरी सम्बन्ध राखेको परिस्थितिबाट आफ्नो घरमा भएको बन्दुक झिकी फायर गर्दा बन्दुकमा लोड गरी राखेको छर्रा लाग्न गई सोही चोटबाट नै मृतकको मृत्यु भएको परिस्थिति र अवस्थासमेतका आधारमा प्रतिवादी खड्ग भन्ने चक्रबहादुर गुरूङलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकाले निज प्रतिवादी खड्ग भन्ने चक्रबहादुर गुरूङलाई १२(बाह्र) वर्ष कैद सजाय गर्दासमेत न्यायको मकसद पूरा हुने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय गर्ने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासले व्यक्त गरेको रायसमेत मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः ध्रुवबहादुर कुँवर

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल कार्तिक २४ गते रोज १ शुभम्।

## इजलास नं.६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CR-१५९६, थुनुवा भागेको, प्रेमबहादुर अधिकारी वि. नेपाल सरकार

प्रतिवादीले आफ्नो जन्ममिति सम्बन्धमा वारदात हुनुभन्दा अगाडि नै जन्ममिति उल्लेख भएको कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन। इलाम नगरपालिकाबाट जारी भएको जन्मदर्ता वारदात घटिसकेपछि मात्र दर्ता हुन आएको देखिन्छ। विद्यालयबाट प्राप्त पत्रमा समेत प्रतिवादीले विद्यालयमा जन्मदर्ता प्रमाण पत्र भर्ना हुँदाको समयमा पेस नगरेको र वारदात घटिसकेपछि मात्र निवेदन दिएर सिफारिस बनाउन लगाएको देखिन आउँछ। इलाम जिल्ला अस्पतालबाट प्राप्त पत्र हेर्दासमेत निज प्रतिवादीको उमेर १५ देखि १७ वर्षको देखिन आएबाट निज नाबालिग नै हुन भनी यकिनसाथ भन्न सकिने अवस्था देखिँदैन। प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफू १६ वर्ष भएको भनी उल्लेख गरेको र नाबालिग रहेको भनी उल्लेख गरेकोसमेत देखिँदैन। यसबाट प्रतिवादीले आफू नाबालिग भएको भनी लिएको जिकिर स्पष्ट र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएन। अदालतमा आफू नाबालिग भएको जिकिर लिने पक्षले नै सोको प्रमाण पुऱ्याउनुपर्नेमा प्रतिवादीले सोअनुसारको खम्बिर प्रमाण पुऱ्याउन नसकेकोले निज नाबालिग रहेको मान्न मिलेन। प्रतिवादी नाबालिग रहेको नदेखिएको अवस्थामा नाबालिग भएकोले कैदमा राख्न नमिल्ने र कैदबाट भागेकोमा थप सजायसमेत गर्न नमिल्ने भन्ने पुनरावेदन जिकिरसमेत पुग्न सक्ने

देखिन नआउने।

प्रतिवादी प्रेमबहादुर अधिकारीलाई पुनरावेदन अदालत इलामबाट चौपाया चोरीमा १ महिना कैद र रू.२५,०००/- जरिवाना तथा गौवधतर्फ ६ वर्ष कैद सजाय भई उक्त फैसला अन्तिम रहेको देखिएबाट निजलाई मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. बमोजिम ठुलो हदसम्मको कैद वर्ष ६ हुने देखियो । प्रतिवादी मिति २०६९/५/५ देखि थुनामा रहेकोमा मिति २०६९/८/१० गते राति थुनाबाट भागी ऐ. ११ गते पुन: पक्राउ परेको भन्ने देखिन्छ। प्रतिवादी थुनाबाट भाग्नुअगाडि ३ महिना ५ दिन कैद बसेको देखिन्छ भने निजले बाँकी कैद अवधि ५ वर्ष ८ महिना २५ दिन कैद भुक्तानी हुन बाँकी रहेको देखिन्छ। निज कैदमा रहेको अवस्थामा भागेकोले निजलाई कारागार ऐन, २०१९ को दफा ४ को कसुरमा दफा २४(४) र (५) बमोजिम थप ३ वर्ष कैद सजाय हुने ठहरी पुनरावेदन अदालत इलामबाट फैसला भएको देखिने।

कारागार ऐन, २०१९ को दफा २४(५) अनुसार निज प्रतिवादीलाई सजाय गर्दा कैदको उपल्लो हद ६ वर्षको सवाई अर्थात् १ वर्ष ६ महिनासहित जम्मा ७ वर्ष ६ महिनाभन्दा बढी सजाय गर्न मिल्ने देखिँदैन । यस आधारमा कैदबाट भागेकोमा प्रतिवादीलाई थप १ वर्ष ६ महिना मात्र सजाय गर्नुपर्ने देखिन आउँछ। पुनरावेदन अदालतबाट प्रतिवादीलाई मुलुकी ऐन, चौपाया महलको ११ नं. बमोजिमको कसुरमा कैदको उपल्लो हद १२ वर्ष मानी कैदबाट भागेकोतर्फ थप ३ वर्ष कैद सजाय गरेको मिलेको नदेखिने।

तसर्थ, विवेचित आधार, प्रमाण तथा कानूनबमोजिम पुनरावेदन अदालत इलामबाट प्रतिवादी प्रेमबहादुर अधिकारीलाई मुलुकी ऐन, चौपायाको महलको ११ नं. बमोजिमको सजायमा कैद हद १२ वर्ष मानी कारागार ऐन, २०१९ को दफा २४(४) र (५) अनुसार थप ३ वर्ष कैद सजाय गरेको मिति २०७०/१०/२० को फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई निज प्रतिवादी प्रेमबहादुर अधिकारीलाई मुलुकी ऐन, चौपायाको महलको १३ नं. बमोजिमको सजायमा कैद हद ६ वर्ष मानी कारागार ऐन, २०१९ को दफा २४(४) र (५) अनुसार थप १ वर्ष ६ महिना मात्र कैद सजाय हुने।

इजलास अधिकृत : विष्णुप्रसाद आचार्य

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

## इजलास नं.७

**१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-RC-००१७, कर्तव्य ज्यान, नेपाल सरकार वि. बुद्ध लोप्चन

प्रमाण ऐन, २०३१ को दफा ९ ले **मुद्दामा कुनै पक्षले व्यक्त गरेका कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ** भन्ने कानूनी व्यवस्था गरेको छ। प्रतिवादीले अदालतमा समेत सालको चिर्पटले बाबुको टाउकोमा हिर्काएकोले मृत्यु भएको स्वीकार गरेको छ। प्रतिवादीको साबिती बयान घटनास्थल लासजाँच मुचुल्का र पोष्टमार्टम रिपोर्ट, मौकाको किटानी जाहेरी दर्खास्त र सोबमोजिम जाहेरवालाको अदालतमा भएको बकपत्रबाट समर्थित भएकोले वारदातमा प्रतिवादीको संलग्नता र निजका कार्य, कारणबाट मृतकको मृत्यु भएको भन्ने कुरामा थप विवेचना गरिरहनु परेन । अदालतमा व्यक्त गरेका कुरा निजका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. ले कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन, मार्नको उद्योग गर्नु हुँदैन भन्ने उल्लेख गरेको छ। गैरकानूनी ढङ्गबाट ज्यान मार्ने कार्य कानूनले निषेध गरेकोले निषेधित कार्य गरे अपराध कायम भई कानूनबमोजिम सजाय हुन्छ ।

सोही महलको १३(३) नं. मा लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गर्दा ज्यान मरेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरैजनाको हुल भई मारेमा यसैले मारेको वा यसैको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैको चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था छ । साबिक मुलुकी ऐन, २०२० खारेज भई मिति २०७५।५।१ बाट लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भनी उल्लेख गरेको र सोही ऐनको परिच्छेद १२ को ज्यानसम्बन्धी कसुरमा सर्वस्व गर्ने व्यवस्था रहे भएको नदेखिँदा प्रतिवादीलाई सर्वस्व गर्न नमिल्ने ।

मृतक तिर्थबहादुर लोप्चन र प्रतिवादी बुद्ध लोप्चन बाबु छोरा नाताका देखिन्छन् । छोरा काम नगरी बिग्रेको कुरामा बाबुले गाली गरेको अवस्थामा भनाभन वादविवाद भई कुटपिटको अवस्थासम्म पुगेको देखिन्छ । घटना हुँदाका अवस्थामा मृतक, प्रतिवादी दुवैले रक्सी सेवन गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आएको छ । घटनास्थल लासजाँच मुचुल्काबाट मृतक शरीरको टाउकोमा चोट रहेको र नाक र मुखबाट रगत निस्केको, कपालमा रगत र अनुहारमा गिदी जमेको भन्ने देखिएको छ । वारदातस्थलबाट सालको चिर्पट बरामद भएको छ । बरामद दशी सनाखत गरी अभियोग दाबीको कसुर गरेको भनी प्रतिवादीले मौकामा र अदालतमा समेत साबिती बयान गरेको देखिन्छ । पोष्टमार्टम रिपोर्टमा Cause of death : Head injury following physical assault भन्ने देखिन्छ । प्रतिवादीले मृतकको टाउकोको सालको चिर्पटले पटकपटक नाक र मुखबाट रगत र टाउकोबाट गिदीसमेत निस्किने गरी प्रहार गरेको र सोही चोटका कारणले मृतकको मृत्यु हुन गएको पुष्टि भएको देखिने ।

अतः प्रतिवादी बुद्ध लोप्चनलाई साबिक मुलुकी ऐन, २०२० ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।१०।३ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । साबिक मुलुकी ऐन, २०२० खारेज भई मिति २०७५।५।१ बाट लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) र सोही ऐनको परिच्छेद १२ को ज्यानसम्बन्धी कसुरमा सर्वस्व गर्ने व्यवस्था रहे भएको नदेखिँदा प्रतिवादीलाई सर्वस्व गर्न नमिल्ने ।

अब प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम १२ वर्ष कैद गर्ने राय कायम गरेको पुनरावेदन अदालत पाटनको राय सम्बन्धमा हेर्दा घरको काम नगरी बिग्रेर हिँडेको भन्ने सम्बन्धमा बाबु, छोराबिच विवाद भएको घटना परिस्थिति देखिन्छ । तथापि उक्त समयमा मृतक र प्रतिवादी दुवैले मादक पदार्थ सेवन गरेको भन्ने देखिएको छ । आफूलाई गाली गरेको कारणबाट रिस उठेको, भनाभन विवाद हुँदा बाबुले हिर्काउन ल्याएको सालको चिर्पटले नै बाबुलाई पटकपटक प्रहार गरेको भन्ने देखिन आएको छ । बाबुकै कारण आफ्नी श्रीमती पोइल गएको भन्ने प्रतिवादीको अदालतको बयानबाट देखिन आएको छ । मृतक प्रतिवादी रहे बसेकै घरमा साँझको समयमा वारदात भएको देखिन्छ । बाटो गौंडा छेकी थुनी एकान्तस्थानमा वारदात भएको भन्ने देखिँदैन । पूर्वयोजना र तयारीका साथ घटना घटाएको भन्ने पनि देखिएको छैन । वारदातमा जोखिमी हातहतियारको प्रयोग नभई घरायसी काममा प्रयोग

हुने वारदातस्थलमै रहेको दाउराको प्रयोग भएको देखिन्छ । घटनाको वास्तविकता दर्साई प्रतिवादीले अदालतमा समेत साबिती भई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको र आफूलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू र उच्च अदालतको फैसलाउपर पुनरावेदनसमेत नगरी बसेको देखिने।

साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. "... कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भन्ने विवादमा न्यायकर्ताको स्वविवेकीय अधिकारको व्यवस्था गरेको देखियो । पीडकलाई अन्तिम सजाय निर्धारण गर्दा न्यायिक मन प्रयोग गरी न्यायोचित सजाय गर्नु उपयुक्त हुने हुन्छ। घटनाको प्रकृति, कसुरदारले कसुर गर्दाको अवस्था र परिस्थितिलाई मनन गर्दा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने भई तत्कालीन उच्च अदालत पाटनबाट व्यक्त भएको राय घटना परिस्थितिअनुकूल भएको नदेखिँदा सो रायलाई समर्थन गर्न नमिली साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादीलाई १० (दश) वर्ष कैदको सजाय गर्नु मनासिब देखिने।

अतः घटनाको प्रकृति, कसुरदारले कसुर गर्दाको अवस्था र परिस्थितिलाई मनन गर्दा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने भई तत्कालीन उच्च अदालत पाटनबाट व्यक्त भएको राय घटना परिस्थितिअनुकूल भएको देखिँदा साबिक मुलुकी ऐन, अ.बं.१८८ नं बमोजिम प्रतिवादीलाई १० (दश) वर्ष कैदको सजाय हुने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७६ साल भदौ १३ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-WO-०३१५, उत्प्रेषण / परमादेश, मोना गौचन शेरचन वि. रूकमणी श्रेष्ठसमेत

वादी रूकमणी श्रेष्ठले प्रतिवादी मोना गौचन शेरचनको विरूद्धमा काठमाडौं जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरेकोमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।३।१४ मा फैसला भई सो फैसलाउपर पुनरावेदन पर्दै यस अदालतबाट मिति २०७२।३।३१ मा वादीले साँवा रू.३०,००,०००।- र भरिभराउ हुँदासम्मको ब्याज र कोर्ट फिसमेत प्रतिवादीबाट भरिपाउने ठहर्छ भनी फैसला भएको देखिन्छ। सो फैसलाअनुसारको बिगो भराइपाउँ भनी ऋणी मोना गौचन शेरचनको नाउँको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.१३ को कि.नं.६१ क्षेत्रफल २१७.८० व.मि. जग्गा र सोमा बनेको घरसमेत जायजेथा देखाई वादी रूकमणी श्रेष्ठले मिति २०७२।६।२१ मा दरखास्त दिएको देखिन्छ। सो कि.नं.६१ को जग्गाको मिति २०७३।३।८ मा काठमाडौं जिल्ला अदालतबाट जायजत मुचुल्का भएउपर परेको ऋणीको निवेदनमा उच्च अदालत पाटनबाट समेत मिति २०७३।१०।२० मा आदेश भई सो जायजात मुचुल्का सदर भएको देखिने।

लेनदेन मुद्दामा रोक्का रहेको कि.नं.६१ को घर जग्गाबाट नै बिगो भरिभराउको कारबाही गरिपाउँ भनी दरखास्त परेअनुसार उक्त घर जग्गाको मिति २०७३।३।८ मा जायजत मुचुल्का भई मिति २०७३।१२।२ मा पञ्चकृते मूल्याङ्कन गरी मिति २०७४।१।२५ मा लिलाम बढाबढ हुने गरी लिलामीको सूचना प्रकाशन गरेको देखिन्छ । सो पञ्चकृते मूल्याङ्कन बदर गरिपाउँ भनी प्रतिवादी मोना गौचन शेरचनले मिति २०७४।१।१४ मा दिएको निवेदनमा अगाडि भएको पञ्चकृते मूल्याङ्कन मुचुल्का बदर गरी निवेदक प्रतिवादीलाई समेत रोहवरमा राखी पञ्चकृते

मूल्याङ्कन गरी कार्यान्वयन गर्नु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।१२।३० मा आदेश भएको देखिने।

वादी विनोना शेरचनले उमेश शेरचनसमेतको विरूद्धमा दायर गरेको मुद्दा नं. ०७४-CP-३०९६ को अंश मुद्दामा काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.१३ कि.नं.६१ क्षेत्रफल २१७.८० व.मि. घर जग्गा वादीको हकमा ४ भागको १ भाग रोक्का राख्ने गरी मिति २०७५।१।७ मा आदेश भइरहेको सन्दर्भमा पछि ठहरेबमोजिम हुने नै हुँदा दाबीको घर जग्गा लिलाम भई गएको अवस्थामा वादीको अंशजस्तो नैसर्गिक हकमा आघात पर्न सक्ने तथ्यलाई मध्यनजर गरी प्रस्तुत अंश मुद्दालाई प्राथमिकतामा राखी यी निवेदक वादीको अंश हकका सन्दर्भमा कुनै असर नपर्ने गरी फैसला कार्यान्वयन गर्नु न्यायका दृष्टिकोणबाट उपयुक्त हुने देखिएकोले यो आदेश गरी दिएको छ । अरूमा कानूनबमोजिम गर्नु भनी तहसिल शाखामा लेखी पठाउनु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।२।२५ मा आदेश भएको देखिने।

लेनदेन मुद्दामा रोक्का रहेको जेथाबाट नै बिगो असुलउपर गर्न वादीले माग गरेको देखिन्छ । ऋणीले सिन्धुपाल्चोक जिल्लाअन्तर्गत रहेको जग्गाबाट बिगो भरी पाउने कारबाही अघि बढाइपाउँ भनी निवेदन दिए पनि वादीले सोअनुसार गर्न मन्जुर नगरी लेनदेन मुद्दामा रोक्का रहेकै कि.नं.६१ को घर जग्गाबाट नै बिगो भरिपाउँ भनी माग गरेको भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०७५।३।१५ को आदेशबाट देखिने।

लेनदेन मुद्दाको वादी रूकमणी श्रेष्ठले सर्वोच्च अदालतबाट मिति ०७२।३।३१ मा अन्तिम फैसला भएपश्चात् कि.नं. ६१ को घर जग्गाबाट बिगो रकम भराइपाउँ भनी मिति २०७२।६।२१ मा बिगो भरिपाउँमा निवेदन दिई लेनदेन मुद्दाको फैसला कार्यान्वयन गर्ने कार्य अघि बढिसकेको अवस्थामा सो कार्यलाई प्रभावित पार्ने गरी यी निवेदक मोना गौचन शेरचनसमेत प्रतिवादी र विनोना शेरचनको बिचमा अंश मुद्दा चलेको र ऋण लिँदा सबै परिवार एकासगोलमा रहे बसेको भन्ने देखिन्छ। लेनदेन मुद्दको बिगोसम्बन्धी कारबाहीमा कुनै कानूनी त्रुटि रहे भएको भन्नेसमेत नदेखिएको अवस्थामा पछि चलेको अंश मुद्दाको काम कारबाहीले बिगो मुद्दाको फैसला कार्यान्वयनको ऋण र बिगो असुलउपर गर्ने कार्यलाई विनाकारण हस्तक्षेप गर्न मिल्ने देखिँदैन। साथै कि.नं. ६१ को घर जग्गामध्ये ४ भागको १ भागलाई असर नपर्ने गरी लेनदेन मुद्दाको फैसला कार्यान्वयन गर्नु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।३।१५ मा आदेश भएको पनि देखियो । अंशियारको अंश हक सुरक्षित राखी लेनदेनको बिगो भराउनेतर्फ कारबाही गर्नु भनी आदेश भएको हुँदा अंशियारको अंश हकमा असर पर्न गएको भन्नेसमेत देखिन नआउने।

तसर्थः विवेचित आधार कारणहरूसमेतबाट काठमाडौं जिल्ला अदालतको मिति २०७५।२।२५ को आदेशअनुसार बिगोमा कारबाही चलेको कि.नं. ६१ को घर जग्गामध्ये ४ भागको १ भागलाई कुनै असर नपर्ने गरी फैसला कार्यान्वयन गर्नु भनी प्रस्ट आदेश भएकै देखिँदा उक्त आदेशअनुसारकै आदेश कार्यान्वयन गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।३।१५ मा भएको आदेश मिलेको देखिँदा परिवर्तन गर्नु परेन भनी उच्च अदालत पाटनबाट मिति २०७५।५।१४ मा भएको आदेश कानूनविपरीतको नदेखिएको अवस्थामा उक्त आदेशले निवेदकको हक अधिकारमा आघात पुगेको भन्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

इति संवत् २०७६ साल कार्तिक २४ गते रोज १ शुभम्।

**३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०६७-CI-०५१२, गैरकानूनी

काम कारबाही बदर गरी सेयर सदस्यता यथावत् कायम राखिपाऊँ, द पायनियर सेकेन्डरी इङ्गलिस बोर्डिङ स्कुल व्यवस्थापन समिति सुनवल गा.वि.स. वा.नं. १ नवलपरासीसमेत वि. लक्ष्मी पोखरेलसमेत

कम्पनी ऐनले कम्पनीको सेयर खरिद बिक्रीसम्बन्धी गरेको व्यवस्था हेर्दा दफा ४२ मा कम्पनी ऐन, २०६३ कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कम्पनीको सेयर चल सम्पत्तिसरह बिक्री गर्न र धितो बन्धक राख्न सकिने छ। सेयर खरिद बिक्री भएकोमा सेयर खरिद गर्ने व्यक्तिले दाखिल खारेजको लागि कम्पनी रजिस्ट्रारको कार्यालयमा तोकिएको ढाँचामा लाग्ने दस्तुरसहित आवश्यक कागजात राखी निवेदन दिनुपर्ने हुन्छ । यसरी निवेदन परेपछि कम्पनी रजिस्ट्रारको कार्यालयले साबिक सेयरधनीको नाम कट्टा गरी खरिद गर्नेको नाममा दर्ता हुने हुन्छ । प्रचलित कानूनमा गरिएको व्यवस्थाअनुसार सेयरमा कुनै व्यक्तिको हक कायम हुन आएमा सोबमोजिम सेयरधनीको नाममा दा.खा. नामसारी दर्ता हुने।

कम्पनीले आफ्नो सेयर आफैँ खरिद (बाइ ब्याक) गर्न वा जमानतमा राखी ऋण दिन नहुने व्यवस्था कम्पनी ऐनले गरेको छ । लाभांशको रूपमा वितरण हुन सक्ने सञ्चित मुनाफाको रकमबाट कम्पनीले सेयर आफैँ खरिद गर्न सक्छ । आफ्नो सेयर आफैँ खरिद गर्न सक्ने व्यवस्था सम्बन्धित कम्पनीको नियमावलीमा भएको भए र कम्पनीले सेयर खरिद गर्नेसम्बन्धी विशेष प्रस्ताव साधारण सभाबाट पारित भएमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी आफ्नो सेयर आफैँ खरिद गर्न सक्ने हुन्छ। यसरी खरिद भएमा सोको जानकारी कम्पनी रजिस्ट्रारको कार्यालयलाई दिनुपर्ने हुन्छ । प्राइभेट कम्पनीहरूले आफ्नो सेयर तथा डिवेन्चर खुल्ला रूपमा बिक्री गर्न मिल्दैन । कम्पनीको प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा व्यवस्था गरिएका कार्यविधि पूरा नगरी प्राइभेट कम्पनीले आफ्नो धितोपत्र सेयरधनीहरूबाहेक अन्य व्यक्तिलाई धितो बन्धक राखी वा कुनै किसिमले हक छाडी दिन हुँदैन । कम्पनीको सेयर खरिद तथा हस्तान्तरणसम्बन्धी कुरा कम्पनीको प्रबन्धपत्रमा खुलेको हुनुपर्ने।

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा यो प्राइभेट कम्पनी भएकोले कम्पनीको सेयर बिक्री र हस्तान्तरण पब्लिकका लागि खुल्ला गरिने छैन। सेयर खरिद बिक्री सम्बन्धमा सेयरहोल्डरमध्ये आपसमा खरिद बिक्री गर्ने भए सञ्चालक समितिको स्वीकृत लिनुपर्छ। सेयरहोल्डरले कम्पनीको सेयरहोल्डरबाहेक अन्यत्र बिक्री गर्नुपरे साधारण सभाको सदस्य संख्याको बहुमतको स्वीकृत अनिवार्य लिनुपर्ने हुन्छ, कम्पनीको सेयर खरिद गर्न चाहने व्यक्तिले ऐनले तोकेको ढाँचामा आफूले लिन चाहेको सेयरको सयकडा १०% पेस्कीसहित सञ्चालकसमक्ष निवेदन दिनुपर्ने भन्ने देखियो। द पायनियर इङ्गलिस बोर्डिङ स्कुल प्रा.लि. नियमावलीको नियम ९ मा सेयरको हस्तान्तरणसम्बन्धी व्यवस्थालाई हेर्दा कम्पनीको सेयरधनीले आफ्नो सेयर कम्पनीसँग खरिद गरेको ५ वर्षसम्म बिक्री हस्तान्तरण गर्न नपाउने र ५ वर्षपछि अर्को व्यक्तिलाई बिक्री वा हक हस्तान्तरण गर्न चाहेमा सेयर खरिद गर्ने व्यक्तिले सेयरको दा.खा.को लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर सम्बन्धित कागजात र सेयरको प्रमाणपत्रसहित कम्पनी रजिस्ट्रारको कार्यालयमा निवेदन दिनुपर्ने र कम्पनी रजिस्ट्रारको कार्यालयले साबिक सेयरवालाको नाम कट्टी गरी खरिदकर्ता सेयरवालाको नाम दर्ता गर्ने भन्ने देखिने।

कम्पनीको प्रबन्धपत्र र नियमावली कम्पनी र सेयरधनीलाई बन्धनकारी हुन्छ । कम्पनीको सेयर बिक्री वितरण हक हस्तान्तरण सम्बन्धमा प्रचलित ऐन, प्रबन्धपत्र र नियमावलीले व्यवस्था गरिएका प्रक्रियाहरू अनिवार्य रूपमा पालना गर्नुपर्ने कुरामा विवाद हुन सक्दैन । उल्लिखित कानूनी प्रक्रिया नपुऱ्याई केबल निवेदकहरूले सेयर फिर्ता पाउँ भनी दिएको निवेदनको

आधारमा विपक्षी कम्पनीले सदस्यको सेयर फिर्ता गर्ने निर्णय गरी आफ्नै जिम्मा राख्न सक्ने कम्पनी ऐनमा व्यवस्था गरेको नपाइने।

कानूनले तोकेको परिधिभित्र रही कारोबार गर्नुपर्नेमा कानूनको प्रतिकूल सेयर फिर्ता गरिपाउँ भन्ने निवेदन परेको अवस्थामा निवेदन दाबी कानूनअनुकूलको छ, छैन सोसमेत हेर्नुपर्ने हुन्छ । निवेदन दिएको भन्ने आधारमा सेयर फिर्ताको निर्णय भएको छ, विशेष बैठकको निर्णयपश्चात् साधारण सभाले अनुमोदन गर्नुअगावै निवेदकहरूले सेयर फिर्ता नगरी यथास्थितिमा रहन पाउँ भनी निवेदन दिएकोसमेत देखिन्छ । कानूनको प्रक्रिया नपुऱ्याई कम्पनी ऐनविपरीत निवेदकका सेयरहरूको सम्बन्धमा गरेका विपक्षी कम्पनीको साधारण सभाको निर्णय र पत्राचार कानूनबमोजिमको देखिन आएन। यी निर्णयले कानूनी मान्यता पाउने देखिँदैन। जबसम्म सेयरधनीले कम्पनी ऐनबमोजिम सेयर खरिद बिक्रीको कार्य प्रारम्भ गरी कारबाही हुँदैन, सेयर कम्पनी आफैँले खरिद गर्ने, जिम्मा लिने जस्ता कार्य कानूनले अधिकार दिएको नदखिने।

अतः निवेदकहरूको सेयर यथास्थितिमा नै पूर्ववत्रूपमा रहेको देखिन्छ । कम्पनीको निर्णयबमोजिम रीतपूर्वक कम्पनी रजिस्ट्रारको कार्यालयबाट अद्यावधिक हस्तान्तरण भएको नहुँदा निवेदकहरू विपक्षी कम्पनीकै संस्थापक सेयरधनीकै हैसियतमा रही काम कारबाही गर्न पाउने नै दखिँदा कम्पनीबाट भए गरेका उक्त गैरकानूनी काम कारबाही बदर गरी निवेदकहरू विपक्षी कम्पनीको संस्थापक सेयरधनीमा यथावत् कायम रहने ठहऱ्याएको सुरू पुनरावेदन अदालत बुटवलको मिति २०६७।१।८ को फैसला मिलेकै देखिने।

कम्पनी सञ्चालन व्यवस्थापनको कार्य कम्पनी ऐनबमोजिम नै हुने हुन्छ । कम्पनीमा सेयर सदस्य, सञ्चालक समिति, सञ्चालक प्रबन्धक रहने भए पनि सबैको अलगअलग भूमिका र दायित्व हुन्छ। कम्पनीको सञ्चालक समिति कम्पनीको साधारण सभाबाट नियमावलीमा व्यवस्था भएबमोजिम नियुक्ति हुने र कम्पनी ऐन, नियमावलीमा लेखिएका कुराहरू र साधारण सभाको निर्णयको अधीनमा रही कम्पनीको कारोबारको व्यवस्थापन सञ्चालनमा सक्रिय हुन्छ । सेयर सदस्यहरू कम्पनीमा पुँजी लगानी गर्ने, साधारण सभामार्फत सञ्चालक र पदाधिकारीहरूलाई नियन्त्रण निर्देशन गर्ने हुन्छन्। निवेदकहरू कम्पनीको संस्थापक सेयर सदस्य मात्र रहेका देखिएको अवस्थामा संस्थापक सेयरधनीको हैसियतबाट निवेदकलाई सो कम्पनीमा सहभागी गराउनेसम्म उल्लेख हुनुपर्नेमा सञ्चालन व्यवस्थापनलगायतका काम कारबाहीमा सहभागी गराउने भनी उल्लेख भएको पुनरावेदन अदालत बुटवलको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने।

अतः निवेदकहरूको विपक्षी कम्पनीमा रहेको सेयर फिर्ता गर्ने र फिर्ता नलगेसम्म कम्पनीकै जिम्मामा राख्ने गरी कम्पनीले गरेको निर्णय कम्पनी ऐन, कम्पनीको प्रबन्धपत्र, नियमावलीविपरीतको देखिँदा उक्त गैरकानूनी काम कारबाही बदर गरी निवेदकहरू विपक्षी कम्पनीको संस्थापक सेयरधनीमा यथावत् कायम रही निवेदकहरू कम्पनीको संस्थापक सेयर सदस्यसम्म रहेको हुँदा सञ्चालन व्यवस्थापनलगायतका काम कारबाहीमा सहभागी गराउने भनी उल्लेख भएको पुनरावेदन अदालत बुटवलको मिति २०६७।१।८ को फैसला सो हदसम्म मिलेको नदखिँदा केही उल्टी भई निवेदकहरू विपक्षी कम्पनीको संस्थापक सेयरधनीमा यथावत् रही सेयर सदस्यसम्म रहने ठहर्छ। कम्पनीकै निर्णय यथावत् कायम गरिपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल भाद्र ९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०६८-CI-०९१९, ०९७७, धर्मपुत्रको लिखत बदर, *सत्येन्द्र प्रसाद चौहान वि. रामप्रसाद महतो चाइ, रामलखन महतो चाइ वि. रामप्रसाद महतो चाइ*

धर्मपुत्रको लिखत मिति २०५७।११।२६ मा पारित भएको देखिन्छ। प्रचलित मुलुकी ऐन, धर्मपुत्रको महलको १३ नं. मा **ऐनले राख्न नहुने धर्मपुत्र राखेको कुरामा थाहा पाएको मितिले २ वर्षभित्र नालेस नदिए लाग्न सक्दैन** भन्ने व्यवस्था गरेको छ। वादीले आफू स्व. दुखी महतोको धर्मपुत्र रहेको भनी मिति २०५७।११।१६ मा पारित भएको धर्मपुत्रको लिखत पेस गरी मिति २०६५।७।१२ मा परलोक भएका काका दुखी महतोको हकमा मिति २०६६।४।१ मा मुद्दा सकार गरेपछि सो कुराको थाहा जानकारी हुन आएकोले लिखतको नक्कल २०६६।४।२५ मा लिई थाहा पाएकोले फिराद लिई आएको छु भनी २०६६।४।२६ मा प्रस्तुत मुद्दाको फिराद गरेको देखिन्छ। वादीलाई धर्मपुत्रको लिखत पारित भएको पहिले नै जानकारी थियो भनी प्रतिवादीहरूले जिकिर लिई सो कुराको पुष्टि हुने कुनै प्रमाण पेस गरेको देखिँदैन। धर्मपुत्रको लिखत पारित भएको कुराको जानकारी हुन आएको मितिले कानूनको म्यादभित्रै वादीको फिराद परेको देखिँदा हदम्याद नाघी दायर भएको फिराद खारेज गर्नुपर्ने भन्ने प्रतिवादीहरूको जिकिर मिलेको देखिएन। वादीको फिराद हदम्यादभित्रकै देखिने।

पारित भएको वादी दाबीको धर्मपुत्रको लिखत हेर्दा शिताराम महतोका छोरा वर्ष ६८ का दुखी महतो चाइले आफ्नो दाइभाइ तथा दाजुभाइको छोरा नभएको, श्रीमतीबाट छोराछोरी कसैको जायजन्म नभएको, श्रीमतीको स्वर्गबास भइसकेको, आफू वृद्ध भएको सेवा टहल गर्ने कोही नभएकोले आफ्नै अंशियारतर्फको काका अनवत महतोका सन्तानतर्फको राम लखन महतोका २ छोराहरूमध्ये १ छोरा धर्मपुत्र राख्न देउभन्दा जेठा छोरा सतेन्द्रप्रसाद चौहानलाई दिएको र निजले धर्मपुत्र बस्न मन्जुर गरेकोले वर्ष १७ का सतेन्द्र चौहानलाई धर्मपुत्र राखेको भन्ने देखिने।

प्रतिवादीहरूले वादी आफ्नो बाबुको एक्लो छोरा भएकोले धर्मपुत्र हुन योग्य नरहेको भन्ने जिकिर लिएको छ। वादी धर्मपुत्र हुन आफू योग्य भएको, नभएको भन्दा पनि २०५७ सालको धर्मपुत्र कुन परिवेश र कस्तो परिस्थितिमा गरिएको थियो, तात्कालीन धर्मपुत्रको १ नं. को प्रक्रियालाई मिच्ने गरी सो कानूनी व्यवस्थाको भावनालाई निष्क्रिय हुने गरी दाबीको धर्मपुत्रको लिखत तयार पार्ने कार्य भयो, भएन भन्ने विषय विचारणीय छ। तात्कालीन अवस्थामा धर्मपुत्र प्राप्त गर्नेका पिता रामलखन महतो वादी भई धर्मपुत्रको लिखत गरिदिने दुखी महतोसमेत सबै अंशियारलाई विपक्षी बनाई अंश मुद्दाको फिराद दर्ता गराएको र धर्मपुत्रको लिखत गरिदिने दुखी महतोले पनि २०५७।७।१३ मा सबै अंशियारलाई अंश मुद्दा दिएको देखिन्छ। अब सो दुवै अंश मुद्दाहरू दर्ता भई मिति २०५७।११।३ मा तायदाती फाँटवारीको आदेश भइसकेपछि दुखी महतोले भतिज राम लखन महतोका छोरा सतेन्द्र महतोलाई मिति २०५७।११।२६मा धर्मपुत्रको लिखत पारित गरेको देखिने।

धर्मपुत्रको लिखत गरिदिने दुखी महतो निसन्तान भई मिति २०६५।७।१२ मा स्वर्गीय भइसकेका छन्। दुखी महतो स्वर्गीय भएपछि अंश मुद्दामा निजको हकमा सकार गर्न सतेन्द्र महतो अदालतमा आएपछि गुपचुप रूपमा गरिएको उक्त दाबीको धर्मपुत्रको लिखत प्रकट हुन आएको छ। अब सो धर्मपुत्रको लिखत कानूनले निर्देशित गरेको प्रक्रिया नपुर्‍याई दुखी महतोको सम्पूर्ण अंशभाग १ अंशियारको हैसियतले खान पाउने उद्देश्यले अंश मुद्दा चलिरहेको अवस्थामा तयार पारेको देखिएबाट धर्मपुत्रको महलको १ नं. ले गरेको कानूनी व्यवस्थाको क्रम भङ्ग गर्ने लिखतबाट सम्पत्ति खाने नियत लिएको देखिने।

यस्तै विषयवस्तु समावेश भएको ने.का.प.२०५०, अङ्क २, नि.नं.४६९३ को पुनरावेदक प्रतिवादी पुनलक्षी कोजु विरूद्ध दुगुनारायण

कोजु भएको धर्मपुत्रको लिखत बदर मुद्दामा धर्मपुत्र राख्दा आफू जन्मेको एकै भुँडीको सन्तानले पहिलो प्राथमिकता पाउने--- धर्मपुत्रको १ नं. मा उल्लिखित एकै भुँडीका सन्तान भन्ने वाक्यांशको व्याख्या गर्दा आफ्नै भतिजाहरू हुँदाहुँदै पनाति अर्थात् २ पुस्ता मुनिकालाई राख्न पाउने अर्थ गर्न नमिल्ने---एक भुँडीका सन्तान वादीहरू भतिजा हुँदाहुँदै निजहरूको मन्जुरीबेगर पनातिलाई धर्मपुत्र राखेको मिलेको नदेखिँदा सो धर्मपुत्रको लिखत बदर हुने भनी सिद्धान्तसमेत प्रतिपादित भएको देखिन्छ । यस अवस्थामा दाबीको लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिने ।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट अंशियारहरूबिच अंश मुद्दा परेको परिवेश तथा तात्कालीन धर्मपुत्रको १ नं. को कानूनी व्यवस्थाको क्रमविपरीत धर्मपुत्रको लिखत पारित भएको देखिएको र यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतका आधारमा धर्मपुत्रको लिखत बदर गरिपाउँ भनी वादीले दिएको फिरादलाई खारेज गर्ने गरेको सुरू पर्सा जिल्ला अदालतको मिति २०६७।५।२७ को फैसलालाई उल्टी गरी वादीको दाबीबमोजिम लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।६।३० को फैसला मिलेको देखिँदा सदर हुने । लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला बदर गरी वादीको फिराद खारेज गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरिपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः मदन पराजुली

इति संवत् २०७६ साल भाद्र ९ गते रोज २ शुभम् ।

**५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०६९-RB-००१९, बैंकिङ कसुर, तिर्थमान तामाङ वि. नेपाल सरकार*

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ (१) मा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) द्वारा निषेधित काम गरेमा कसुरको मात्राअनुसार रू.१०,०००।- सम्म जरिवाना हुने व्यवस्थासमेत गरेको देखिन्छ । ऐनको दफा १८ ले यस ऐनअन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकार वादी हुने र त्यस्तो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूचीभित्र परेको मानिने छ भन्ने व्यवस्थासमेत गरेको देखियो । बैंक तथा वित्तीय प्रणालीमा नै असर पर्ने गरी भए गरेका कार्यहरू र त्यसबाट पर्ने असर र जोखिमलाई न्यून गर्ने बृहत् उद्देश्य परिपूर्ति गर्न बैंकिङ कसुरसम्बन्धी विवाद सरकारवादी भई अनुसन्धान र दायर हुने भन्ने विधायिकी मनसाय रहेको देखिने ।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को साबिक दफा ३ (ग) बमोजिमको कसुर कायम हुन आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानीजानी चेक काटेको हुनुपर्ने र सो चेकबाट भुक्तानी लिएको वा बैंकले भुक्तानी दिएको देखिनुपर्ने हुन्छ । चेकको भुक्तानी नलिएको वा बैंकले भुक्तानी नदिएको अवस्थामा उक्त कार्य बैंकिङ कसुर हुन नसक्ने । ऐनमा प्रयुक्त **भुक्तानी लिन वा दिन** भन्ने वाक्यांशबाट समेत भुक्तानी लिने र दिने दुवैको संलग्नता हुनुपर्ने भन्ने देखिएको छ । खातामा चेकले खाम्ने रकम नभएको अवस्थामा बैंकको कर्मचारीको मिलेमतो भएको अवस्थामा मात्र भुक्तानी हुन सक्ने हुन्छ । बैंकबाट भुक्तानी लिइसकेको अवस्थामा भने उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) बमोजिमको कसुर कायम हुन सक्ने देखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादीले दिएको चेकबमोजिमको रकम बैंकबाट भुक्तानी भइसकेको भन्ने देखिएको छैन । चेक फिर्ता भएकोले बैंकको कारोबारमा कुनै असर परेको देखिँदैन । बैंकमा रहेको बैंकको निक्षेप सुरक्षित रहेको देखिन्छ । बैंकको आफ्नो मौज्दात आफैँसँग रहेको र बैंकबाट रकम अन्यत्र गएको भन्ने नदेखिँदा बैंक तथा वित्तीय प्रणालीमा असर परेको भन्ने देखिएन । खातामा रकम न्यून रहेकोले भुक्तानी हुन नसकी चेक फिर्ता भएको अवस्था छ । अपर्याप्त

रकम भएको कारण भुक्तानी नभएको हुँदा बैंकबाट चेक अनादर भएको भन्ने मात्र देखिने।

अब प्रतिवादीले लिएको जिकिरबमोजिम चेकको भुक्तानी नभएको अवस्थामा उक्त कार्य विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क बमोजिमको कार्य हुँदा सोही ऐन आकर्षित हुनुपर्ने भन्ने जिकिरतर्फ हेर्दा विनिमय अधिकार पत्र ऐन, २०३४ बैंकिङ कारोबारलाई सुव्यवस्थित गर्नका लागि र विनिमय अधिकारपत्रको परिभाषा गर्न र तत्सम्बन्धी अन्य व्यवस्था गर्न लागु भएको देखिन्छ । ऐनको प्रस्तावनाबाटै बैंकिङ कारोबारलाई सुव्यवस्थित गर्ने भन्ने देखियो। ऐनको दफा २ ले विनिमय अधिकारपत्र, विनिमयपत्रको परिभाषा गर्दै "चेक भन्नाले माग्नासाथ भुक्तानी दिनु भनी कुनै बैंकउपर खिचिएको विनिमय पत्र सम्झनुपर्छ" भनी परिभाषासमेत गरेको देखिने।

विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क मा चेक अनादरको परिभाषा गरेको देखिएन तथापि ऐनको दफा १०७क मा भएको व्यवस्थालाई हेर्दा भुक्तानी हुन नसकेको चेक नै चेक अनादार भएको मान्नुपर्ने हुन्छ । बैंक खातामा आफ्नो निक्षेप छैन भन्ने जानीजानी चेक लिने व्यक्तिलाई दुःख दिन, हैरानी पार्न वा केही समयको लागि भएपनि आफूले तिर्नु बुझाउनुपर्ने रकम नदिई आलटाल गर्ने प्रयोजनको लागि चेक काटिएको र चेकको भुक्तानी नभएको अवस्थामा चेक अनादार भएको मान्नुपर्छ । यसरी ऐनले कानूनविपरीतको कार्य भएको अवस्थामा चेक काट्ने व्यक्तिबाट चेकबमोजिमको रकम र हुन आउने ब्याजसमेत चेक प्राप्त गर्ने व्यक्तिलाई दिलाई भराइदिनुपर्ने र उक्त कार्य गर्ने व्यक्तिलाई सजायसमेत हुने व्यवस्था गरेको देखिने।

वस्तुतः प्रस्तुत मुद्दामा प्रतिवादी तिर्थमान तामाङले आफ्नो व्यवहारको सम्बन्धमा जाहेरवाला मिना कोजुलाई दिएको चेकले खाम्ने रकम आफ्नो बैंक खातामा नभएको जानीजानी चेक काटिदिएको देखिएको छ । आफूले चेक काटिदिएको र चेकमा भएको सही आफ्नो भएको स्वीकार गरी प्रतिवादीले अदालतमा बयान गरेको छ । प्रतिवादीको नामको खातामा रकम न्यून रहेको भन्ने बैंकको स्टेटमेन्टबाट देखिएको छ । खातामा रकम न्यून भएको कारण बैंकबाट चेकबमोजिमको रकम भुक्तानी नभएको भन्ने देखिन्छ। चेकबमोजिमको रकम भुक्तानी लिइसकेको अवस्था नहुँदा बैंक र वित्तीय संस्थाको कारोबारमा कुनै असर परेको देखिएको छैन । बैंकको आफ्नो निक्षेप सुरक्षित रही बैंकबाट चेक अनादरसम्म भएको देखिएको र चेक अनादरको विषय विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क अन्तर्गत पर्ने देखिँदा प्रतिवादी तिर्थमान तामाङले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) अन्तर्गतको कसुर गरेको ठहर्‍याई जरिवाना गर्ने गरेको सुरू पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासको मिति २०६९।४।११ को फैसला मिलेको नदेखिने।

अतः विवादित चेक मिति २०६८।२।२० मा जारी गरेको देखिएको र यो मुद्दाको अभियोगपत्र मिति २०६९।३।३१ मा दायर हुँदाको अवस्थामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३)ग( मा भएको कानूनी व्यवस्था र उपर्युक्त प्रतिपादित न्यायिक सिद्धान्तअनुसार प्रतिवादीउपर बैंकिङ कसुर तथा सजाय ऐन आकर्षित हुन नसक्ने भएकोले तत्कालीन कानूनी व्यवस्थाअनुसार चेक लिनु दिनु जस्ता कार्य देवानी दायित्वअन्तर्गतको कार्यलाई विनिमय अधिकारपत्र ऐन,२०३४ को दफा १०७(क) नं. आकर्षित हुने हुँदा प्रतिवादीउपर लगाएको अभियोग खारेजयोग्य देखिन आयो। यस अवस्थामा अभियोग दाबी खारेज गर्नुपर्नेमा बैंकिङ कसुर गरेको ठहर्‍याई पुनरावेदक प्रतिवादीलाई रू.१०००।- जरिवाना गरेको तत्कालीन पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासको मिति २०६९।४।११ को फैसला नमिलेकोले उल्टी भई वादी नेपाल सरकारको अभियोग दाबी खारेज हुने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल जेष्ठ २९ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-RC-०१४७, कर्तव्य ज्यान र जबरजस्ती करणी, नेपाल सरकार वि. ईश्वरबहादुर कामी*

प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत कामको खोजीमा उक्त स्थानमा आई कुलो बनाउने ठेकदारसँग सम्पर्क गरी ठेकदारले भाडामा लिएको कमल अधिकारीको घरको स्टोर कोठामा बस्दै आएकोमा वारदातको दिन रातिको समयमा मृतकलाई ट्वाइलेटमा लगी कुटपिट गरी करणी गरी मारी बाँसको झ्याङमा फालेको हुँ भनी घटनाको सविस्तार उल्लेख गर्दै आरोपित कसुर गरेको स्वीकार गरी बयान गरेको पाइन्छ। प्रमाण ऐन, २०३१ को दफा ९ ले मुद्दामा कुनै पक्षले व्यक्त गरेका कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था गरेको छ। अदालतमा नै साबिती बयान गरेको अवस्थामा निजले व्यक्त गरेका कुरा निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. मा "लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गर्दा ज्यान मरेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरैजनाको हुल भई मारेमा यसैले मारेको वा यसैको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्व जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैको चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था छ । साबिक मुलुकी ऐन, २०२० खारेज भई मिति २०७५।५।१ बाट लागु भएको मुलुकी अपराध संहिता, २०७४ ले सर्वस्वको सजाय खारेज गरी जन्मकैद मात्र गर्ने व्यवस्था गरेको देखिने।

वारदात रातिको समयमा भएको देखिन्छ र मृतक राम्रोसँग बोल्न नसक्ने लाटी ६० वर्ष उमेर समूहकी रहेकी भन्ने देखिएको छ । मृतक आफ्नो घरपरिवार, नातेदार, सम्बन्धित व्यक्ति छोडी जीवन निर्वाहको लागि वर्षौं अगाडिबाट अर्कोको घरमा भाँडा माझ्ने कार्य गरी बसेको देखिन्छ । प्रतिवादीउपर किटानी जाहेरी परेको र उक्त जाहेरी समर्थन हुने गरी जाहेरवालाले अदालतसमक्ष बकपत्र गरेको देखिन्छ । प्रतिवादी अदालतमा साबिती रहेको, प्रतिवादीको साबिती बयान वस्तुगत तथ्य प्रमाणहरूबाट समर्थित भएको पाइन्छ । मृतकलाई निर्ममतापूर्वक कुटपिट भएको छ। दाँतसमेत झर्ने गरी प्रहार भएको देखिन्छ। मृतकलाई जबरजस्ती करणीको कसुरसमेत प्रतिवादीले गरेको र कुटपिट गरी मारी बाँसको झ्याङमा फाल्ने कार्यसमेत गरेको वस्तुगत सबुत प्रमाणहरूबाट प्रमाणित हुन आयो।

तसर्थः प्रतिवादी ईश्वरबहादुर कामीले आरोपित कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादीलाई दाबीबमोजिम कसुर ठहर गरी साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको दफा १३(३) बमोजिम जन्मकैदको सजाय गर्ने गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७५।७।८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः मदनप्रसाद पराजुली

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल जेष्ठ २९ गते रोज २ शुभम्।

## इजलास नं.८

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७३-RB-०१३७, आयकर (आ.व. २०६२/२०६३), ठुला कारदाता कार्यालय, हरिहरभवन, ललितपुर वि. हाइल्यान्ड डिष्ट्रीलरी प्रा. लि. त्रिपुरेश्वर प्लाजा*

करदाताले बिक्री मूल्य प्रकाशित गरिसकेपछि Sales Discount गरिएको रकमको प्रत्यक्ष लाभ छुट दिने करदाताले नै प्राप्त गर्ने हुँदा यस शीर्षकको

रकममा छुट दिन मिल्दैन भन्ने पुनरावेदक कार्यालयको मुख्य जिकिर रहेको पाइयो । आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी अमान्य हुने गरी सुरू कार्यालयबाट निर्णय भएकोमा करदाताले पेस गरेको जवाफमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ एवं सोही नियमावली, २०५३ को नियम १७ ले तोकिएको ढाँचामा कर बिजक जारी गरेको भनी जिकिर गरेको देखिन्छ । उल्लिखित Discount भगिनी संस्था प्राइम इन्टरनेसनललाई उत्पादनको बिक्री मूल्य प्रकाशित गरिसकेपछि दिएको देखिन्छ । यसको समग्र लाभ यिनै करदाता कम्पनीले पाउने अवस्था रहेको पाइयो । बिजकमा नै Discount भनी छुट्टै खुलाएको पनि देखिँदैन । यस प्रकारको रकमलाई छुट दिँदा दुरूपयोगको अवस्था आउनेसमेत देखिन्छ । आयकर ऐन, २०५८ को दफा १३(ग) बमोजिम यस प्रकारको रकमलाई आयकर निर्धारण गर्दा छुट दिन नमिल्ने भएकोले यस शीर्षकको रकम कट्टा गर्न पाउने गरी राजस्व न्यायाधिकरणबाट भएको फैसला उल्टी भई आयतर्फ समावेश हुने ।

बोनस ऐन, २०३० को दफा ५(१) मा "मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरूलाई बोनसबापत छुट्याउनु पर्ने" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । सोही ऐनको दफा ५(२) मा उपदफा (१) बमोजिम कुनै प्रतिष्ठानले कुनै एक आर्थिक वर्षमा गरेको खुद मुनाफा निर्धारण गर्दा आयकर ऐन, २०५८ को दफा १२ बमोजिम कायम हुन आउने खुद आयबाट तोकिएबमोजिमको रकम कट्टा गर्नुपर्छ भन्ने कानूनी व्यवस्थासमेत रहेको पाइयो । उल्लिखित प्रावधानबमोजिम नै करदाताको खर्च कटाई बाँकी हुन आएको खुद आयमा बोनस ऐनले गरेको व्यवस्थाबमोजिम दश प्रतिशत रकम बोनसबापत छुट्याएको देखिँदा बढी खर्च व्यवस्था गरेको भनी मान्न मिलेन । करदाताले कानूनबमोजिम छुट्टाएको उल्लिखित रकम आयमा समावेश गर्न नमिल्ने हुँदा राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मनासिब देखिने ।

आयकर ऐन, २०५८ को दफा ८८(१) मा "बासिन्दा व्यक्तिले" नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र अवकाश कोष रकम भुक्तानी गर्दा भुक्तानी रकमको पन्ध्र (१५%) प्रतिशतका दरले करकट्टी गर्नुपर्ने छ" भन्ने उल्लेख भएको देखियो । यस अवस्थामा उल्लिखित कानूनी व्यवस्थाको विपरीत छुट दिने गरी भएको राजस्व न्यायाधिकरणको फैसला नमिलेको हुँदा उल्टी भई आन्तरिक राजस्व विभाग तथा ठुला करदाता कार्यालयबाट भएको निर्णय सदर हुने ।

अतः माथि विवेचित आधार, कारणसमेतबाट अवकाश कोषको करकट्टी शीर्षकमा देखाइएको खर्च र Sales Discount शीर्षकमा देखाइएको खर्च कट्टा हुने अर्थात् आयमा समावेश नगर्ने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म नमिलेको देखिँदा उल्टी भई उक्त शीर्षकको रकम सुरू कर निर्धारण आदेशबमोजिम हुने ठहर्छ । सोबाहेक अन्य कुराका हकमा राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजेन्द्र वाग्ले

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल फाल्गुण २७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-RB-०१३८, आयकर (आ.व. २०६३/०६४), ठुला कारदाता कार्यालय, हरिहरभवन वि. हाइल्यान्ड डिष्ट्रीलरी प्रा. लि. त्रिपुरेश्वर प्लाजा

कम्पनीको उत्पादन बजारमा बढी खपत होस् भन्ने हेतुले बजार प्रवर्द्धनका लागि वितरकले विभिन्न स्किमहरू अपनाउने कुरा स्वाभाविक व्यापारिक

प्रक्रिया हो । यस प्रकारका स्किमहरू अपनाई बजार प्रवर्द्धन गरेको कुरालाई आय आर्जनसँग सम्बन्धित खर्च होइन भन्न मिल्ने देखिएन । बजार प्रवर्द्धनका सन्दर्भमा उल्लिखित कार्य गरिएको थिएन भन्ने कुरा सुरू कर निर्धारण आदेशबाट देखिँदैन । कारोबारको प्रकृति र परिमाणका दृष्टिले हेर्दा पनि यस शीर्षकमा देखाइएको खर्चलाई अस्वाभाविक र अवास्तविक मान्न सकिएन । यस प्रकारको खर्चलाई आय आर्जनसँग सम्बन्धित खर्च मान्नुपर्ने देखिएकोले आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्चको रूपमा कट्टा गर्न मिल्ने नै हुँदा सुरू कर कार्यालयको निर्णय उल्टी हुने गरी राजस्व न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिने ।

आयकर ऐन, २०५८ को दफा ८८(१) मा “बासिन्दा व्यक्तिले” नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र अवकाश कोष रकम भुक्तानी गर्दा भुक्तानी रकमको पन्ध्र (१५%) प्रतिशतका दरले करकट्टी गर्नुपर्ने छ” भन्ने उल्लेख भएको देखियो । यस अवस्थामा उल्लिखित कानूनी व्यवस्थाको विपरीत छुट दिने गरी भएको राजस्व न्यायाधिकरणको फैसला नमिलेको हुँदा उल्टी भई आन्तरिक राजस्व विभाग तथा ठुला करदाता कार्यालयबाट भएको निर्णय सदर हुने ।

अतः उल्लिखित आधार, कारणसमेतबाट Business Promotion खर्च रकम सम्बन्धमा भएको राजस्व न्यायाधिकरणको फैसला सो हदसम्म नमिलेको हुँदा उल्टी भई सो रकम सम्बन्धमा सुरू कर निर्धारण आदेश सदर हुने ठहर्छ । Complementary खर्च रकम सम्बन्धमा आन्तरिक राजस्व विभागको निर्णयलाई उल्टी हुने ठहऱ्याएको राजस्व न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजेन्द्र वाग्ले

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल फाल्गुण २७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-WO-१४०२, उत्प्रेषण / परमादेश, पंकज चौधरीसमेत वि. सिंहदरबार वैद्यखाना विकास समिति, काठमाडौंसमेत

सिंहदरबार वैद्यखाना समिति नियमावली, २०६३ बमोजिम चौथो तहबाट पाँचौं तहमा बढुवा हुन ३ वर्ष र पाँचौं तहबाट छैठौं तहमा बढुवा हुन ५ वर्ष सेवा अवधिको व्यवस्था गरेको र निजहरूको सेवा अवधि सोअनुसार पूरा भइसकेको तथा शैक्षिक योग्यतासमेत रहेको अवस्थामा पनि बढुवा नगरेको हुँदा बढुवा दिनु दिलाउनु भनी निवेदन माग रहेको देखियो । बढुवाको लागि निर्धारित न्यूनतम सेवा अवधि पूरा गरेको र शैक्षिक योग्यता रहेको भन्नेसम्मको कुराको आधारमा स्वतः बढुवा हुने गरी निज निवेदकहरू सम्बन्धित सेवा सर्त निर्धारण गर्ने सिंहदरबार वैद्यखाना समिति नियमावली, २०६३ मा कुनै प्रावधान रहेको देखिँदैन । बढुवाका लागि माथिल्लो पद रिक्त रहेको अवस्था पनि हुनु पर्दछ । सिंहदरबार वैद्यखाना विकास समितिमा निवेदकहरूले उल्लेख गरेअनुसारको पद (दरबन्दी) रिक्त रहेको भन्ने पनि देखिँदैन । बढुवाको लागि निवेदकहरूले जिकिर गरेअनुसारको पद रिक्त रहेको छ भन्ने विपक्षीहरूको दाबी पनि छैन । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५, निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावलीमा रहेको प्रावधान स्वतः आकर्षित हुने अवस्था देखिँदैन । विवादित प्रसङ्गमा अन्य कर्मचारीलाई बढुवा दिएको र निवेदकहरूलाई भेदभावपूर्ण तवरबाट बढुवा नदिएको भन्ने अवस्था पनि देखिँदैन । न्यूनतम योग्यता पुगेको छ भन्ने आधारमा नै स्वतः बढुवा हुन पाउनु पर्दछ भन्ने निवेदन जिकिर मनासिब देखिँदैन । पद खाली रहेको भए पूर्ति हुने हो, पद नै खाली नभएको अवस्थामा बढुवा वा कुनै माध्यमबाट पदपूर्ति गर्ने कुरा सन्दर्भिक नै हुँदैन । न्यूनतम सेवा अवधि पूरा हुँदैमा स्वतः बढुवा हुनुपर्दछ,

अन्यथा निवेदकको हक अधिकारमा आघात परेको भनी मान्न मिल्ने देखिँदैन । तसर्थ, यसमा निवेदकको मागबमोजिम कुनै आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल फागुन २८ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७६-WH-००८२, बन्दीप्रत्यक्षीकरण, *नवराज विनाडी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको दिपायलस्थित कार्यालयमा निजले बयान गरेको देखियो । यसरी अनुसन्धानको सन्दर्भमा गरेको बयानमा निज नवराज विनाडीले आफ्नो वतन डोटी जिल्ला, बोगटान गाउँपालिका वडा नं. ४ सातफरी बस्ने गंगाराम विनाडीको नाति, यज्ञराज विनाडीको छोरा नवराज विनाडी भनी उल्लेख गरेको पाइयो । निजका नाउँको नेपाली नागरिकताको प्रमाणपत्रबाट समेत निजको वतन "डोटी जिल्ला, बोगटान गाउँपालिका वडा नं. ४" हो भन्ने देखिएको छ । यही वतन उल्लेख गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोपपत्र दायर गरेको देखिन्छ । यसपछि मुद्दामा कारबाहीको क्रममा निज नवराज विनाडीको नाउँमा विशेष अदालत काठमाडौंबाट सोही डोटी जिल्ला, बोगटान गाउँपालिका वडा नं.४ सातफरी उल्लेख गरी म्याद जारी भएको र मिति २०७४/१०/२७ मा निजै नवराज विनाडीको घरदैलोमा टाँस गरी तामेल भएको देखियो । मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. मा रहेको कानूनी व्यवस्थाअनुसार सम्बन्धित व्यक्तिसँग भेट भएन वा निजको घरमा एकाघरका उमेर पुगेको व्यक्ति भेट भएन वा भए पनि बुझी लिएन भने घर दैलामा सबैले देख्ने गरी टाँस गरी म्याद तामेल गर्न सकिने नै देखिने ।

टुनागाड दोस्रो जलविद्युत् आयोजनाको अध्यक्ष हुँदा आयोजनाको रकम हिनामिना गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि निजले आयोगमा बयान गर्दा आफूले हिनामिना गरेको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोग, दिपायलमा मिति २०७३/७/२४ मा उपस्थित भई रकम तिर्ने छु भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ । निवेदक आफ्नो परिवारसहित डोटी जिल्ला, बोगटान गाउँपालिका वडा नं. ४ बाट कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका वडा नं. ५ मा मिति २०७४/५/१५ मा बसाई सरी गएको भन्ने अनुसन्धान अधिकृतसमक्ष सोहीअनुसारको वतन उल्लेख गरी जिकिर लिन सक्नुपर्ने थियो । निवेदकले बसाई सराई गरी आफ्नो ठेगाना परिवर्तन गरेको कुरा अनुसन्धान गर्ने निकायलाई जानकारी गराएको अवस्था मिसिल संलग्न कागजातबाट देखिँदैन । मुद्दाको अनुसन्धानको क्रममा वा अदालतसमक्ष उपस्थित भई बयान गर्दा उल्लेख गरेको वतन परिवर्तन गरेको अवस्थामा सम्बन्धित अनुसन्धान अधिकारी वा अदालतलाई सो कुराको जानकारी गराउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुन आउँछ, अन्यथा पहिले उल्लेख गरेको वतनलाई नै वास्तविक वतन मानी मुद्दामा कारबाही प्रक्रिया अपनाउनुपर्ने हुन्छ र यसरी गरिएको काम कारबाहीलाई रीतपूर्वक भएको मानिनुपर्ने हुन्छ । एकपटक मुद्दाको अनुसन्धानको प्रक्रियामा आइसकेका निवेदक स्वयम्ले सो मुद्दाको कारबाही-स्थिति के छ भनी चासो राख्नु स्वाभाविक हुन्छ । मुद्दाको प्रक्रियालाई छल्ने मनसाय राखेर मुद्दामा कारबाही चल्दाको अवस्थामा बसाइसराईको कुनै लिखत खडा गर्दैमा रीतपूर्वक भएको काम कारबाहीलाई अन्यथा बदर-बातिल गर्नु मनासिब नदेखिने ।

अतः निवेदक नवराज विनाडीले मुद्दामा अनुसन्धानको क्रममा बयान गरिसकेपछि कारबाही प्रक्रियामा रहेको अवस्थामा बसाई सराई गरेको प्रमाणपत्र खडा गरेको देखिएको, मुद्दा अनुसन्धान गर्ने अधिकारीलाई सोको जानकारी गराएको नदेखिएको, निजको वतन डोटी जिल्ला, बोगटान गाउँपालिका वडा नं. ४ सातफरी नै हो भन्ने तथ्य निजको बयान,

नागरिकताको प्रमाणपत्रलगायतका कागजातबाट देखिएको, सोही वतनमा मिति २०७४/१०/२७ मा कानूनी रीत पुर्‍याई साक्षी राखी म्याद तामेल गरिएको देखिएको र निज म्यादभित्र अदालतमा हाजिर नभई सुरू म्यादै गुजारी बसेको देखिएको हुँदा कानूनबमोजिमको प्रक्रिया अपनाई साधिकार अदालतबाट भएको फैसलाको परिणामस्वरूप निवेदकलाई कानूनी प्रक्रिया पूरा गरी कैदमा राखेको देखिएको हुँदा यसलाई गैरकानूनी थुना भनी मान्न मिलेन । निवेदकहरूलाई कानून प्रतिकूल बन्दी बनाएको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन । निवेदन खारेज हुने ।

इजलास अधिकृत : डल्लुराम चौधरी

कम्प्युटर : विजय खड्का

इति संवत् २०७६ साल मङ्सिर २७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३–CR–१४६२, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), लोकेन्द्र भगत वि. नेपाल सरकार*

मैले स्थायी अनुमतिपत्र कहीँकतै पेस गरेको छैन । दुश्मनी साँध्न उनाउ व्यक्तिले पेस गरेको उनाउ फोटोकपीलाई आधार लिई नक्कली प्रमाणपत्र बनाई पेस गरेको अभियोगमा मलाई कसुरदार ठहर गरेको मिलेन भन्ने प्रतिवादीको जिकिर रहेको देखिन्छ । प्रतिवादी लोकेन्द्र भगतको नक्कली प्रमाणपत्र बनाई उनाउ व्यक्तिले पेस गरिदिनुपर्ने कारणसमेत देखिँदैन । सम्बन्धित शिक्षा कार्यालय, सप्तरीबाट प्राप्त फायल विवरणबाट विवादित प्रमाणपत्र निजै प्रतिवादीले पेस गरेको होइन भन्न सकिने अवस्था देखिँदैन। अन्यथा प्रमाणित नभएसम्म सरकारी निकाय जिल्ला शिक्षा कार्यालय, सप्तरीमा रहेको अभिलेखलाई सही तवरबाट राखिएको भनी अदालतले अनुमान गर्नु पर्दछ । यसरी अदालतले स्वाभाविक रूपमा गरिने अनुमानलाई खण्डित हुने गरी प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेकोसमेत नदेखिने ।

शिक्षक छनौटको सूचनामा नियुक्ति पाउन पेस गर्नुपर्ने कागजातहरूमा स्थायी अध्यापन अनुमतिपत्र समावेश गर्नुपर्ने बेहोरा उल्लेख भएको देखियो । यी प्रतिवादीसँग अस्थायी अध्यापन अनुमति पत्रसम्म रहेको र निजले शिक्षकमा नियुक्ति पाउन स्थायी अध्यापन अनुमतिपत्रको आवश्यक रहेको र सोको अभावमा शिक्षकमा नियुक्ति पाउन सक्ने अवस्था नहुँदा उक्त नक्कली अध्यापन अनुमति पत्र तयार गरी पेस गरेको होइन भनी मान्न सकिने नदेखिने ।

मिति २०६२।११।४ मा जारी भएको क्रमाङ्क ०५३ प्र.प.नं. २४११८६ को माध्यमिक तहको शिक्षक अध्यापन अनुमति पत्र लोकेन्द्र भगतको "अभिलेखमा नरहेको" र उक्त क्रमाङ्क ०५३ मा विमलकुमार साहको नाउँमा (प्र.प.नं.४०८६०६) रहेको भनी जिल्ला शिक्षा कार्यालय सप्तरीको च.नं. ११२२ मिति २०७२।११।१६ को पत्रबाट समेत प्रमाणीकरण भई आएबाट प्रतिवादी लोकेन्द्र भगतले जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट मिति २०६२।११।४ मा लिएको भनिएको माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र नक्कली एवं झुट्टा रहेको देखिन आउने ।

अतः माथि विवेचित आधार प्रमाणबाट यी प्रतिवादी लोकेन्द्र भगतले जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट मिति २०६२।११।४ मा लिएको भनिएको स्थायी अध्यापन अनुमति पत्र झुट्टा बेहोराको देखिन आई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको देखिँदा निज प्रतिवादी लोकेन्द्र भगतलाई सोही दफा १६(१) बमोजिम ६(छ) महिना कैद र रू.१०,०००।- (दस हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर्छ भनी भएको विशेष अदालतको फैसला मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल आषाढ १० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-CR-१७२५, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), पुष्करराज उपाध्याय वि. नेपाल

सरकार

प्रतिवादीको अनुसन्धानको क्रममा र अदालतमा भएको बयानमा कलेजको भुलबाट प्रकाशराज लेखिन गएको हो । सो प्रमाणपत्र कलेजले सुधार गरिदिएका हो । नक्कली होइन भनी बयान गरेको पाइयो । निजका प्रमाणपत्रहरूमा भएको रोल नं. परीक्षा वर्ष, बाबुको नाम, थर, वतन कलेजको नाम मिल्न आएको अवस्थामा प्रतिवादी पुस्करराज उपाध्यायलाई मात्र शंकाको भरमा कसुरदार ठहर गर्नु न्यायोचित हुँदैन । निरपराध व्यक्तिलाई प्रमाणको अभावमा शंकाको भरमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको दृष्टिले समेत न्यायोचित नहुने ।

निजको सक्कल प्रमाणपत्रमा भएको परीक्षाको वर्ष, परीक्षाको रोल नं., बाबुको नामथर वतन, कलेजको नाम थर मिल्न आएको, विहार इन्टरमिडिएट शिक्षा परिषद् पटनाबाट ०१३-०७-०२ मा जारी भएको प्रमाणपत्रमा पाँचजना पदाधिकारीबाट हस्ताक्षर भई जारी भएको प्रमाणपत्र रहेको नामबाहेक अन्य सबै विवरण "पुष्टित" Verified भनी लेखी आएको हुँदा प्रतिवादी पुष्कराज उपाध्यायको प्रमाणपत्र नक्कली हो भनी मान्न सकिने अवस्था नहुँदा विशेष अदालत काठमाडौंले प्रतिवादी पुष्करराज उपाध्यायलाई नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहऱ्याई निजलाई सोही ऐनको दफा १२ र २९ नं. बमोजिम रू. ५००/- पाँच सय जरिवाना हुने गरी गरेको फैसला मिलेको नदेखिने ।

तसर्थ प्रतिवादीका पुष्करराज उपाध्यायका मिसिल संलग्न प्रमाणपत्र परीक्षा वर्ष, परीक्षाको रोल नं., बाबुको नाम थर वतन, कलेजको नाम, थर, वतन मिल्न आएको, विहार इन्टरमिडिएट शिक्षा परिषद् पटनाबाट जारी भएको प्रमाणपत्रमा पाँचजना पदाधिकारीले हस्ताक्षर गरेको प्रमाणपत्रबाट देखिएको र अन्य विवरण "पुष्टित" verified भनी लेखी आएकोसमेतका आधार प्रमाणबाट विशेष अदालत काठमाडौंबाट मिति २०७२।९।९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी पुष्करराज उपाध्यायले सफाइ पाउने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

इति संवत् २०७६ साल आषाढ १० गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०२४५, जबरजस्ती करणी र जबरजस्ती चोरी, नेत्रबहादुर सुनार लोहनी वि. नेपाल सरकार*

निज पीडित २४ वर्षकी विवाहित महिला भएकी र सहमतिमै होटलमा गएकी भए तापनि चिया मात्र खान स्वीकार गरेकी पीडितलाई गेष्ट हाउसमा लगि कसुरबाट बच्न गेष्ट हाउसमा आफ्नो नाम उल्लेख नगरी उनाउ व्यक्तिको नामबाट कोठा बुक गर्नु, बाटोमा पीडितले खाने चियामा औषधी (स्यारोफ्याक्स ५ वटा) मिसायर बेहोस पारी झुक्याई (by deception) पीडितलाई जबरजस्ती करणी गरी पीडितलाई बेहोस अवस्थामा एक्लै छाडी कसुरबाट उम्कने मनसायले गेष्ट हाउसबाट बाहिरिनुलगायतका कार्य तथा तथ्यगत कागज प्रमाणबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा पुष्टि भइरहेको देखिँदा सो जबरजस्ती करणीलाई सहमतिमा भएको करणी भनी मान्न नसकिने ।

पीडित जाहेरवालीले अदातलसमक्ष उपस्थित भई प्रतिवादी नेत्रबहादुर सुनार लोहनी विरूद्धमा आफैँले मौकामा दिएको जाहेरीको प्रतिकूल हुने गरी बकपत्र गरेको अवस्था देखिन्छ । यी प्रतिवादीलाई निर्दोष भनी पीडितले बकपत्र गर्दैमा मिसिल सामेल रहेका प्रतिवादीउपर पीडितले मौकामा दिएको जाहेरी, उक्त जाहेरीमा उल्लिखित तथ्यहरूलाई स्वीकार गरी प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान, वारदात भएको रूवि गेष्ट हाउसको कोठा नं.१०५ बाट पीडितलाई बेहोस अवस्थामा नाङ्गै प्रहरीबाट उद्धार गरी अस्पतालमा पुऱ्याइएको अवस्था तथा सो गेष्ट हाउसका सञ्चालकसमेतले मौकामा खुलाई गरिदिएको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका

आधारमा कसुर पुष्टि भइरहेको अवस्थामा पीडितले अदातलसमक्ष गरेको बकपत्र सत्य तथ्यमा आधारित नरही प्रतिवादीलाई बचाउने उद्देश्यले प्रेरित रहेको देखिने।

जाहेरवालीले उल्लेख गरेको मोबाइल निजको नाममा नहुनु र गेष्ट हाउसमा प्रदिप थापाको नाम लेखाउने कार्यले मात्र जबरजस्ती करणीजस्तो गम्भीर अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउन सक्ने अवस्था नदेखिएको साथै पीडितको अदालतसमक्ष भएको hostile बकपत्रबाहेक अन्य भरपर्दो प्रमाण प्रतिवादीबाट पेस हुन नसकेको अवस्थामा अभियोग दाबीको कसुर वारदातमा प्रतिवादीको संलग्नता नरहेको भन्न मिल्ने स्थिति नहुने।

अतः उपर्युक्त विवेचित प्रतिवादीउपर मौकामा परेको जाहेरी, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, घटनास्थल मुचुल्का, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, जाहेरवालीको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको अदालतसमक्ष भएको बकपत्रसमेतका आधार, कारणबाट प्रतिवादी नेत्रबहादुर सुनार लोहनीलाई मुलुकी ऐन, जबरजस्ती करणीका महलको १ नं. विपरीतको कसुर अपराधमा सोही महलको ३ को देहाय (५) नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहर गरी न्यायिक प्रक्रियामा असहयोग गरी अदालतसमक्ष प्रतिकूल बेहोराको बकपत्र गर्ने जाहेरवालीलाई प्रतिवादीबाट क्षतिपूर्ति भराउनु न्यायोचित नहुने हुँदा सो भराइपाउँ भन्ने र जबरजस्ती चोरीतर्फको अभियोग मागदाबी पुग्न सक्दैन भन्नेसमेत बेहोराबाट सुरू चितवन जिल्ला अदालतबाट मिति २०७३।६।२ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: धनबहादुर कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असोज ६ गते रोज २ शुभम्।

*८*

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०२९८, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), मोहनलाल ढकाल वि. नेपाल सरकार*

मोहनलाल ढकालको प्रमाणपत्र प्रमाणीकरण गर्न यस कार्यालयबाट खटी गएको प्रमाणपत्र प्रमाणीकरण टोलीलाई माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, इलाहवाद, भारतको नतिजा अभिलेखको वर्ष १९८३, अनुक्रमाङ्क १२१७४५९, क्रमाङ्क १५४१९ बाट सम्बन्धित बोर्डले नै प्रमाणीकरण गरी उपलब्ध गराएको पत्रमा 'Fail, १८२/५०० श्रेणी "अनुत्तीर्ण" भन्ने बेहोराको विवरण प्राप्त भएको भन्ने राष्ट्रिय परीक्षा बोर्डको च.नं. ६६, मिति २०७४।१।१५ गतेको पत्रसमेतबाट प्रतिवादीले पेस गरेको एस.एल. सी.को प्रमाणपत्रहरू सक्कली हुन् भनी भन्न सकिने अवस्था नरहने।

आधिकारिक निकायबाट प्रमाणीकरण भई आएको बेहोरालाई अन्यथा प्रमाणित नभएसम्म सो कुरा प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ। उक्त प्रमाणीकरण बेहोराबाट प्रतिवादीले पेस गरेको उक्त प्रमाणपत्र सक्कली भनी मान्न सकिने अवस्था देखिन आएन। यस्तो स्थितिमा प्रतिवादी मोहनलाल ढकालले आरोप दाबीबमोजिमको कसुर गरेका होइनन् भनी मान्न सकिने अवस्था देखिन आएन। प्रतिवादीले आरोप दाबीबमोजिको कसुर नगरेको हुँदा सफाइ पाउनु पर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी मोहनलाल ढकालउपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) समेतको सजायको माग दाबी लिएको देखिएकोमा प्रतिवादीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ दुवै ऐनको दाबी लिई आरोपपत्र पेस हुन

आएको देखिन्छ । कसुर हुँदाको अवस्थामा प्रचलित कानूनसमेत खुलाई मुद्दा चल्दाको अवस्थामा प्रचलनमा रहेको कानूनसमेत उल्लेख गरी अभियोगपत्र दायर गर्नु कानून प्रतिकूल कुरा नभएर आवश्यक कुरा हो । कसुर हुँदाको अवस्थामा बहाल रहेको कानूनले निषेध गरेको कुरालाई पछि बनेको कानूनले निरन्तरता दिएको अवस्थामा पूर्ववर्ति कानूनको प्रयोग गर्नमा कुनै बाधा देखिँदैन । कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा तत्काल प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने नेपालको संविधानमा व्यवस्था रहेको छ । प्रतिवादीले २०४४ सालमा विवादित प्रमाणपत्र पेस गरेको भन्ने देखिएको छ । नक्कली प्रमाणपत्रलाई २०५९ सालमा जारी भएको ऐनले समेत कसुरजन्य कार्य मानेको छ । यस अवस्थामा दुवै ऐनको प्रावधान खुलाई आरोपपत्र दायर भएकोलाई अनुचित मान्न नमिल्ने ।

तसर्थ, माथि उल्लिखित आधार र कारणहरूबाट प्रतिवादी मोहनलाल ढकालले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहर्छ । सो ठहरेकोले निज प्रतिवादी मोहनलाल ढकाललाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय) जरिवाना हुन्छ भनी सुरू विशेष अदालत काठमाडौंबाट मिति २०७४।२।५ भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असार १० गते रोज ३ शुभम् ।

## इजलास नं.९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-WO-०४१३, उत्प्रेषण / परमादेश, विद्याप्रसाद भट्ट वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालसमेत*

रिट निवेदक शिक्षा सेवा आयोगद्वारा लिइएको परीक्षा उत्तीर्ण गरी आयोगको सिफारिस र जिल्ला शिक्षा कार्यालय, कैलालीको निर्णयबमोजिम मिति २०६०।५।३१ मा स्थायी शिक्षकको रूपमा महुन्याल मा.वि. भजनीमा पदस्थापन भएको विज्ञान विषयको स्थायी शिक्षक भएको कुरा निजको नामको नियुक्ति पत्रसमेतबाट देखिन्छ । मिति २०६०।८।४ को निर्णयबमोजिम पदस्थापन भएको महुन्याल मा.वि. भजनीबाट हिमालय मा.वि. घिया (सामुदायिक विद्यालय) मा काजमा रहेको भन्नेसमेत मिसिल संलग्न जिल्ला शिक्षा कार्यालय, कैलालीको च.नं.५४६ मिति २०६०।८।४ को पत्रबाट देखिन्छ । यसरी काजमै रहेको अवस्थामा मिति २०६२।८।१७ को जिल्ला शिक्षा कार्यालय, कैलालीकै निर्णयअनुसार तलब, सुविधा र सञ्चय कोषसमेत सप्तऋषि उ.मा.वि. बाट नै बेहोर्ने गरी शैक्षिक सत्र ०६२ का लागि सो सप्तऋषि उ.मा.वि. मा काजमा जान सहमति दिइएको तथ्य जिल्ला शिक्षा कार्यालय, कैलालीको मिति २०६२।०८।१७ च.नं.१२५९ को पत्रबाट देखिन्छ । उक्त सहमति पत्रमा "तपाइँको स्वास्थ्य स्थितिको कारण महुन्याल उ.मा.वि. भजनीले दिएको सहमति र सप्तऋषि उ.मा.वि. ले सम्पूर्ण तलब सुविधा बेहोर्ने सहमतिको आधारमा यस कार्यालयको मिति २०६२।०८।१७ को निर्णयअनुसार सम्पूर्ण तलब सुविधा क.सं. कोषसमेत सप्तऋषि उ.मा.वि. टिकापुरले नै बेहोर्ने गरी शै.स. ०६२ का लागि काजमा जान सहमति प्रदान गरिएको बेहोरा अनुरोध छ ।" भन्ने उल्लेख भएको पाइन्छ । निवेदकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महेन्द्रनगर कार्यालयलाई लेखेको मिति २०७२।२।२७ मा दर्ता भएको स्पष्टीकरण पत्रमा "दुवै मृगौलाले काम गर्न छाडेको अवस्था भई उपचाररत हुँदा जिल्ला शिक्षा कार्यालयको काज पत्र र विद्यालयको रमाना पत्रअनुसार सप्तऋषि उ.मा.वि. मा रही सेवा गरेको हुँ" भनी उल्लेख गरेको देखिन्छ । सो काज खटाइएको पत्र दिएको मिति २०६२।०८।१७ भन्दा पछि मिति २०६२।०९।०५ मा महुन्याल मा.वि. भजनीले विद्यालय व्यवस्थापन समितिको बैठक राखी "काजमा

गएका विद्याप्रसाद भट्टको सरूवालाई समर्थन गर्ने र रिक्त पदमा अर्को व्यक्तिलाई नियुक्ति दिई सो नियुक्ति समर्थनको लागि जिल्ला शिक्षा कार्यालयमा पठाउने" निर्णयसमेत गरेको मिसिल संलग्न बैठकको माइन्युटिङको प्रतिबाट देखिन्छ । यसरी काजमा पठाइएकोमा जिल्ला शिक्षा कार्यालय, कैलालीको मिति २०७१।०८।०४ को निर्णयअनुसार यी रिट निवेदकलाई आफ्नो पदाधिकार रहेको विद्यालय महुन्याल उ.मा.वि. भजनीमा काज फिर्ता गरिदिएकोले पदाधिकार रहेको विद्यालयमा हाजिर हुन जानुहोला भनी च.नं.१५७१ मिति २०७१।०८।०८ को पत्रद्वारा काज फिर्ता गरिएको मिसिल संलग्न सो पत्रबाट देखिने।

निवेदकलाई निजको स्वास्थ्य अवस्थासमेतको आधारमा जिल्ला शिक्षा कार्यालय, कैलाली र निजको पदाधिकार रहेको महुन्याल मा.वि. भजनीको विद्यालय व्यवस्थापन समितिसमेतको सहमति र समर्थनअनुसार नै काजमा पठाइएको देखिन्छ । आफ्नो स्वास्थ्य अवस्थाको कारण नजिकको विद्यालयमा रही सेवा गर्न चाहेका यी निवेदकले आफू निकटका निकाय सेवारत विद्यालय र जिल्ला शिक्षा कार्यालयको निर्णय / निर्देशनअनुरूप नै सामुदायिक विद्यालयमा पदाधिकार राखी संस्थागत विद्यालयमा अध्यापन गरे गराएको अवस्था देखिन आयो । निवेदक काजमा रहेको अवधिभर यस सम्बन्धमा कुनै सोधखोज वा निर्णय भएको देखिँदैन। काजमा खटाउने निकायले आफ्नो त्रुटिको कुनै दायित्व वहन नगर्ने तर शैक्षिक कार्यजस्तो पवित्र कार्यमा संलग्न व्यक्तिलाई निजको सेवा सुविधामा प्रत्यक्ष मर्का पर्ने गरी पछिबाट पश्चात्दर्शी असरयुक्त निर्णय गर्नु सर्वथा उचित हुँदैन । सो निर्णय गर्नुपूर्व यी निवेदकलाई स्पष्टीकरण सोधी आफ्नो कुरा भन्ने मौका दिएकोसमेत देखिँदैन । कुनै व्यक्तिको विरूद्धमा निर्णय गर्नुपूर्व निजलाई सफाइको मौका दिनुपर्ने न्यायिक मान्यताको पालनासमेत भएको पाइएन । यस अवस्थामा विद्यालय, सोको व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयको निर्णय र पत्रको आधारमा निवेदकले संस्थागत विद्यालयमा काजमा रही अध्यापन गरेको कार्यलाई गैरकानूनी भन्न मिल्ने अवस्था नदेखिने।

आफ्नो पदाधिकार रहेको विद्यालय, सोको व्यवस्थापन समिति र आफ्नो निकटको नियमनकारी निकाय जिल्ला शिक्षा कार्यालयसमेतको सहमति र स्वीकृति लिई लिखित निर्णय र पत्रको आधारमा संस्थागत विद्यालयमा आफ्नो सेवा उपलब्ध गराएको स्पष्ट देखिएको अवस्था हुँदा यी रिट निवेदक आफ्नो दायित्व र जिम्मेवारीबाट पन्छिएको अवस्था देखिँदैन। कानूनी प्रक्रिया पुऱ्याई आफ्नो जिम्मेवारी र दायित्व निर्वाह गरिरहेको अवस्थामा कानूनी प्रक्रिया पूरा गरी नियुक्ति भएका सामुदायिक विद्यालयका स्थायी शिक्षकलाई कुन कानूनको आधारमा निजको मिति २०६२।८।२२ देखि २०७१।११।१ सम्मको ९ वर्ष २ महिना ९ दिन संस्थागत विद्यालयमा रही सेवा गरेको देखिएको अवधिलाई स्थायी सेवा अवधिमा नजोड्ने गरी निर्णय भएको हो भन्ने सम्बन्धमा स्पष्ट कारण उल्लेख भएको छैन । काज फिर्ता गर्ने पत्रमा सेवा अवधि नजोडिने भन्ने उल्लेख भएको पनि पाइँदैन। काज फिर्ता भएको डेढ वर्षभन्दा पछि विपक्षी शिक्षा विभागले मिति २०७३।४।१० को निर्णयद्वारा सेवा अवधि नजोड्ने निर्णय गर्दा कुन कानूनको अख्तियारी प्रयोग गरेको हो, खुलाउन सकेको छैन । यस्तो अख्तियारीबेगर र निवेदकलाई आफ्नो कुरा भन्ने मौका नै नदिई गरेको निर्णय र सोको आधारमा काज फिर्तासम्बन्धी पत्र दिने कार्य पछिबाट पश्चात्दर्शी असर (Retrospective Effect) दिई गरेको पाइएबाट त्यस्तो निर्णय र पत्रले कानूनको नजरमा मान्यता पाउन नसक्ने।

कानूनले तोकेको प्रक्रिया पूरा गरी सामुदायिक विद्यालयको मा.वि. स्थायी शिक्षक पदमा नियुक्त विज्ञान विषयका शिक्षक यी रिट निवेदकलाई विपक्षी शिक्षा विभागसमेतबाट कुनै कानूनी आधारबिना नै निर्णय गरी जिल्ला शिक्षा कार्यालय, कैलालीको पत्रद्वारा संस्थागत विद्यालयमा काज खटाई निरन्तर सेवा

गराएको देखिइरहेको अवस्थामा पछि आएर संस्थागत विद्यालयमा रही अध्यापन गरेको सेवा अवधि स्थायी सेवा अवधिमा गणना हुँदैन भन्ने अधिकार विपक्षी शिक्षा विभागलाई कुन कानूनले दियो स्पष्ट खुलाउन नसकेको र सो विषयमा निवेदकलाई आफ्नो कुरा भन्ने मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत सेवाको निरन्तरतामा असर पर्ने गरी निर्णय गरेको देखिएकोसमेतबाट विपक्षी शिक्षा विभागबाट निवेदकको मिति २०६२।८।२२ देखि २०७१।११।१ सम्मको सेवाअवधि स्थायी सेवा अवधिमा नजोडिने गरी मिति २०७३।४।१० मा भएको निर्णय, सो सम्बन्धमा प्रत्यर्थी तत्कालीन अख्तियार दुरूपयोग अनुसन्धान आयोग, क्षेत्रीय कार्यालय महेन्द्रनगरबाट भएको निर्णय / निर्देशन र सोबमोजिम शिक्षा विभागबाट पठाइएका पत्र एवं निवेदकलाई प्रत्यर्थी जिल्ला शिक्षा कार्यालय, कैलालीबाट मिति २०७३।५।३१ च.नं.६१० बाट दिइएको पत्रसमेत सम्पूर्ण निर्णय, पत्र तथा काम, कारबाहीहरू नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब सो निर्णयहरू कार्यान्वयन नगर्नु नगराउनु, रिट निवेदकको नोकरी अवधिलाई प्रतिकूल असर पर्ने कुनै काम, कारबाही तथा निर्णय नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा प्रतिषेधको आदेशसमेत जारी हुने ठहर्छ ।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

इति संवत् २०७७ साल असार १८ गते रोज ५ शुभम् ।

## इजलास नं.१०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७६-WH-०३२५, बन्दीप्रत्यक्षीकरण, *सन्तबहादुर ओझा वि. उच्च अदालत पाटनसमेत*

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ मा दण्ड सजायसम्बन्धी व्यवस्था गरेको र सो दफाको उपदफा (१) मा "राजस्व चुहावटको कसुर गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिवाना गरी कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद हुने छ" भनी उल्लेख गरेको देखिएकोले कैदको हद ३ वर्षसम्म मात्र तोकिएको मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को देहाय (ख) र उपदफा (२) को मर्म र मनसाय हेर्दा मुद्दाको पुर्पक्ष गर्दा धरौटी वा जमानत वा तारिखमा राख्न सकिने अवस्थामा थुनामा नै राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७६।८।२४ गतेको आदेश र सो आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७६।११।१ को आदेश यी निवेदकको हकमा कानूनसम्मत भएको हो भनी मान्न नसकिने ।

विशेष अदालत ऐन, २०५९ को कार्यविधि अपनाई एक न्यायाधीशले थुनछेक आदेश गर्ने अन्यौलता हाल राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन भई उच्च अदालतलाई मुद्दाको सुनुवाइ गर्ने अधिकार दिएको र प्रस्तुत कसुरमा बढीमा ३ वर्षसम्म कैद हुने व्यवस्था भई कसुरसँग सम्बन्धित सवारी साधनहरू वादी नेपाल सरकारको नियन्त्रणमा रहेकोलगायत माथि उल्लिखित आधार र कारणहरूबाट काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।८।२४ मा यी निवेदक सन्तबहादुर ओझालाई मुद्दा पुर्पक्षको सिलसिलामा थुनामा राख्ने गरी भएको आदेश र सो आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७६।११।१ को आदेश बदर गरी दिएको छ । निवेदकको हकमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी मुद्दा पुर्पक्षका लागि धरौट वा जमानी वा बैंक जमानत लिने सम्बन्धमा आवश्यक आदेश गर्नु भनी उच्च अदालत पाटनका नाउँमा यो आदेश जारी हुने ।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल वैशाख १५ गते रोज २ शुभम् ।

## इजलास नं.११

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-१३११, हक निखनाई पाऊँ, कुमारी राई वि. माया गुरुङसमेत*

सुनसरी जिल्ला अदालतबाट मिति २०७०।१।११ मा भएको सर्जमिन मुचुल्कामा वादीको कित्ता नं. ४७८ को जग्गाको दक्षिणतर्फ कुलो रहेको र सोही कुलोबाट नै वादीको जग्गामा हालसम्म सिँचाइ भइरहेको छ भनी सर्जमिन मुचुल्काका साक्षी विष्णुबहादुर खड्कासमेतले बेहोरा लेखाई दिएको पाइन्छ । यसैगरी सुरू अदालतबाट भई आएको मिति २०७०।९।७ को नक्सा मुचुल्काको न.नं.५ मा वादीको कित्ता नं. ४७८ को जग्गा देखिएको र सो जग्गाको दक्षिणतर्फ न.नं. १४, न.नं. १६, न.नं. १०, न.नं. ९ र न.नं. ६ मा कुलो जनाई न.नं. १४ को पूर्वबाट न.नं.१६, न.नं. १०, न.नं. ९, न.नं. ६ को पश्चिमतर्फ कुलो गएको देखिन्छ । कित्ता नं. ४७७ को सिमाना हुँदै उत्तरतर्फबाट आई कित्ता नं. ४७८ को दक्षिण सिमानासम्म उक्त कुलो पानी पुगेको भन्ने नापी कार्यालयको नक्सा प्रिन्टबाट देखिन्छ । मुलुकी ऐन, लेनदेन व्यवहारको ११ नं. मा सन्धिसर्पन पर्ने जग्गा हकवालाले मात्र निखनी लिन पाउँछ । जग्गाको साँध मिल्दैमा सन्धिसर्पन पर्ने होइन । सन्धिसर्पन पर्नलाई वादीले हकसफा नगरेको अवस्थामा वादीलाई कुलो, पानी, बाटो निकास, हावा, घाम, आदि कुराहरूमा अवरोध पुगेको हुनपर्छ भनी ने.का.प. २०५५, नि.नं.६५६९, अङ्क ७ को मुद्दामा सिद्धान्त प्रतिपादित भएको र यसैगरी निखन्न माग भएको सम्पत्ति नपाउँदा मागकर्ताको सम्पत्ति उपभोग गर्न गम्भीरतम कठिनाई आइपर्ने, निजको सम्पत्ति नै बेकम्मा हुने, निजको सम्पत्तिको स्वरूप तथा उत्पादकत्वमा नै प्रतिकूल असर पर्ने अवस्थामा मात्र सन्धिसर्पन पर्ने आधार हुने भनी ने.का.प. २०६८, नि.नं.८७०६, अङ्क १० मा सिद्धान्त प्रतिपादित भएको सन्दर्भमा वादीको कित्ता नं. ४७८ को दक्षिणतर्फ कुलो पानी रहेको, त्यही कुलोबाट वादीको जग्गामा सिँचाइ हुने देखिएको, निजले उक्त आफ्नो जग्गा सहज रूपमा उपयोग गर्न सक्ने, सिँचाइको लागि प्रतिवादीको कित्ता नं. ४७७ को जग्गा बाधक नरहेको, वादीको सन्धिसर्पन पर्न गएको नदेखिएको र वादीको जग्गामा सिँचाइको सुविधा प्राप्त भई सो जग्गा बेकम्मा हुने, स्वरूपमा परिवर्तन आउने एवं जग्गाको उत्पादकत्वमा प्रतिकूल असर नै पर्न सक्ने अवस्था आएको नदेखिँदा यस अदालतबाट मिति २०७३।१०।२५ मा भएको मुद्दा दोहोर्‍याई हेर्ने अनुमतिको आदेश तथा पुनरावेदक वादीका तर्फबाट रहनुभएका विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

कित्ता नं.४७८ को जग्गा निखनाई पाउँ भनी वादीले लिएका दाबी पुग्न नसक्ने गरी सुरूबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदक अदालत विराटनगरबाट मिति २०७१।१०।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने ।

नवराज कार्की:इजलास अधिकृत

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-RC-०१२९, कर्तव्य ज्यान, नेपाल सरकार वि. मोहनसिंह भन्ने रामबहादुर तामाङ*

मृतक पृथीबहादुर तामाङको लासको बायाँ हातको कुहिनामाथि पाखुरामा काटिएको घाउ, बायाँ छातीको स्तनदेखि तल टि आकारमा १.१ इन्च लम्बाई, ०.५ इन्च चौडाई र ४ इन्च गहिराई, दायाँ कोखको नजिक कोखको नजिक १ इन्च लम्बाई, ५ इन्च चौडाइ, १ इन्च गहिराइको घाउ बायाँ हातको कुहिनामाथि पाखुरामा १.५ इन्च लम्बाई ५ इन्च चौडाइ, ४ इन्च गहिराइको काटिएको चोट रहेको भन्ने लास जाँच प्रकृति मुचुल्का तथा मृतक पृथीबहादुर

तामाङको मुटु र फोक्सोमा लागेको चोटको कारणले निजको मृत्यु भएको हो भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएबाट प्रतिवादीले खुकुरीजस्तो धारिलो हतियारले मृतकको शरीरका विभिन्न भागमा प्रहार गरी सोही चोटको कारण मृतकको मृत्यु हुन गएको स्पष्ट हुन आउँछ । मौकामा घटना विवरण कागज गर्ने दलसिंह तामाङ, जानुका तामाङसमेतले मिति २०७४।१।२८ गते मृतक पृथीबहादुर तामाङ मेरो घरमा आएको बेला प्रतिवादी पनि आई उनीहरूबिच विवाद भयो । मृतकले प्रतिवादीलाई कुटपिट गरी भुइँमा लडाएपछि आफ्नो कम्मरमा भिरेको खुकुरी निकाली प्रतिवादीले मृतकलाई प्रहार गरेको र त्यही चोटका कारण निजको घटनास्थलमै मृत्यु भएको हो, कुटपिट हुँदा मसमेतले छुट्याउन खोज्दा मानेनन् भन्ने बेहोराको कागज र सोलाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ । वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू धनराज तामाङसमेतले उक्त मिति २०७४।१।२८ मा दलसिंह तामाङको घरमा विवाद भई मृतकलाई प्रतिवादीले खुकुरी प्रहार गरी मारेको भन्ने सुनी वारदातस्थलमा गई हेर्दा मृतकको मृतक शरीर देखेको हो भन्नेसमेत बेहोरा मौकामा लेखाई उक्त बेहोरालाई समर्थित गर्ने गरी अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ । तसर्थ, उल्लिखित मिसिल संलग्न प्रमाण कागजहरूबाट प्रतिवादीले आफ्नो घरमा रापजाप गर्न बोलाएकोमा मृतक नआई सो विषयबाट उत्पन्न वादविवादबाट उक्त वारदात घटेको देखिने ।

प्रतिवादीले धारिलो हतियार खुकुरीले मृतकको मुटु फोक्सो जस्तो अति संवेदनशील अंगमा प्रहार गरी रोपी मृतकलाई कर्तव्य गरी मारेको देखिँदा उक्त कार्यले प्रस्तुत वारदातमा मनसाय रहेको तथ्य अप्रत्यक्ष रूपमा प्रकट भएको देखिने ।

प्रतिवादीले मृतकलाई धारिलो जोखिमी हतियार खुकुरी प्रयोग गरी सो खुकुरीले छाती, पाखुरा, कोखमा हानी, रोपी मृतकको ज्यान लिएको अवस्था छ । यी प्रतिवादीउपर किटानी जाहेरी परेको र जाहेरवालाले अदालतमा आई जाहेरी समर्थित बकपत्र गरिदिएको, प्रतिवादीले मौका र अदालतमा गरेको साबिती बयान, मृतकको शव प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदन, घटना विवरण मुचुल्का एवं वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरेको कागज तथा बकपत्रसमेतका आधारमा प्रतिवादी मोहनसिंह भन्ने रामबहादुर तामाङले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नसकिने ।

मृतकसँग निज प्रतिवादीको कुनै किसिमको रिसइवी नरहेको, ज्यानसम्म लिनुपर्ने कुनै कारण रहेभएको नदेखिएको, घटना हुनुभन्दा तत्कालअघिसम्म प्रतिवादीले मृतकलाई घरमा पाठपूजा गर्ने, विवाह, मृत्यु संस्कारमा समेत लामा (पुरोहित) को रूपमा मान गरेको र काम लगाई आएको पनि देखिएको, घटना घट्ने समयमा पनि निज प्रतिवादीले मृतकलाई आफ्नो घर परिवारका सदस्यहरू बिरामी भइरहन्छन्, आफूलाई पनि सञ्चो नभइरहने भएको हुँदा कुल देउताले वा पितृले दुःख दिएको हो कि, सो हेरी आफ्नो घरमा आई राप-जाप गरिदिन अनुरोध गर्न आएकोसमेत देखिएको हुँदा घटना भएको अवस्था र घटना हुनुको कारण तथा प्रतिवादीको उमेरसमेत ६४ वर्ष नाघिसकेको स्थितिसमेतका आधारमा सर्वस्वसहित जन्मकैदको सजाय निज प्रतिवादीको हकमा चर्को पर्न सक्ने अवस्था देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद हुने भनी राय व्यक्त गरी सुरू संखुवासभा जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । सोही फैसला र रायलाई सदर गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट फैसला भएको ।

तपाइँले भ्याएको दिन एकपटक मेरो घरमा रापजाप गरिदिनु पऱ्यो भनी प्रतिवादीले मृतकलाई भन्दाको अवस्थामा मृतक पृथीबहादुर तामाङले रक्सी छैन भने म आउँदिन भनेको कुरा तैँले सुनिनस् भनी

मलाई एकपटक टाउको निधारमा दायाँ मुक्काले हिर्काएको र निज मृतक मभन्दा बलियो तथा उमेरमा कान्छो भएकोले मलाई घाँटीमा न्याकी भुइँ जमिनमा लडाई चल्नसमेत नदिएकोले रिस उठी कम्मरमा भिरेको खुकुरी झिकी प्रहार गरेको भनी प्रतिवादी कसुरमा साबित रही अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्षको बयानमा उल्लेख गरेबाट मृतकलाई प्रहार गर्नुपर्नेसम्मको बाध्यात्मक अवस्था मृतकले उत्पन्न गरिदिएको प्रस्तुत मुद्दामा अन्तरनिहित रहेको तथ्यलगायत सुरू संखुवासभा जिल्ला अदालत र उच्च अदालत विराटनगर, धनकुटा इजलासले ग्रहण गरेको उल्लिखित आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय निज प्रतिवादी मोहनसिंह भन्ने रामबहादुर तामाङको हकमा चर्को पर्न सक्ने अवस्था देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद कायम हुने गरी व्यक्त गरेको सुरू संखुवासभा जिल्ला अदालतको रायलाई समेत सदर गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

सुरू संखुवासभा जिल्ला अदालतबाट प्रतिवादी मोहनसिंह भन्ने रामबहादुर तामाङलाई अभियोग मागदाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी निज प्रतिवादीको हकमा सो सजाय चर्को पर्न सक्ने अवस्था देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० (दश) वर्ष कैद कायम हुने गरी व्यक्त गरेको रायलाई सदर गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५।४।२९ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्ने।

इजलास अधिकृत: नवराज कार्की

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल माघ २३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७६-RC-००१३, कर्तव्य ज्यान, नेपाल सरकार वि. श्रीकला श्रेष्ठ*

घटनाको बारेमा फोनमार्फत थाहा जानकारी पाई घटनास्थलमा पुग्दा नवजात शिशुको मृत लास बारी नजिकै झ्याङमा फालेको अवस्थामा पाइएको, उक्त शिशुलाई प्रतिवादी श्रीकला श्रेष्ठले जन्म दिई मृत्यु हुने अवस्थामा छाडेको र निजले सो कुरालाई स्वीकार गरेकी थिइन् भनी घटनाको बारेमा प्रतिवेदन दिने प्रहरी सहायक निरीक्षकले अदालतसमक्ष गरिदिएको बकपत्रले प्रतिवादीको साबिती बयानलाई पुष्टि तथा समर्थित गरेको।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १८ नं. मा "**जन्मेको जिउँदो बालक बालिका फाल्नेलाई चार वर्ष कैद गर्नुपर्छ। सो बालक बालिका मरेको भए ज्यानमारासरह सजाय गर्नुपर्छ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यी प्रतिवादी श्रीकला श्रेष्ठले आफ्ना पति वैदेशिक रोजगारको सिलसिलामा विदेशमा रहेको अवस्थामा गाउँकै चिनजानका परपुरूषसँग प्रेम सम्बन्ध रही शारीरिक सम्पर्कसमेत हुने गरेको तथ्यलाई स्वीकार गरेको पाइन्छ। परपुरूषसँगको शारीरिक सम्पर्कबाट गर्भमा बच्चा रहेपछि लोकलाजबाट बच्नका लागि साँझ बारीमा गई जिउँदो शिशुलाई जन्म दिएकी र सो शिशुलाई बेवारिस अवस्थामा बारीमा नै छाडी राति घरमा आएर सुती भोलिपल्ट झ्याङमा लगी फालेको कारण बच्चाको मृत्यु हुन गएको तथ्य निज प्रतिवादीको बयानका साथै मिसिल सामेल रहेका अन्य प्रमाणहरूबाट खुल्न आउँछ। यसरी नवजात शिशुलाई रातभरी बारीमा छाड्दा शिशुको मृत्यु हुन सक्छ भन्ने तथ्य प्रतिवादीलाई थाहा जानकारी हुँदाहुँदै पनि आफ्नो जिम्मेवारी पूरा नगरेको कारणबाट शिशुको मृत्यु हुन गएको तथ्य पुष्टि भएबाट निज प्रतिवादीले माथि प्रकरणमा उल्लिखित कानूनी व्यवस्थाबमोजिमको कसुर गरेको नै देखिन आयो। अतः प्रतिवादीको साबिती बयानका साथै मिसिल संलग्न अन्य प्रमाणहरूबाट प्रतिवादीले जिउँदो शिशुलाई जन्म दिई बेवारिसे अवस्थामा बारीमा छाडेको कारणबाट शिशुको मृत्यु हुन गएको देखिँदा

प्रतिवादी श्रीकला श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गरी सुरू पाल्पा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।११।१७ मा को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालत दुवै निकायसमक्षको बयानमा कसुर स्वीकार गरी न्यायिक प्रक्रियालाई सहयोग गरेको देखिन्छ । यी प्रतिवादी श्रीकला श्रेष्ठका श्रीमान् वैदेशिक रोजगारको सिलसिलामा विदेशमा रहेको अवस्थामा विष्णु श्रेष्ठसँग प्रेम सम्बन्ध बसी निजसँगको यौन सम्पर्कबाट प्रतिवादीको पेटमा गर्भ रही जीवित रूपमा बच्चा जन्मेको अवस्था मिसिलबाट देखिन्छ । प्रतिवादी श्रीकला श्रेष्ठलाई गर्भवती बनाई निज विष्णु श्रेष्ठ वैदेशिक रोजगारको लागि विदेश गएको तथ्य प्रतिवादीको बयानका साथै मिसिल सामेल रहेका अन्य प्रमाणबाट खुल्न आउँछ । प्रतिवादीले आफ्नो पेटमा गर्भ रहेपछि समयमै सोको जानकारी विष्णु श्रेष्ठलाई गराएको र निजले उक्त बच्चा फालिदेउ भने तापनि पैसा नपठाएको र सहयोगसमेत नगरेको कारण लोकलाजबाट बच्नका लागि प्रतिवादीले बारीमा गई बच्चा जन्माई त्यहीँ छाडी भोलिपल्ट झ्याङमा लगी फालेको तथ्यलाई यी प्रतिवादीको बयानका साथै जाहेरी बेहोरा, घटनाको सम्बन्धमा प्रतिवेदन दिने प्रतिवेदकको बकपत्रसमेतले पुष्टि गरेको देखियो। अतः प्रतिवादीले कसुर स्वीकार गरी न्यायिक प्रक्रियामा गरेको सहयोग, प्रतिवादीको श्रीमान् वैदेशिक रोजगारमा भई श्रीमान्सँग टाढा हुनु परेको परिस्थिति, प्रतिवादीको उमेर १९ वर्ष मात्र हुनु, लोकलाजबाट जोगिनका लागि कसुर गर्नुपर्नाको परिस्थितिलगायतका कुराहरूलाई विचार गरी प्रतिवादीलाई सजाय निर्धारण गर्नु नै न्यायोचित हुने।

लामो समयदेखि श्रीमान् वैदेशिक रोजगारमा गएको कारण श्रीमान्सँग टाढा हुनु परेको परिस्थिति, शारीरिक आवश्यकता पूरा हुन नसकेको अवस्था, प्रतिवादीको उमेर अवस्था, कसुर गर्दाको परिस्थिति, लोकलाजको भयसमेतले कसुर गर्नका लागि वातावरणीय परिस्थितिले बनाएको अनुकूलतासमेतलाई विचार गर्दा निज प्रतिवादी श्रीकला श्रेष्ठलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ४(चार) को सजाय निर्धारण गर्दा पनि ऐनको मनसाय पूरा हुने भई सजाय पर्याप्त हुने देखिएकोले निज प्रतिवादीलाई सुरू तथा उच्च अदालतले जाहेर गरेको रायमा परिवर्तन भई प्रतिवादी श्रीकला श्रेष्ठलाई ४(चार) वर्ष कैद ठहऱ्याउनु मनासिब हुने।

प्रतिवादी श्रीकला श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू पाल्पा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। तर प्रस्तुत मुद्दामा यी प्रतिवादी श्रीकला श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू पाल्पा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि "**मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन**" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "**कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ**" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने व्यवस्था नभएकोले प्रस्तुत मुद्दामा प्रतिवादी श्रीकला

श्रेष्ठलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने । साथै सर्वस्वको सजाय नहुने भएकोले निजको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल पौष २१ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७६-WH-०१९५, बन्दीप्रत्यक्षीकरण, ललितजंग बम वि. गृह मन्त्रालयसमेत*

बन्दी निवेदक मानबहादुर तिरूवालाई मिति २०७६।८।११ मा र अर्को निवेदक ललितजंग बमलाई मिति २०७६।८।१२ मा मुलुकी अपराध संहिता, २०७४ बमोजिम सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुरमा पक्राउ गरी सो मुद्दामा अनुसन्धानका लागि हिरासतमा राख्न म्याद थप गरिएको बेहोरा विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरले पेस गरेको लिखित जवाफ तथा सोसाथ संलग्न विभिन्न पत्रहरूको छायाँप्रतिबाट देखिन आउँछ । निवेदकहरूलाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ बमोजिमको कसुरमा अनुसन्धानका लागि पक्राउ गरी म्याद थप गरेको भनी महानगरीय प्रहरी परिसर जावलाखेल, ललितपुर र जिल्ला प्रशासन कार्यालय, ललितपुरको लिखित जवाफमा उल्लेख भए तापनि मिसिल संलग्न कागजातहरूबाट मुद्दा हेर्ने अधिकारीले मुद्दामा अनुसन्धानका लागि हिरासतमा राख्न आदेश दिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(९) बमोजिम कारणसहितको पर्चा खडा गर्नुपर्नेमा सो पर्चा खडा गरेको तथ्य मिसिलबाट देखिन आउँदैन । निज निवेदकहरूलाई थुनामा राख्नुपर्ने मनासिब कारणसहितको पर्चा खडा गर्नुपर्ने कानूनी प्रावधानको अवलम्बन नगरी अनुसन्धानको लागि हिरासतमा राखिएको काम कारबाहीबाट निवेदकहरूको नेपालको संविधानको धारा १६(१) र १७(१) द्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रताको हकबाट वञ्चित हुन गएको देखिने ।

निवेदकहरू मानबहादुर तिरूवा र ललितजंग बमलाई सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा सुविधा र नैतिकता विरूद्धको कसुरमा अनुसन्धानका लागि पक्राउ गरिएको भनिए तापनि जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट मुद्दा अनुसन्धानको लागि म्याद थप गर्दाको औचित्यता पुष्टि गर्ने आधार र कारण उल्लेख गरेको देखिएन । निवेदकहरू विद्यार्थी भएको देखिएको र निजहरूले फरक विचार र आस्था राखेकै आधारमा प्रवृत्त भावना लिई बिनाआधार र कारण विपक्षीहरूबाट निवेदकहरूलाई थुनामा राखेको देखिँदा निवेदकहरूको थुनालाई कानूनसम्मत मान्न नमिल्ने ।

निवेदकहरू मानबहादुर तिरूवा र ललितजंग बमलाई प्रवृत्त भावना राखी गैरकानूनी रूपमा थुनामा राखेको देखिएकाले नेपालको संविधानको धारा १३३(२) एवं सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम बन्दी निवेदकहरू मानबहादुर तिरूवा र ललितजंग बमलाई थुनाबाट मुक्त गरिदिनू भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्ने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७६ साल पौष २१ गते रोज २ शुभम् ।

## इजलास नं.१२

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-WH-०२१७, बन्दीप्रत्यक्षीकरण, संजय पोखरेल वि. उच्च अदालत पाटनसमेत

निवेदकका नाउँमा जारी भएको समाह्वान म्याद निजको घर दैलो मकवानपुर हेटौंडा न.पा.२ मा

टाँस गरिएको भन्ने तामेलदारको प्रतिवेदनसमेतका आधारमा उक्त म्यादलाई अन्यथा मान्न मिल्ने नदेखिने।

निवेदकको नाममा जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट जारी भएको नेपाली नागरिकतामा निजको वतन मकवानपुर हेटौंडा न.पा. वडा नं. २ उल्लेख भएको बेहोरा निजले निवेदनसाथ पेस गरी मिसिल संलग्न रहेको निजको नागरिकताको प्रतिलिपि, मिति २०७०।१।४ अंश बुझेको भरपाइमा समेत उल्लेख भएको र उक्त वतन अन्यथा हो भनी निवेदकले कुनै वस्तुनिष्ठ ठोस प्रमाण पेस गर्न सकेको देखिँदैन। निवेदकउपर पुनरावेदन अदालत पाटनमा मिति २०६९।८।१९ मा दायर भएको अभियोग पत्र र फैसलामा समेत निवेदकको वतन मकवानपुर हेटौंडा न.पा. वडा नं.२ नै उल्लेख भएको देखिँदा निजको सो वतन अन्यथा भएको रहेछ भन्न नमिल्ने।

निवेदकले आफ्ना नाममा जारी भएको सूचना म्यादसमेतको बेवास्ता गरी समयमा नै न्यायिक उपचार खोजेकोसमेत पाइँदैन भने मुद्दा परी अन्तिम भएपश्चात् मात्र अस्थायी रूपमा मिति २०६५ सालदेखि चितवन भरतपुर महानगरपालिका वडा नं. ७ मा बस्दै आएको बेहोराको सिफारिस गरिपाउँ भनी उक्त महानगरपालिकामा निवेदन दिई सोही आधारमा भरतपुर महानगरपालिकाको मिति २०७६।८।१८ को सिफारिस पेस गरी वतनका सम्बन्धमा उन्मुक्ति लिन खोजेको देखिए तापनि बसाइसराईको कुनै प्रमाणसमेत निवेदकले पेस गर्न नसकेको अवस्थामा उक्त सिफारिसको आधारमा नै निवेदकको वतन चितवन रहेको भनी मान्न नमिल्ने।

निवेदकले बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन जिकिर लिए तापनि निजलाई पुनरावेदन अदालत पाटनबाट बैंकिङ कसुर मुद्दामा जारी भएको समाह्वान म्यादमा हाजिर नभई भएको फैसलाअनुसार लागेको कैद जरिवाना तिर्न बुझाउन नसकी फैसला कार्यान्वयनको क्रममा कैदीपुर्जी दिई कैदमा राख्न पठाएको देखिँदा उक्त थुनालाई गैरकानूनी भन्न नमिल्ने।

निवेदकलाई बैंकिङ कसुर मुद्दामा अदालतबाट लागेको कैद जरिवाना असुलउपर गर्ने क्रममा फैसला कार्यान्वयनसमेतको दस्ताबाट पक्राउ गरी रीतपूर्वकको कैदी पुर्जी दिई कैदमा राख्न पठाएको देखिँदा रिट खारेज हुने।

इजलास अधिकृतः नारायण सापकोटा
कम्प्युटर : चन्द्रावती तिमल्सेना
इति संवत् २०७७ साल असार १० गते रोज ४ शुभम्।

**२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-CR-१३७१, अवैध हुण्डी कारोबार, नेपाल सरकार वि. विजयकुमार गुप्ता

विशेष सूचनाका आधारमा गरिएको खानतलासीबाट प्रतिवादी विजयकुमार गुप्ताको काठमाडौं महानगरपालिका वडा नं.१४ स्थित कुलेश्वरमा रहेको फलफुल थोक बजारमा रहेको सटर नं.३२ मा सञ्चालित चामुण्डा फ्रुट सेन्टरभित्र रहेको दराजबाट भारतीय रू.२०००।- दरका १०० थान गरी भारतीय रूपैयाँ २,००,०००।- र नेपाली रू.३१,४८,०००।- बरामद भएकोले अवैध हुण्डी कारोबारको कसुरमा निजलाई सजाय गरिपाउँ भन्ने प्रहरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। प्रतिवादीले अनुसन्धानको क्रममा तथा अदालतसमक्ष समेत दाबीको नेपाली रकम आफूले फलफूल कारोबारबाट कमाएको र भारतीय रकम भने भारतीय मालबाहक गाडीलाई भुक्तानी दिनका लागि ग्रहकहरूबाट प्राप्त रकम जम्मा गरी राखेको भनी हुण्डी कारोबारको कसुरमा इन्कार रही बयान गरेको पाइन्छ। प्रतिवादीले प्रचलित कानूनबमोजिम इजाजत लिई चामुण्डा फ्रुट सेन्टर सञ्चालन गरी नियमित रूपमा कर तिर्दै आएको तथ्य मिसिल संलग्न आ.व.०७२/०३ देखि आ.व.०७४/०७५ सम्मका पछिल्ला तीन आर्थिक वर्षको व्यावसायबाट भएको आयको गणना तथा कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिबाट देखिन आउँछ। घटनास्थल तथा

बरामदी मुचुल्काका सुविन्द्र शाहीसमेतका व्यक्तिहरूले बरामद भएको रकम के, कुन आरोपमा बरामद भएको हो, थाहा भएन खुद्रा व्यापारीबाट सङ्कलन भएको पैसा हो भनी एकै मिलानको बकपत्र गरेको देखिन्छ । यसबाहेक प्रतिवादीले साधिकार निकायबाट अनुमति नलिई विदेशी मुद्राको विनिमयसम्बन्धी कारोबार गर्ने गरेको कुरा अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । त्यसैगरी निजसँग भारतीय रूपैयाँ २,००,०००।– बाहेक अन्य विदेशी मुद्रा बरामद भएको देखिन आएन। यसरी यी प्रतिवादीले इजाजतपत्र नलिई विदेशीय विनिमयसम्बन्धी कारोबार गर्ने गरेको पुष्टि हुन सकेको नदेखिएबाट बरामद भएको नेपाली रूपैयाँ रू.३१,४८,०००।– विदेशी मुद्राको विनिमयबाट नै आर्जन गरेको भन्ने पुष्टि नहुने।

बरामदित भारतीय रू.२,००,०००।- सम्बन्धमा विचार गरौं। विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ३(ख) मा “यस ऐनमा व्यवस्था भएकोबाहेक अन्य व्यवस्था बैंकले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएबमोजिम हुने छ” भन्ने कानूनी व्यवस्था रहेको र सो कानूनी व्यवस्थाको अनुसार नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत परिपत्र १।२०७४ को दफा १.११.६ खण्ड (क)(१) सूचनामा “भारत सरकार तथा भारतीय रिजर्ब बैंकले ९ नोभेम्बर २०१६ सम्म चलनचल्तीमा रहेका भा.रू. ५०० र १,००० दरका नोटहरू चलनचल्तीबाट हटाएको हुँदा त्यस्ता भा.रू. ५०० र १,००० दरका नोटको कारोबार गर्न र हाल भारतमा चलनचल्तीमा रहेका नयाँ भा.रू.२००, ५०० र २००० दरका नोट साथमा राख्न, ओसार पसार गर्न र कारोबार गर्न पाइने छैन” भनी सूचना प्रकाशित गरी भा.रू.२,०००।- को नोट प्रतिबन्ध लगाएको देखिन्छ । यसरी उल्लिखित कानूनी व्यवस्थाविपरीत प्रतिबन्धित रू.२,०००।- दरका भा.रू.२,००,०००।- प्रतिवादीबाट बरामद भएकोमा बरामदित भा.रू. जफत हुने हदसम्म उच्च अदालत पाटनको फैसला मनासिब देखिन्छ । अतः प्रतिवादीउपरको हुण्डी कारोबारको कसुर प्रमाणित हुन नसकेको र प्रतिवादीले प्रतिबन्धित भारतीय रकम आफ्नो साथमा राखेको देखिँदा प्रतिवादीबाट बरामदित भारतीय रकम रू.२,००,०००।- सम्म जफत गरी निजलाई हुण्डी कारोबार गरेको भन्ने अभियोग दाबीबाट सफाइ दिएको उच्च अदालत पाटनको फैसला मनासिब देखिँदा प्रत्यर्थी झिकाई सो फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सफाइ हुनुपर्छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

बरामदित नेपाली रू. ३१,४८,०००।– प्रतिवादीले फलफूल व्यवसायबाट कमाएको तर बरामदित भारतीय रू.२,००,०००।- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ३(ख) अनुसार नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत परिपत्र १।२०७४ को दफा १.११.६ खण्ड (क)(१) बमोजिमको सूचनाविपरीत भएको देखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय एवं जरिवानासमेत हुने गरी भएको सुरू फैसला केही उल्टी गरी बरामदित भारतीय रकमसम्म जफत गरी प्रतिवादी विजयकुमार गुप्तालाई अभियोग दाबीबाट सफाइ हुने ठहर्‍याएको उच्च अदालत पाटनको मिति २०७६।०६।०६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः नारायण सापकोटा / विकाश कुमार रजक

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम्।